# विप्रेषण प्राप्त गर्ने घरपरिवारको बचत तथा लगानी प्रवृत्ति

नेपाल राष्ट्र बैंक
अनुसन्धान विभाग
असोज २०७३

# विषय-सूची


| | | पेज नं. |
|---|---|---|
| तालिकाहरूको सूची | | ii |
| चार्टहरूको सूची | | iii |
| प्राक्कथन | | iv |
| कार्यकारी सारांश | | vii |
| परिच्छेद १ | परिचय | १ |
| परिच्छेद २ | वैदेशिक रोजगारी र विप्रेषण आयको प्रवृत्ति, महत्व तथा उपयोगको अवस्था | ६ |
| परिच्छेद ३ | स्थलगत अध्ययनका परिणामहरू | १९ |
| परिच्छेद ४ | विप्रेषण आप्रवाह, बचत, लगानी तथा उपयोग प्रवृत्ति | ३७ |
| परिच्छेद ५ | सारांश तथा सुझाव | ४३ |
| सन्दर्भसूची | | ४९ |
| अनुसूचीहरू | | ५२ |

# तालिकाहरूको सूची


| | | पेज नं. |
|---|---|---|
| तालिका १.१ | छनौटमा परेका जिल्लाहरू | ३ |
| तालिका २.१ | वैदेशिक रोजगारमा गएका नेपाली कामदारको संख्या | १० |
| तालिका २.२ | वैदेशिक रोजगारका लागि अन्तिम श्रम स्वीकृति लिने कामदारहरूको संख्या | १३ |
| तालिका २.३ | दक्षता अनुसार कामदारको प्रकार | १४ |
| तालिका २.४ | डायसपोरा बोण्ड | १७ |
| तालिका ३.१ | वित्तीय जानकारी | २० |
| तालिका ३.२ | वैदेशिक रोजगारमा जाने माध्यम | २४ |
| तालिका ३.३ | बचत गर्ने स्थान | ३१ |
| तालिका ३.४ | व्यवसाय अनुरूप सरकारी तबरबाट प्रदान गर्नुपर्ने सुविधा | ३३ |
| तालिका ३.५ | कर्जाको स्रोत अनुसार कर्जा रकम तथा ब्याजदर | ३४ |
| तालिका ३.६ | सुरक्षण पत्र तथा पुँजी बजारमा लगानी सम्बन्धी जानकारी | ३६ |

# चार्टहरूको सूची


| | | पेज नं. |
|---|---|---|
| चार्ट २.१ | विश्वको विप्रेषण आप्रवाह | ८ |
| चार्ट २.२ | वैदेशिक रोजगारीमा गएका कामदारको संख्या | १० |
| चार्ट २.३ | नेपालमा विप्रेषणको आप्रवाह | ११ |
| चार्ट २.४ | गार्हस्थ्य बचत तथा राष्ट्रिय बचत र विप्रेषण आप्रवाहको कुल गार्हस्थ्य उत्पादनसँगको तुलना | ११ |
| चार्ट ३.१ | आम्दानीको मुख्य स्रोत | १९ |
| चार्ट ३.२ | लिङ्ग अनुसार बैंक खाताको अवस्था | २१ |
| चार्ट ३.३ | वीमा सम्बन्धी जानकारी | २१ |
| चार्ट ३.४ | रोजगारीमा गएका व्यक्ति | २२ |
| चार्ट ३.५ | शैक्षिक स्थिति | २२ |
| चार्ट ३.६ | देशगत रूपमा तालिम | २३ |
| चार्ट ३.७ | रोजगारीमा गएका कामदार र कामको प्रकृति | २३ |
| चार्ट ३.८ | सम्झौता अनुरूप काम | २५ |
| चार्ट ३.९ | औसत लागत तथा वार्षिक आय | २५ |
| चार्ट ३.१० | रोजगारीमा जान लाग्ने खर्च व्यवस्था | २६ |
| चार्ट ३.११ | वार्षिक विप्रेषण आप्रवाह | २७ |
| चार्ट ३.१२ | विप्रेषण आप्रवाहको माध्यम | २७ |
| चार्ट ३.१३ | पैसा पठाउने माध्यम | २७ |
| चार्ट ३.१४ | विप्रेषण बाहेकको आम्दानीले धान्ने घर खर्च | २९ |
| चार्ट ३.१५ | विप्रेषण आयको उपयोग | ३० |
| चार्ट ३.१६ | बचतको प्रयोजन | ३२ |
| चार्ट ३.१७ | लगानी गर्ने योजना | ३२ |
| चार्ट ३.१८ | कर्जा स्रोत तथा ऋणी | ३४ |
| चार्ट ३.१९ | ऋणी घरपरिवार तथा कर्जाको उपयोग | ३५ |
| चार्ट ३.२० | घरपरिवारले प्रदान गरेको कर्जाको ब्याजदर | ३५ |

# प्राक्कथन

१. एक देशबाट रोजगारीका लागि अर्को देशमा जाने प्रचलन धेरै समय अघिदेखि रहँदै आएको हो । विकसित देशहरूमा रोजगारीका अवसर तथा श्रमको मूल्य तुलनात्मक रूपमा उच्च हुने भएकाले त्यसतर्फ कम विकसित मुलुकका मानिसहरू रोजगारीका लागि जाने प्रवृत्ति बढ्दै गएको छ । फलस्वरूप विकासोन्मुख मुलुकहरूको विप्रेषण आय उल्लेख्य रूपमा वृद्धि हुँदै गएको छ ।

२. वि.सं. २०६० को सुरुदेखि कामको खोजीमा विदेश जाने नेपालीको संख्या र उनीहरूले पठाउने गरेको विप्रेषण रकममा उल्लेख्य वृद्धि भइरहेको सन्दर्भमा विप्रेषण प्राप्त गर्ने घरपरिवारको बचत तथा लगानी प्रवृत्तिलाई केन्द्रित गरी १६ जिल्लाका ३२० घरपरिवारलाई समेटी यो स्थलगत सर्वेक्षण अध्ययन सम्पन्न गरिएको छ । यस अध्ययनले उजागर गरेका नतिजाहरू नीतिनिर्माता, विश्लेषक, शोधकर्ता तथा सरोकारवाला सबैको लागि पथप्रदर्शक हुने मैले ठानेको छु ।

३. यस अध्ययनले प्रकाश पारेको पहिलो तथा महत्वपूर्ण नतिजा नीतिगत तथा संस्थागत व्यवस्थाजस्ता संरचनागत सुधारले नेपालको वैदेशिक रोजगारीको विकासमा खेलेको भूमिका हो । उदाहरणको लागि वि.सं. २०४२ मा वैदेशिक रोजगार ऐन जारी भए पश्चात् नेपालमा वैदेशिक रोजगारी सम्बन्धी नीतिगत तथा संस्थागत प्रयास थालनी भएको देखिन्छ । वैदेशिक रोजगारीको महत्वलाई आत्मसात् गरी आठौं योजना (२०४९-५४) देखि वैदेशिक रोजगारीका लागि गन्तव्य मुलुकहरूको खोजी गर्ने प्रक्रियालाई महत्व दिन थालिएको हो । वि.सं. २०५४ फागुन १ गतेदेखि सर्वसाधारण नेपालीलाई जिल्ला प्रशासन कार्यालयबाट पनि राहदानी बनाउने सुविधा सुरु गरे पश्चात् ग्रामीण क्षेत्रका नेपाली समेत वैदेशिक रोजगारमा जाने क्रम तीव्र बन्यो । यसै क्रममा वि.सं. २०५६ मा राष्ट्रिय श्रम नीति, वि.सं. २०६४ मा वैदेशिक रोजगार ऐनमा संशोधन र २०६५ मा वैदेशिक रोजगार विभागको स्थापना जस्ता संरचनागत सुधारले वैदेशिक रोजगारमा जान नेपालीलाई थप सहजीकरण गऱ्यो । नेपालले मुलुकबाहिर कामको खोजीमा जानको लागि ११० मुलुकहरू खुल्ला गरेको छ भने हाल ७५२ मेनपावर कम्पनीहरूले इजाजत लिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरिरहेका छन् ।

४. वैदेशिक रोजगारीले नेपालमा बेरोजगारी दर घटाउन र नेपाली समाजको लागि सेफ्टी भल्बको भूमिका खेलेको तथ्य प्रकाशमा ल्याउनु यस अध्ययनको दोस्रो महत्वपूर्ण नतिजा रहेको छ । उदाहरणका लागि उपर्युक्त संस्थागत व्यवस्थाका कारण आ.व. २०५०/५१ देखि आ.व. २०७१/७२ सम्ममा ३९ लाख ५९ हजार नेपाली रोजगारीका लागि मुलुकबाहिर जान सम्भव भएको छ । आ.व. २०७२/७३ सम्ममा रोजगारीका लागि मुलुकबाहिर जाने नेपालीको संख्या ४३ लाख ७८ हजार पुगेको छ । परिणाम स्वरूप आ.व. २०५०/५१ मा विप्रेषण आप्रवाह रु. २ अर्ब १५ करोड रहेकोमा आ.व. २०७१/७२ मा रु. ६ खर्ब १७ अर्ब रह्यो जसको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २९.१ प्रतिशत हुन आउँछ। आ.व. २०७२/७३ मा विप्रेषण आप्रवाह वृद्धि भई रु. ६ खर्ब ६५ अर्ब पुगेको छ भने कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २९.६ प्रतिशत पुगेको छ ।

५. अध्ययनले देखाएको तेस्रो महत्वपूर्ण नतिजा भनेको विप्रेषण सम्बन्धमा विश्वसँग नेपालको सापेक्षित स्थान हो । विप्रेषण रकमको हिसाबले विश्वमा नेपाल २३ औं स्थानमा छ । आ.व. २०५०/५१ देखि आ.व. २०७२/७३ सम्म कामको खोजीमा मुलुकबाहिर गएका ४३ लाख ७८ हजार कामदार संख्याको नेपालको कुल जनसङ्ख्यासँगको अनुपात करिब १५.४ प्रतिशत हुन आउँछ । कुल गार्हस्थ्य उत्पादनसँग विप्रेषण आप्रवाहको अनुपातको हिसाबले नेपाल विश्वमा तेस्रो स्थानमा छ ।

६. चौथो महत्वपूर्ण नतिजा विदेशमा काम गर्ने नेपालीले पठाउने गरेको वार्षिक औसत विप्रेषण रकम हो, जुन यस अध्ययनले रु. ५ लाख ३२ हजार रहेको देखाएको छ । उक्त रकमलाई मासिक रूपमा प्रस्तुत गर्दा रु. ४४ हजार ३३३ हुन आउँछ, जुन औसत नेपालीको लागि आकर्षक रकम हो ।

७. पाँचौं, यस अध्ययनले मेनपावर कम्पनीहरूबाट खाडी मुलुक तथा मलेसियामा वैदेशिक रोजगारमा गएका बहुसङ्ख्यकले औपचारिक माध्यमबाट तर भारत, कोरिया लगायत विकसित मुलुकमा गएकाहरूले अनौपचारिक माध्यमबाट रकम पठाउने गरेको देखाएको छ। यस अध्ययनले ९०.९ प्रतिशत विप्रेषण रेमिट कम्पनी लगायत बैंक तथा वित्तीय संस्थाबाट र ५.९ प्रतिशत हुण्डी मार्फत् नेपाल भित्रिने देखाएको छ।

८. छैटौं, अध्ययनले वैदेशिक रोजगारका गन्तव्य मुलुकहरू मध्ये खाडी मुलुकहरूमा ५६.९ प्रतिशत, मलेसियामा २६.६ प्रतिशत, विकसित मुलुकतर्फ ८.१ प्रतिशत र भारतमा ४.४ प्रतिशत नेपालीहरू कामको खोजीमा जाने गरेको देखाएको छ।

९. सातौं, स्थलगत सर्वेक्षणमा समेटिएका मध्ये ८०.८ प्रतिशत घरपरिवारको विप्रेषण बाहेक आयको अन्य स्रोतबाट खर्च धान्न नपुग्ने र १८.८ प्रतिशत घरपरिवारले उपभोग खर्चको लागि विप्रेषण आयमा पूर्ण रूपमा भर पर्नुपर्ने देखिएको छ। विप्रेषणबाट प्राप्त आम्दानीका कारण नेपालमा गरिबीको रेखामुनि रहेको जनसङ्ख्याको अनुपात क्रमशः घट्दै गएको छ। मुलुकको विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत हाल विप्रेषण रहेको छ । साथै, नेपालमा शिक्षा-स्वास्थ्यजस्ता सामाजिक क्षेत्रमा सुधार आउनुको प्रमुख कारण पनि विप्रेषण आय नै देखिएको छ ।

१०. आठौं, वैदेशिक रोजगारीमा गएका १८.८ प्रतिशत घरपरिवारको आम्दानी विप्रेषण मात्र रहेको सन्दर्भमा गन्तव्य मुलुकको रोजगारीमा कुनै व्यवधान आएमा ती घरपरिवारको गरिबीको दर पनि बढ्ने देखिन्छ । यस किसिमको जोखिमलाई नेपालले नीति निर्माण मार्फत बेलैमा सम्बोधन गर्नु आवश्यक छ ।

११. नवौं, विप्रेषण आयको प्रयोग ऋण तिर्न २५.३ प्रतिशत, दैनिक उपयोगको लागि २३.९ प्रतिशत, शिक्षा, स्वास्थ्यमा ९.७ प्रतिशत, सामाजिक कार्यको लागि ३ प्रतिशत, उत्पादनमूलक कार्यहरुमा १.१ प्रतिशत र बचत कार्यको लागि २८ प्रतिशत हुने अध्ययनले देखाएको छ। आ.व. २०५०/५१ मा कुल राष्ट्रिय बचत कुल गार्हस्थ्य बचत अनुपात १४.६ प्रतिशत भन्दा अलिकति माथि १६.८ प्रतिशत रहेकोमा आ.व. २०७२/७३ मा कुल राष्ट्रिय बचत कुल गार्हस्थ्य बचत अनुपात ५.३ प्रतिशत भन्दा उल्लेख्य ४२.९ प्रतिशत रहनुमा विप्रेषण आप्रवाहको प्रमुख भूमिका रहेको देखिन्छ ।

१२. दशौं, वैदेशिक रोजगारीका लागि जाने घरपरिवार मध्ये ६४.१ प्रतिशत घरमुलीको र ३६.६ प्रतिशत वैदेशिक रोजगारीमा जाने व्यक्तिको बैंक खाता रहेको देखिन्छ। यस तथ्याङ्कबाट वैदेशिक रोजगारीका लागि गएका व्यक्तिहरु मध्ये करिब दुई तिहाई बैंकिङ्ग सञ्जालमा नसमेटिएको देखिन्छ। वैदेशिक रोजगारीमा जाने व्यक्ति वा उसको परिवारको कुनै एक व्यक्तिको नाममा बैंक खाता खोलेको हुनुपर्ने प्रावधान वा केही प्रोत्साहनको व्यवस्था मात्र गर्न सकिए वित्तीय समावेशीकरणलाई अझ विस्तार गर्न सकिने देखिन्छ ।

१३. एघारौं, वैदेशिक रोजगारीको लागि लाग्ने खर्चको स्रोत मध्ये साहु-महाजन/व्यापारीबाट ५२.१ प्रतिशत र बैंक तथा वित्तीय संस्थाबाट ६.३ प्रतिशत रहेको देखिएको सन्दर्भमा वित्तीय पहुँच अभिवृद्धिका लागि अझै अनुकूल नीतिगत व्यवस्था गर्नु आवश्यक देखिएको छ ।

१४. बाह्रौं, विप्रेषण आय प्राप्त गर्ने घरपरिवारले कामभन्दा फुर्सद रोज्ने गरेको देखिएकोले विप्रेषण आप्रवाहले कुल गार्हस्थ्य उत्पादन अभिवृद्धिमा प्रतिकूल प्रभाव पारेको देखिन्छ । यो प्रवृत्ति रोक्न र घरपरिवारका सदस्यलाई आय आर्जन गतिविधिमा संलग्न गराई विप्रेषण आप्रवाहलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरण बनाउनु पर्ने आवश्यकता देखिन्छ । यसो हुन सके दीर्घकालीन गरिबी न्यूनीकरण गर्न मद्दत मिल्ने र राष्ट्रिय उत्पादन अभिवृद्धिमा यस्ता परिवारको समेत योगदान पुग्ने देखिन्छ ।

१५. विप्रेषण रकम उत्पादनशील क्षेत्रमा उपयोग गर्ने उद्देश्यले आ.व. २०६६/६७ देखि नेपाल सरकारले वैदेशिक रोजगार बचतपत्र जारी गर्न थालेको भए पनि सोप्रति वैदेशिक रोजगारीमा जानेको आकर्षण न्यून रहेको देखिन्छ । यसरी उठाइएको रकम नेपाल सरकारले जलविद्युत् लगायत कुनै विशेष क्षेत्रमा लगानी गर्ने उद्देश्य राखी परिचालन गरेमा वैदेशिक रोजगारीमा जानेहरूले पनि गर्व गर्ने र उनीहरुको सेयर सहभागिताका कारण आय आर्जन अभिवृद्धि हुन सक्ने भएकाले आगामी दिनमा नेपाल सरकारले खास परियोजनामा लगानी गर्ने उद्देश्य राखी वैदेशिक रोजगार बचतपत्र जारी गर्ने नीतिगत व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

१६. अन्त्यमा, अध्ययन कार्य सफलताका साथ सम्पन्न गरी यो स्वरूपमा ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने यस विभागका निर्देशक श्री प्रदीपराज पौड्याल, उप-निर्देशकद्वय श्री उद्धवलाल रञ्जितकार एवम् डा. रामशरण खरेल तथा सहायक निर्देशकहरू श्री आशबहादुर थापा, श्री मनोजकुमार के.सी र श्री मेदनी प्रसाद पोखेल तथा भाषा सम्पादन गर्नुहुने सहायक निर्देशक श्री भागवत आचार्यलाई धन्यवाद ज्ञापन गर्दछु ।

नर बहादुर थापा
कार्यकारी निर्देशक
अनुसन्धान विभाग

# कार्यकारी सारांश

१. सन् १९८० को दशकदेखि आर्थिक उदारीकरण तथा विश्वव्यापीकरणको प्रभावले गर्दा विकासोन्मुख मुलुकहरूबाट विकसित मुलुकहरूमा रोजगारीको लागि जाने श्रमशक्तिमा उच्च वृद्धि हुँदै गएको र ती मुलुकहरूमा विप्रेषण आप्रवाह पनि उल्लेख्य वृद्धि हुँदै आएको छ। नेपालमा विगत दुई दशकयता वैदेशिक रोजगारीको सिलसिलामा खासगरी मलेसिया र खाडी मुलुकहरूमा जाने क्रम तीव्र रहेको छ। फलस्वरूप वैदेशिक रोजगारीमा गएका कामदारहरूले पठाउने विप्रेषण आयमा सोही अनुसार वृद्धि भई हाल विप्रेषण रकम नेपाली घरपरिवारको आम्दानीको एक प्रमुख स्रोतको रूपमा स्थापित भएको छ।

२. विप्रेषण आयले अर्थतन्त्रमा पार्ने असर यसको उपयोग प्रवृत्तिमा निर्भर रहन्छ। विप्रेषण आय उपभोगमा खर्च हुने तर आन्तरिक उत्पादन नबढ्ने अवस्थामा आयात बढ्न गई व्यापार घाटामा चाप पर्न जान्छ भने यस्तो आय लगानीमा परिणत हुँदा उत्पादन र रोजगारीमा सकारात्मक प्रभाव पर्ने गर्दछ। नेपालमा विप्रेषण आयको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात उच्च रहेको परिप्रेक्ष्यमा यो अध्ययन विप्रेषण प्राप्त गर्ने घरपरिवारको समग्र आय र व्यय संरचनाको विश्लेषण गर्दै सोको उपयोग, खासगरी उपभोग तथा बचतलाई प्रभाव पार्ने कारकहरूको पहिचान तथा विश्लेषणमा केन्द्रित रहेको छ। प्रस्तुत अध्ययन नेपालका विभिन्न १६ जिल्लाहरूका विप्रेषण प्राप्त गर्ने ३२० घरपरिवारको स्थलगत सर्वेक्षणमा आधारित रहेको छ। सङ्ख्यात्मक विश्लेषण र विवरणात्मक समीक्षा दुबै विधिहरूको उपयोग गरी यो अध्ययन सम्पन्न गरिएको छ।

## विप्रेषण आय प्राप्त गर्ने घरपरिवारको आर्थिक तथा सामाजिक स्थिति

३. अध्ययनमा छनौट भएका ३२० घरपरिवारहरू मध्ये ४४.७ प्रतिशतको आम्दानीको मुख्य स्रोत कृषि तथा ३८.४ प्रतिशतको वैदेशिक रोजगारी देखिएको छ। बाँकी घरपरिवारहरूको आम्दानीको मुख्य स्रोत व्यापार र अन्य क्षेत्र रहेको छ।

४. अध्ययनमा समेटिएका ३२० घरपरिवारहरू मध्ये ६४.१ प्रतिशत घरमुलीको कम्तीमा एक वित्तीय संस्थामा निक्षेप खाता रहेको छ। वैदेशिक रोजगारमा गएका व्यक्तिहरू मध्ये ३६.६ प्रतिशतको मात्र बैंक खाता रहेको पाइएको छ। यसबाट विप्रेषण प्राप्त गर्ने करिब एक तिहाइ घरपरिवारहरू वित्तीय पहुँच बाहिर रहेको देखिएको छ।

५. अध्ययनले ग्रामीण क्षेत्रमा बसोवास गर्ने घरमुली भन्दा सहर तथा सहरोन्मुख क्षेत्रमा बसोवास गर्ने घरमुलीहरूको बैंकिङ सेवामा बढी पहुँच रहेको देखाएको छ। बैंक तथा वित्तीय संस्थाको उपस्थितिले भन्दा व्यक्तिको शैक्षिक स्तरले वित्तीय सेवाको उपयोगमा तुलनात्मक रूपमा बढी प्रभाव पारेको देखिएको छ।

६. वैदेशिक रोजगारीमा गएका मध्ये ७३.१ प्रतिशत मेनपावर कम्पनीको माध्यमबाट, १६.६ प्रतिशत आफन्त तथा साथीभाईका माध्यमबाट एवम् १०.३ प्रतिशत अन्य माध्यमबाट जाने गरेको देखिन्छ। यसरी रोजगारीमा गएका मध्ये ३३.५ प्रतिशत अदक्ष श्रमिकको रूपमा, १३.६ प्रतिशत सुरक्षा गार्ड, २.३ प्रतिशत कृषि मजदुर, १.५ प्रतिशत घरेलु कामदारको रूपमा र बाँकी अन्य पेसा तथा क्षेत्रमा कार्यरत रहेको देखिन्छ। वैदेशिक रोजगारीमा गएका व्यक्तिहरू मध्ये ४४.१ प्रतिशतको शैक्षिक योग्यता एस.एल.सी. भन्दा कम रहेको छ भने २.८ प्रतिशत निरक्षर रहेका छन्।

७. अध्ययनमा समेटिएका कुल ३२० घरपरिवारहरू मध्ये ५२.१ प्रतिशत घरपरिवारका सदस्यको वैदेशिक रोजगारीमा जाँदा लाग्ने खर्चको स्रोत साहुमहाजन/व्यापारी देखिएको छ भने ६.३ प्रतिशतले मात्र बैंक तथा वित्तीय संस्थाबाट कर्जा उपयोग गरेको देखिएको छ। बाँकी परिवारका सदस्यहरूले घरपरिवारको बचत लगायत अन्य अनौपचारिक स्रोतबाट खर्च जुटाएको देखिएको छ।

८. वैदेशिक रोजगारीमा गएका कामदारहरूले वर्षमा औसत ६.२ पटक गरी वार्षिक औसत रु ५ लाख ३२ हजार घरपरिवारमा पठाउने गरेको पाइएको छ। विप्रेषण पठाउँदाको लागत कुल विप्रेषण आप्रवाहको १.७ प्रतिशतको हाराहारीमा रहेको देखिएको छ।

९. वैदेशिक रोजगारीमा गएका कामदारहरू मध्ये ९०.९ प्रतिशतले बैंक तथा वित्तीय संस्था एवम् रेमिट एजेन्सी जस्ता औपचारिक माध्यमबाट पैसा पठाउने गरेका छन् भने ५.९ प्रतिशतले हुन्डी मार्फत र १.० प्रतिशतले साथीभाई तथा आफन्तहरू मार्फत घरपरिवारलाई रकम पठाउने गरेका छन्। यस बाहेक २.२ प्रतिशतले भने औपचारिक तथा अनौपचारिक दुबै माध्यमको उपयोग गरेको देखिएको छ।

१०. अध्ययनमा समेटिएका घरपरिवारहरू मध्ये १८.८ प्रतिशतको घर-खर्चको स्रोत विप्रेषण आय मात्र रहेको छ भने बाँकी ८१.२ प्रतिशतले घरायसी खर्चको लागि विप्रेषण आयको अतिरिक्त अन्य घरायसी स्रोतहरू समेत उपयोग गरेका छन्।

११. अध्ययनले विप्रेषण आयको २५.३ प्रतिशत अंश ऋण तिर्नको लागि प्रयोग भएको देखाएको छ भने २३.९ प्रतिशत खाद्यान्न तथा लत्ताकपडा लगायतका दैनिक उपभोग्य वस्तुमा, ९.७ प्रतिशत शिक्षा तथा स्वास्थ्यमा, ३.५ प्रतिशत विवाह, व्रतबन्ध लगायतका सामाजिक कार्यमा र ३.० प्रतिशत घरायसी सम्पत्तिको खरिदमा प्रयोग भएको देखाएको छ। विप्रेषण रकमको २८.० प्रतिशत भने बचत र १.१ प्रतिशत उत्पादनमूलक क्षेत्रमा लगानी भएको देखिएको छ।

## विप्रेषण आयको बचत तथा लगानी

१२. अध्ययनमा समेटिएका विप्रेषण प्राप्त गर्ने घरपरिवार मध्ये ६६.६ प्रतिशतले विप्रेषण आय कुनै न कुनै रूपमा बचत गर्ने गरेका छन् भने ३३.४ प्रतिशत घरपरिवारले उपभोग तथा ऋण तिर्नको लागि प्रयोग गरेको पाइएको छ।

१३. विप्रेषण आयको बचत गर्ने घरपरिवारहरू मध्ये ६४.५ प्रतिशतले बैंक तथा वित्तीय संस्थामा, १७.३ प्रतिशतले आफैंसँग र ८.९ प्रतिशतले सहकारी संस्थाहरूमा बचत गरेका छन्। सहरी क्षेत्रमा बैंक तथा वित्तीय संस्थामा बचत गर्ने घरपरिवारको अनुपात ग्रामीण क्षेत्रमा भन्दा तुलनात्मक रूपमा बढी रहेको छ।

१४. विप्रेषणबाट प्राप्त रकम बचत गर्ने घरपरिवारहरू मध्ये ४८.८ प्रतिशतको बचत गर्नुको मुख्य उद्देश्य घरजग्गा खरिद गर्नु रहेको छ भने ३६.६ प्रतिशतको बचत गर्नुको उद्देश्य घर मर्मत देखिएको छ। यसबाहेक ३४.३ प्रतिशतको बचत गर्नुको उद्देश्य बालबालिकाको शिक्षा तथा स्वास्थ्य रहेको छ भने १२.२ प्रतिशतले बचत गर्नुको उद्देश्य दैनिक उपभोग र सामाजिक कार्य रहेको उल्लेख गरेका छन्। यसै गरी ऋण लगानी गर्नको लागि १५.० प्रतिशतले र व्यापार/व्यवसाय सञ्चालन गर्ने उद्देश्यले ८.४ प्रतिशतले विप्रेषण आयको बचत गरेको पाइएको छ।

१५. सर्वेक्षणमा छानिएका कुल घरपरिवार मध्ये ५२.८ प्रतिशतले कर्जा उपयोग गरेको पाइएको छ। कर्जा उपभोग गर्ने घरपरिवार मध्ये ३७.३ प्रतिशतले बैक तथा वित्तीय संस्थाबाट, ३२.० प्रतिशतले आफन्तबाट, ३०.८ प्रतिशतले साहुमहाजन तथा व्यापारीबाट, ११.२ प्रतिशतले बचत समूहबाट, ४.१ प्रतिशतले साथीभाईबाट र ५.३ प्रतिशतले अन्य स्रोतबाट कर्जा उपयोग गरेको पाइएको छ।

१६. कर्जा उपयोग गर्ने घरपरिवार मध्ये ३२.५ प्रतिशतले घर बनाउन/खरिद गर्न, २०.५ प्रतिशतले पुरानो ऋण तिर्न तथा घरायसी प्रयोजनको लागि, १८.७ प्रतिशतले वैदेशिक रोजगारमा जानको लागि, ७.८ प्रतिशतले जग्गा खरिद गर्न कर्जा लिएको देखिएको छ। त्यसैगरी, सामाजिक कार्यको लागि ७.२ प्रतिशतले

तथा व्यापारको लागि ६.६ प्रतिशतले कर्जा लिएका छन् । यस बाहेक ६.६ प्रतिशतले मात्र व्यावसायिक कृषि तथा पशुपालन प्रयोजनको लागि कर्जा उपभोग गरेको देखिन्छ ।

१७. वैदेशिक रोजगारमा गएका घरपरिवारका सदस्यहरू मध्ये ९९.४ प्रतिशतले हालसम्म वैदेशिक रोजगार बचतपत्रमा लगानी गरेको देखिएको छैन । यस्तो बचतपत्र सम्बन्धी जानकारी नभएर लगानी नगर्नेको अंश ७३.४ प्रतिशत रहेको छ भने बचत रकम नभएर/न्यून रहेकोले लगानी गर्न नसक्नेको अंश २५.० प्रतिशत रहेको छ ।

१८. स्थलगत सर्वेक्षणबाट प्राप्त विवरणको संख्यात्मक विश्लेषण अनुसार, रोजगारीमा गएको व्यक्तिको शिक्षाको स्तर र विप्रेषण आप्रवाहमा सकारात्मक सम्बन्ध देखिएको छ । खासगरी, औपचारिक शिक्षा हासिल नगरेका व्यक्तिहरूको तुलनामा औपचारिक शिक्षा हासिल गरेका व्यक्तिहरूको विप्रेषण आप्रवाह उच्च देखिएको छ । शिक्षित व्यक्तिहरू भविष्यप्रति बढी संवेदनशील हुने तथा गन्तव्य मुलुकमा समेत तुलनात्मक रूपमा राम्रो प्रकृतिको काम तथा तलब पाउन सक्ने सम्भावना रहेकाले पनि यस्ता व्यक्तिहरूको विप्रेषण आय उच्च रहेको हो ।

१९. बैंक खाता खोलेर वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको तुलनामा बैंक खाता नभएका व्यक्तिहरूको विप्रेषण आय न्यून देखिएको छ । साथै, घरमुलीको बैंक खाता भएमा यस्ता परिवारले बढी रकम बचत गर्ने देखिएको छ ।

२०. त्यसैगरी, रोजगारीमा गएका व्यक्तिको वैवाहिक स्थिति, घरपरिवार संख्या, वर्तमानमा घरपरिवारको ऋण भारको अवस्था र विप्रेषण बाहेक परिवारको आम्दानीको स्रोतले समेत विप्रेषण आयलाई असर पार्ने देखिएको छ ।

## सुझाव

२१. पछिल्ला वर्षहरूमा एकातिर उच्च शिक्षा हासिल गरेका तथा व्यावसायिक सीप एवम् तालिम लिएका व्यक्तिहरू समेत रोजगारीमा जाने प्रवृत्तिको विकास हुँदै गएको छ भने अर्कोतर्फ विप्रेषण आय प्राप्त गर्ने घरपरिवारहरूले काम भन्दा फुर्सदलाई छान्ने (More leisure than work) प्रवृत्ति देखिएको छ । यस्तो प्रवृत्तिको निरन्तरताले श्रमिक निर्यात गर्ने देशको आर्थिक विकासमा नकारात्मक असर पर्ने सम्भावना रहन्छ । तसर्थ, वैदेशिक रोजगारीमा रहेका घरपरिवारका सदस्यहरूलाई आय आर्जनका गतिविधिमा संलग्न गराउने तथा वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरूलाई समेत सीप तथा दक्षता प्रदान गरी विप्रेषणको उपयोग स्वदेशमा गर्ने नीति अवलम्बन गर्नु आवश्यक देखिएको छ ।

२२. भारतबाट अनौपचारिक माध्यमबाट प्राप्त हुने विप्रेषणलाई व्यवस्थित गर्न त्यहाँ काम गर्न जाने नेपाली कामदारहरुलाई विप्रेषण आय पठाउने औपचारिक माध्यमका बारेमा भन्सार विन्दुहरुमानै सूचनामूलक जानकारी गराउने एवम् नेपाली विप्रेषण कम्पनीहरूको भारतमा शाखा खोल्ने व्यवस्था गर्न आवश्यक कदम चाल्नु पर्ने देखिन्छ । त्यसैगरी, कोरिया लगायतका कतिपय मुलुकबाट नेपालमा पैसा पठाउन मूलतः हुण्डी प्रयोग हुँदै आएको सन्दर्भमा रेमिट कम्पनीहरूलाई ती देशहरूमा शाखा विस्तार गर्न प्रोत्साहन गर्नुपर्ने देखिएको छ ।

२३. वैदेशिक रोजगारीमा रहेका धेरै जसो व्यक्तिहरूलाई वैदेशिक रोजगार बचतपत्रको जानकारी नभएको कारण यसतर्फ लगानी आकर्षित नभएकोले सो बचत पत्रको व्यापक प्रचार-प्रसार गर्नु पर्ने आवश्यकता देखिएको छ । यसको लागि रेमिट्यान्स कम्पनी, वैदेशिक रोजगार विभाग, मेनपावर कम्पनी र काठमाडौं स्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा श्रम डेस्क मार्फत वैदेशिक रोजगार बचत पत्र, लगानी गर्ने विधि तथा लगानी बापत प्राप्त हुने ब्याजदर लगायतको जानकारी गराउने पुस्तिका तयार गरी व्यापक प्रचार प्रसार गर्नु आवश्यक देखिएको छ ।

२४. विप्रेषण आयलाई औपचारिक माध्यमबाट भित्र्याउन थप प्रोत्साहन गर्न बैंक तथा वित्तीय संस्थाहरूको उपकरणहरूमा विविधीकरण गर्नु आवश्यक देखिएको छ । जस्तै रोजगारीमा गएको व्यक्तिले बैंक खाताको माध्यमबाट एक निश्चित अवधिसम्म रकम पठाएमा रोजगारीबाट फर्के पश्चात व्यवसाय गर्न चाहेमा कर्जामा सहजीकरण गर्ने नीति अवलम्बन गर्न सकिन्छ । यस्तो नीतिको जानकारी रोजगारीमा जानु अघि प्रदान गरिने तालिम प्याकेजमा उल्लेख हुनु आवश्यक छ । यसले विप्रेषण आयलाई औपचारिक माध्यमबाट भित्र्याउन सहयोग गरी हुण्डी लगायतका अनौपचारिक माध्यमहरूको प्रयोगमा कमी आउनुको साथै रोजगारबाट फर्केका युवा जनशक्ति स्वदेश भित्रै स्वरोजगार हुन प्रोत्साहित गर्ने देखिन्छ ।

२५. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको लागि रोजगारीमा जानु अघि न्यूनतम तालिम लिनु पर्ने व्यवस्था भए पनि सोको प्रभावकारी कार्यान्वयन हुन नसकेकाले यस सम्बन्धी अल्पकालीन र दीर्घकालीन रणनीतिको आवश्यकता देखिएको छ । खासगरी, अल्पकालमा व्यावसायिक सीप तथा तालिम प्रदान गर्ने संस्थाहरूको स्थापना तथा शाखा विस्तारमा जोड दिई सम्पूर्ण सरोकारवाला निकायहरूबीच समन्वय र मध्यकाल तथा दीर्घकालमा मानव संशाधन योजना तयार गरी गन्तव्य मुलुकहरूलाई आवश्यक जनशक्तिको अनुमानका आधारमा वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरूलाई सोही अनुरूप तालिम प्रदान गर्नुपर्ने देखिन्छ । यसको लागि गन्तव्य मुलुकहरूसँग समेत सहकार्य गरी आवश्यक कदम चाल्नु आवश्यक छ ।

२६. विप्रेषण आय प्राप्त गर्ने घरपरिवारले यस्तो रकम घर-जग्गा जस्ता कम उत्पादनशील क्षेत्रहरूमा सट्टेवाजी लगानी गर्ने प्रवृत्ति बढ्दै गएको सन्दर्भमा यस्तो लगानी निरुत्साहित गर्न तथा घर-जग्गा कारोवारलाई व्यवस्थित गर्न भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

२७. वैदेशिक रोजगार बचतपत्रको प्रभावकारिता अभिवृद्धि गर्न यस्तो बचतपत्रलाई परियोजनामुखी बनाउन आवश्यक छ । जलविद्युत् परियोजना लगायतका उच्च प्रतिफलयुक्त उत्पादनशील उद्योगहरूको प्राथमिक सेयर (Initial Public Offering : IPO) निष्कासनमा एक निश्चित प्रतिशत आरक्षण प्रदान गरेर विप्रेषणबाट प्राप्त आयलाई पूर्वाधार एवम् उत्पादनशील क्षेत्रतर्फ आकर्षित गर्न सकिन्छ । साथै, उक्त परियोजनाहरूको प्रभावकारी कार्यान्वयन हुने विश्वसनीयता कायम गर्नु आवश्यक छ । यस्तो बचतको परिचालनबाट निर्माण सम्पन्न गरिएका परियोजनाहरूमा वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको संलग्नता झल्किने पहिचान वा सामूहिक सम्मान गर्ने परिपाटीको सुरुआत हुन सकेमा यसले बचत परिचालन गर्न थप उत्साह ल्याउने सम्भावना देखिएको छ ।

२८. वैदेशिक रोजगार विभागले रोजगारीमा जाँदा लाग्ने अधिकतम खर्च निर्धारण गरे तापनि यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा मेनपावर कम्पनीहरूले बढी रकम असुल्ने प्रवृत्ति देखिएको छ । तसर्थ, यसतर्फ वैदेशिक रोजगार विभागबाट प्रभावकारी अनुगमन हुनु आवश्यक छ ।

# परिच्छेद १
# परिचय

## पृष्ठभूमि

१. एक देशका नागरिक रोजगारीका लागि अर्को देश जाने र रोजगारीबाट प्राप्त आय विप्रेषणको रूपमा घरपरिवारलाई पठाउने प्रचलन निकै लामो सयमदेखि रहँदै आएको हो । तर सन् १९८० को दशकदेखि तीव्र गतिमा अघि बढेको आर्थिक उदारीकरण तथा विश्वव्यापीकरणको व्यापक प्रभाव विश्व श्रम बजारमा देखिएको छ । विकासोन्मुख मुलुकहरूमा श्रमको मूल्य र रोजगारीका अवसर दुबै न्यून हुने तथा विकसित मुलुकहरू अझ खासगरी उच्च आय तथा उच्च-मध्यम आय भएका मुलुकहरूमा श्रमको मूल्य र रोजगारीका अवसर दुबै उच्च रहने कारण विकासोन्मुख मुलुकहरूबाट विकसित मुलुकहरूमा रोजगारीको लागि जाने श्रमशक्तिमा उच्च वृद्धि हुँदै गएको देखिन्छ ।

२. नेपालीहरू विदेशमा गई काम गर्ने प्रचलन परापूर्व कालदेखि रहँदै आएको छ । नेपाल-भारतबीच खुला सीमाना हुनुका साथै पारिवारिक, सामाजिक र सांस्कृतिक घनिष्टता तथा श्रम र पुँजीको खुकुलो आदान प्रदान भएका कारण नेपालीहरू भारतमा र भारतीयहरू नेपालमा आई काम गर्ने प्रचलन लामो समयदेखि रहँदै आएको हो । यसै कारणले गर्दा भारतमा रहेका नेपाली कामदारहरूको संख्यात्मक विवरणको यथार्थ अभिलेख समेत उपलब्ध छैन । नेपालीहरू भारत बाहेक अन्य मुलुकहरूमा गई रोजगारी गर्ने प्रचलन भने धेरै पछि मात्र सुरु भएको हो । खासगरी सन् १९९० को दशकदेखि एकातिर पूर्वी एसिया र खाडी मुलुकहरूमा उच्च आर्थिक वृद्धि तथा श्रमिकको बढ्दो माग र अर्कोतर्फ नेपालमा सशस्त्र द्वन्द्वका कारण रोजगारीमा नकारात्मक असर पर्दै गएका कारण बढ्दो बेरोजगारीको समस्या समाधान गर्न भारत बाहेक अन्य मुलुकहरूतर्फ रोजगारीको लागि संस्थागत पहल हुन थाल्यो ।

३. योजनागत रूपमा हेर्दा, आठौं पञ्चवर्षीय योजना (२०४९-५४) देखि वैदेशिक रोजगारका लागि गन्तव्य मुलुकहरूको खोजी र प्रक्रियालाई महत्व दिन थालिएको हो । त्यस पश्चातका योजनाहरूमा वैदेशिक रोजगारीमा जाने गन्तव्य मुलुकहरूको पहिचान, पहल र विविधीकरणका प्रयास अवलम्बन गर्दै नेपाली अर्थतन्त्रमा विप्रेषण आप्रवाहको महत्वलाई समेत आत्मसात गरेको पाइन्छ । परिणामस्वरूप विगत केही समययता वैदेशिक रोजगारीको सिलसिलामा खासगरी मलेसिया र खाडी मुलुकहरूमा जाने नेपाली युवाहरूको संख्या ह्वात्तै बढेको छ ।

४. नेपाल सरकारले पराराष्ट्र मन्त्रालय मार्फत मात्र राहदानी उपलब्ध गराउँदै आएकोमा २०५४ फागुन १ गतेदेखि जिल्ला प्रशासन कार्यालयहरूबाट समेत वितरण गर्न थालेपछि सर्वसाधारणलाई राहदानी लिन सुविधा पुगेकाले वैदेशिक रोजगारलाई थप टेवा पुगेको देखिन्छ ।

५. वैदेशिक रोजगार ऐन, २०६४ लागू गरिएपछि वैदेशिक रोजगारीमा जाने कामदारका साथै वैदेशिक रोजगार व्यवसायको प्रवर्द्धनमा व्यापक विस्तार हुन पुगेको देखिन्छ । यस ऐन मार्फत वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहितको संरक्षणको प्रत्याभूतिका साथै न्यूनतम पारिश्रमिकको अवधारणा, वीमाको व्यवस्था, कल्याणकारी कोषको स्थापना, श्रम सम्झौता तथा श्रम सहचारीको व्यवस्था लगायत वैदेशिक रोजगारमा जाने कामदारका अन्य सुविधा समेतलाई व्यवस्थित गरिएपछि नेपाली कामदार वैदेशिक रोजगारीमा जाने क्रम अझ विस्तार भएको देखिन्छ ।

६. आर्थिक वर्ष २०५०/५१ सम्म जम्मा ३ हजार ६ सय जना नेपालीहरू भारतबाहेक अन्य मुलुकमा वैदेशिक रोजगारीमा गएकोमा २०७१/७२ को अन्त्यसम्ममा ३९ लाख ५९ हजार नेपालीहरू वैदेशिक रोजगारको

सिलसिलामा मुलुकबाहिर गएको देखिन्छ (वैदेशिक रोजगार विभाग)। यससँगै विप्रेषण आय समेत उल्लेख्य रूपमा बढेर आर्थिक वर्ष २०५०/५१ को रु. २ अर्ब १५ करोड रहेकोमा आर्थिक वर्ष २०७१/७२ मा रु ६ खर्ब १७ अर्ब पुगेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको २९.१ प्रतिशत हुन आउँछ। हाल नेपालको अर्थतन्त्रमा बढ्दो व्यापार घाटा धान्ने महत्वपूर्ण स्रोतको रूपमा विप्रेषण आय स्थापित हुन पुगेको छ।

७. विभिन्न अध्ययनहरूले विप्रेषण आय प्राप्त गर्ने घरपरिवारको न्यूनतम उपभोग परिपूर्तिमा सहयोगी बनेकोले विप्रेषण आप्रवाहले गरिबी निवारणमा उल्लेख्य योगदान पुऱ्याएको देखाएका छन्। यसका साथै, विप्रेषणबाट घरपरिवारको बचत तथा लगानी एवम् साना तथा घरेलु उद्योगहरूको स्थापना तथा प्रवर्द्धनमा समेत सघाउ पुगेको देखिएको छ। यस बाहेक विप्रेषण प्राप्त गर्ने घरपरिवारको शिक्षा तथा सञ्चारका क्षेत्रमा गर्ने खर्च एवम् स्थिर सम्पत्तिको खरिदमा समेत सकारात्मक प्रभाव परेको देखिएको छ ( Nepal Rastra Bank, 2012) ।

८. यस प्रकारको विप्रेषण आय मुख्यतया उपभोग केन्द्रित रहेकोले यस्तो आयलाई बचत तथा लगानीमा रूपान्तरण गरी उत्पादन तथा रोजगारी विस्तार गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ (De Haas, 2007)। पछिल्ला वर्षहरूमा नेपाल राष्ट्र बैंक र नेपाल सरकारले एकातर्फ विप्रेषण आयलाई औपचारिक स्रोतबाट भित्र्याउने पहल र अर्कोतर्फ यसलाई बचत र लगानी उन्मुख बनाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गर्न विभिन्न नीतिगत व्यवस्था अवलम्बन गरे तापनि यस्ता प्रयासहरू अपर्याप्त वा कम प्रभावकारी देखिएका छन्। खासगरी कुल गार्हस्थ्य उत्पादनमा उपभोगको अंश घटाई गार्हस्थ्य बचतको अंश बढाउने कार्य अपेक्षित रूपमा सफल हुन सकेको छैन। तसर्थ, विप्रेषण प्राप्त गर्ने घरपरिवारको बचत तथा लगानी प्रवृत्तिमा सुधार ल्याई उक्त आयलाई बचत तथा लगानीतर्फ उन्मुख गराउन यस्तो घरपरिवारको बचत तथा लगानी प्रवृत्ति अध्ययन गरी व्यावहारिक तथा प्रभावकारी नीतिगत व्यवस्था अवलम्बन गर्नु अझ आवश्यक देखिएको छ।

९. प्रस्तुत सन्दर्भमा, विप्रेषण प्राप्त गर्ने घरपरिवार पहिचान गरी त्यस्ता घरपरिवारको आय र खर्चको संरचना तथा प्रवृत्तिको विश्लेषणको आधारमा बचत तथा लगानी अभिवृद्धि गर्न आवश्यक नीतिगत व्यवस्थाको सुझाव प्रस्तुत गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ। विगत केही वर्षदेखि नेपाल सरकारले विदेशमा कार्यरत कामदारलाई लक्षित गरी वैदेशिक रोजगार बचतपत्र जारी गर्दै आएकोमा सो मार्फत अपेक्षित रूपमा बचत परिचालन हुन नसक्नुको साथै उत्पादनमूलक क्षेत्रको लगानीमा विप्रेषण आयलाई आकर्षित गर्न नसकिएको परिप्रेक्ष्यमा प्रस्तुत अध्ययन विप्रेषण आय बचतमुखी बनाउन आवश्यक नीतिगत तर्जुमा तथा परिमार्जनमा सहयोगी हुने अपेक्षा गरिएको छ।

१०. प्रस्तुत अध्ययनको परिचय पश्चात बाँकी खण्डमा अध्ययनको उद्देश्य, विधि र सीमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा नेपालमा वैदेशिक रोजगारी तथा विप्रेषण आयको अवस्थाको सङ्क्षिप्त विश्लेषण गरिएको छ। परिच्छेद ३ मा स्थलगत सर्वेक्षणको वर्णनात्मक विश्लेषण र परिच्छेद ४ मा विप्रेषण आप्रवाह, बचत, लगानी तथा उपयोगका कारकहरूको विश्लेषण गरिएको छ। अन्त्यमा परिच्छेद ५ मा सारांश, निष्कर्ष तथा सुझावहरू प्रस्तुत गरिएको छ।

## अध्ययनका उद्देश्यहरु

११. विप्रेषण प्राप्त गर्ने घरपरिवारको बचत तथा लगानीलाई प्रभाव पार्ने कारकहरूको विश्लेषण गरी बचत तथा लगानी अभिवृद्धिको लागि आवश्यक नीतिगत पहिचान गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । तसर्थ, अध्ययन मूलतः निम्न विषयहरूमा केन्द्रित रहेको छ ।

- विप्रेषण प्राप्त गर्ने घरपरिवारको खर्च, बचत तथा लगानी प्रवृत्तिको विश्लेषण गर्ने,
- विप्रेषण प्राप्त गर्ने घरपरिवारको बचत तथा लगानीलाई प्रभाव पार्ने कारकहरूको पहिचान गर्ने, र
- विप्रेषण प्राप्त गर्ने घरपरिवारको बचत तथा लगानी अभिवृद्धि गर्नको लागि आवश्यक सुझाव प्रस्तुत गर्ने ।

**तालिका १.१: छनौटमा परेका जिल्लाहरु**

| विकास क्षेत्र | जिल्ला सङ्ख्या | जिल्लाको नाम |
|---|---|---|
| १. पूर्वाञ्चल विकास क्षेत्र | ४ | झापा, सुनसरी, तेह्रथुम र खोटाङ |
| २. मध्यमाञ्चल विकास क्षेत्र | ३ | धनुषा, काठमाडौं र चितवन |
| ३. पश्चिमाञ्चल विकास क्षेत्र | ४ | कास्की, बाग्लुङ, गोर्खा र रूपन्देही |
| ४. मध्य पश्चिमाञ्चल विकास क्षेत्र | २ | दाङ र कालिकोट |
| ५. सुदूर पश्चिमाञ्चल विकास क्षेत्र | ३ | बाजुरा, कैलाली र बैतडी |

## अध्ययन विधि

१२. प्रस्तुत अध्ययन मूलतः विप्रेषण आय प्राप्त गर्ने घरपरिवारको स्थलगत सर्वेक्षण गरी सो सर्वेक्षणको विवरणलाई देहाय बमोजिको विश्लेषण गरी सम्पन्न गरिएको छ । यसको साथै विगतमा गरिएका अध्ययन, विप्रेषण आय सम्बन्धी उपलब्ध तथ्याङ्क तथा प्रकाशनहरूलाई पनि आवश्यकता अनुसार अध्ययनमा समावेश गरिएको छ । यो अध्ययन मूलतः वैदेशिक रोजगारमा गएका घरपरिवारसँग गरिएको प्रश्नावली सर्वेक्षणबाट प्राप्त जानकारी तथा तथ्याङ्कमा आधारित छ ।

### *स्थलगत सर्वेक्षणको लागि नमूना छनौट*

१३. प्रस्तुत अध्ययनको प्रमुख उद्देश्य विप्रेषण प्राप्त गर्ने घरपरिवारको खर्च, बचत तथा लगानीको संरचना तथा प्रवृत्तिको विश्लेषण गरी बचत तथा लगानी अभिवृद्धि गर्न आवश्यक नीतिगत व्यवस्थाका लागि सुझाव प्रस्तुत गर्नु रहेकोले नेपालको सबै क्षेत्र र जिल्लाहरूको प्रतिनिधित्व हुने गरी विप्रेषण प्राप्त गर्ने घरपरिवारको स्थलगत सर्वेक्षणको आधारमा अध्ययन सम्पन्न गरिएको छ । अध्ययनको उद्देश्य अनुसारको अध्ययन विधि चयनमा अध्ययनको उपयुक्तता तथा प्रभावकारिता निर्भर रहने कारण स्थलगत सर्वेक्षणमा नमूना छनौट गर्दा यस विषयमा विगतमा गरिएका अध्ययनहरूको निचोडलाई महत्वपूर्ण आधारको रूपमा लिइएको छ। विभिन्न अध्ययन अनुसार हाल (क) विप्रेषण आय अर्थतन्त्रको मेरुदण्डको रूपमा स्थापित भएको, (ख) तराईका प्रत्येक ३ घरपरिवारमध्ये २ घरपरिवारले र पहाडी तथा हिमाली क्षेत्रका प्रत्येक २ घरपरिवारमध्ये १ घरपरिवारले कुनै न कुनै माध्यमबाट विप्रेषण रकम प्राप्त गरिरहेको, (ग) सबै भौगोलिक क्षेत्रमा विप्रेषण आय उपभोग केन्द्रित भएको, (घ) कुल विप्रेषण आयमा बचत र लगानीको अंश सबै भौगोलिक क्षेत्रहरूमा न्यून रहेको देखिएको छ ।

१४. यसरी विप्रेषण आयको संरचना तथा प्रवृत्ति सबै भौगोलिक क्षेत्रमा उस्तै प्रकारको देखिएकोले सबै जिल्ला, विकास क्षेत्र र भौगोलक क्षेत्रको समेत प्रतिनिधित्व हुने गरी स्थलगत सर्वेक्षणको लागि देहाय अनुसार नमूना छनौट गरिएको छ । प्रथमतः, स्थलगत सर्वेक्षणको लागि जिल्लाहरूको छनौट गर्दा प्रत्येक विकास क्षेत्रको उपयुक्त प्रतिनिधित्व हुने गरी प्रत्येक विकास क्षेत्रबाट कम्तीमा २ र बढीमा ४ गरी जम्मा १६ जिल्लाहरू स्थलगत सर्वेक्षणमा समेटिएको छ (तालिका १.१) । वैदेशिक रोजगारमा

जाने क्षेत्रगत प्रतिनिधित्वको आँकडा नेपाल जीवनस्तर सर्वेक्षण २०११ अनुसार निर्धारण गरिएको छ। यसो हुँदा नेपालको ७५ जिल्लाहरू मध्ये २१.३ प्रतिशत जिल्लाहरू स्थलगत सर्वेक्षणमा समेटिएको छ।

१५. दोस्रो, प्रत्येक विकास क्षेत्र अन्तर्गत निर्धारित जिल्लाहरूको छनौट गर्दा भौगोलिक क्षेत्रको समेत उपयुक्त प्रतिनिधित्व गराइएको छ। सो अनुसार, हिमाली क्षेत्रबाट २, पहाडी क्षेत्रबाट ७ र तराई क्षेत्रबाट ७ जिल्लाहरू समावेश गरिएको छ। छनौटमा परेका जिल्लाहरू तालिका १.१ मा उल्लेख गरिएको छ। तेस्रो, विप्रेषण प्राप्त गर्ने घरपरिवारको खर्चको प्रवृत्ति समान रहेको विगतका अध्ययनहरूको सन्दर्भमा प्रत्येक जिल्लाहरूबाट विप्रेषण प्राप्त गर्ने २० घरपरिवारलाई स्थलगत सर्वेक्षणमा समावेश गरिएको छ। सो अनुसार १६ जिल्लाहरूमा प्रत्येकबाट २० घरपरिवारका दरले विप्रेषण प्राप्त गर्ने जम्मा ३२० घरपरिवारलाई अध्ययनमा समावेश गरिएको छ।

१६. चौथो, स्थलगत सर्वेक्षणको समयावधि, उपलब्ध जनशक्ति र साधनको सीमितता अनुसार जिल्लाको सदरमुकाम नजिकका गा.वि.स/नगरपालिकामा स्थानीय, समाजसेवी, शिक्षक र सामाजिक तथा प्रशासनिक निकायको सहयोगमा विप्रेषण प्राप्त गर्ने कुनै एक घरधुरीको छनौट गरिएको छ। सो पश्चात बाँकी घरपरिवारको छनौट गर्दा अघिल्लो नमूनाको पूर्व दिशामा पर्ने वैदेशिक रोजगारमा गएको घरपरिवारलाई सर्वेक्षणमा समावेश गरिएको छ।

१७. पाँचौं, स्थलगत सर्वेक्षणमा घरपरिवारको कम्तीमा एक जना सदस्य रोजगारीको सिलसिलामा १ वर्ष ६ महिनादेखि विदेशमा रहेको घरपरिवार मात्र समावेश गरिएको छ।

## *विश्लेषण विधि*

१८. यस प्रकारले नमूना छनौटबाट सङ्कलित विवरणलाई सर्वप्रथम विप्रेषण प्राप्त गर्ने घरपरिवार तथा वैदेशिक रोजगारीमा जाने व्यक्तिको सामाजिक, आर्थिक, शैक्षिक, लैङ्गिक, व्यावसायिक लगायतका विभिन्न आधारमा विप्रेषण आयको प्रवृत्ति र घरपरिवारको आय व्ययको संरचनाको विश्लेषण गरिएको छ। सो पश्चात विभिन्न अध्ययनहरूमा उपयोग गरिए अनुसार घरपरिवारको खर्च र बचतलाई प्रभाव पार्ने कारकहरू जस्तै शिक्षा, घरमुलीको पेसा, वित्तीय पहुँच लगायत आर्थिक र सामाजिक पक्षहरूको विश्लेषण गर्न Econometric Tool प्रयोग गरी बक्स १.१ मा उल्लेख गरिए बमोजिमका विभिन्न

**Box 1.1: Econometric Model Used in the Study**

$$lnamt = \propto + b_1 location + b_2 under15 + b_3 family_{total} + b_4 above59 + b_5 edu_{hhhead} + b_6\ bank_{ac} + b_7 age_{hhhed} + b_8 marital_{migrant} + b_9 edu_{migrant} + b_{10} bank_{ac_{migrant}} + b_{11} purchased_{land} + b_{12} hhexp_{ratio} + b_{13} sex_{hhhead} + b_{14} training + b_{15} have_{loan} + b_{16} migration_{experi} + b_{17} age_{migrant} + b_{18} times_{remit}$$

$$lnsave_{amt} / \ logit_{save} \ = \ + b_1 location + b_2 under15 + b_3 family_{total} + b_4 above59 + b_5 sex_{hhhead} + \ b_6\ bank_{ac} + b_7 age_{hhhed} + b_8 marital \ \ migrant + b_9\ edu_migrant + b_10\ bank_(ac_migrant\ ) + b_11\ purchased_land + b_12\ hhexp_ratio + b_13\ have_loan + b_14\ times_remit$$

$$logit_{invest} = \propto + b_1 location + b_2 under15 + b_3 family_{total} + b_4 above59 + b_5 sex_{hhhead} + b_6\ bank_{ac} + b_7 age_{hhhed} + b_8 marital_{migrant} + b_9 edu_{migrant} + b_{10} bank_{ac_{migrant}} + b_{11} purchased_{land} + b_{12} hhexp_{ratio} + b_{13} have_{loan} + b_{14} times_{remit} + b_{15} training$$

Note: Description of variables are given in box 1.2

प्रकारका Single Equation Logit तथा OLS Models को estimate गरिएको छ (Osili, 2007)। यी equation हरूमा प्रयोग गरिएका चरहरूको विवरण वक्स १.२ मा दिइएको छ भने

coefficients को expected sign लगायतका विश्लेषण परिच्छेद ४ मा गरिएको छ । यसरी सर्वेक्षण विवरणको विभिन्न प्रकारका वर्णनात्मक र विश्लेषणात्मक नतिजाको आधारमा विप्रेषण आय प्राप्त गर्ने घरपरिवारको बचत अभिवृद्धि गर्न आवश्यक नीतिगत सुझाव प्रस्तुत गरिएको छ ।

## अध्ययनका सीमा

१९. प्रस्तुत अध्ययन उद्देश्य अनुरूपको उपयुक्त विधि चयन गरी सम्पन्न गरिएको छ । तथापि यसमा केही सीमाहरू रहेका छन् । प्रथमतः, अध्ययनमा विप्रेषण प्राप्त गर्ने घरपरिवारलाई मात्र समेटिएको हुँदा अध्ययनको निचोडलाई विप्रेषण प्राप्त नगर्ने घरपरिवारसँग तुलना गर्नु सान्दर्भिक हुँदैन । दोस्रो, समय र बजेट सीमाका कारण यो अध्ययन १६ जिल्लाका जम्मा ३२० घरपरिवारको तथ्याङ्कमा मात्र आधारित रहेकाले अध्ययनको निष्कर्ष र सुझावहरूलाई सामान्यीकरण गर्दा सावधानी अपनाउनु पर्ने देखिन्छ ।

### Box 1.2: Variables Used in the Model

**A. Varialbles in log**

| | |
|---|---|
| lndaily_con | amount of remittance used for daily consumption |
| lnedu_exp | amount of remittance used for educational expenses |
| lnbusi_inv | amount of remittance used for business investment |
| lnhh_ass | amount of remittance used for purchase of household assets |
| lnpay_loan | amount of remittance used to pay loan |
| lnsocial_work | amount of remittance used for social work |
| lnsave_amt | amount of remittance saved by the household |

**B. Binary Variables**

| | |
|---|---|
| Location | 1 if household is residing in rural area; 0 otherwise |
| sex_hhhead | 1 if sex of household head is male; 0 otherwise |
| Edu_hhhead | 1 if household head is literate; 0 otherwise |
| bank_ac | 1 if household possesses bank account; 0 otherwise |
| Edu_migrant | 1 if migrant is literate; 0 otherwise |
| Marital_migrant | 1 if migrant is unmarried; 0 otherwise |
| Training | 1 if migrant had training before migration; 0 otherwise |
| migration_exp | 1 if migrant had foreign employment experience; 0 otherwise |
| Have_loan | 1 if household have outstanding loan; 0 otherwise |
| Purchased_land | 1 if household purchased after migration took palce; 0 otherwise |
| Invest | 1 if household have invested remittance income in productive sector ; 0= otherwise |
| Save | 1 if household save remittance income; 0 otherwise |

**C. Other Variables**

| | |
|---|---|
| Family_total | The number of family members |
| Under 15 | The number of family members aged below 15 years |
| Above 59 | The number of family members aged above 59 years |
| Age _hhhead | The age of household head in years |
| Age_migrant | The age of migrants in years |
| Times_remit | The times of remittance inflow per year |
| Hhexp_ratio | The percent of other income (except remittance) that covers household's daily expenditure |

# परिच्छेद २

# वैदेशिक रोजगारी र विप्रेषण आयको प्रवृत्ति, महत्व तथा उपयोग

## विप्रेषण  आयको अर्थतन्त्रसँग अन्तरसम्बन्ध

२०. वैदेशिक रोजगार र विप्रेषण आय अर्थतन्त्रको विभिन्न पक्षहरूसँग प्रत्यक्ष वा परोक्ष रूपमा गाँसिएको हुन्छ । वैदेशिक रोजगारको अवसरले तत्कालको लागि मुलुकभित्र बेरोजगारी समस्या समाधानको लागि सघाउ पुग्छ भने यसबाट हासिल गरेको आय-आर्जन तथा सीप स्वदेशमा उपयोग हुन सकेमा मध्य तथा दीर्घकालमा मुलुकभित्र उत्पादन तथा रोजगारी अभिवृद्धि हुने सम्भावना रहन्छ ।  खासगरी, वैदेशिक रोजगारीबाट सिकेको सीप, प्रविधिको आयात र विप्रेषण आयको लगानीबाट प्रत्यक्ष वा परोक्ष रूपमा मुलुकभित्र उत्पादकत्व तथा रोजगारी अभिवृद्धि हुन सकेमा आर्थिक वृद्धिमा सकारात्मक असर पर्ने देखिन्छ (Leon-Ledesma and Piracha, 2004)।

२१. विप्रेषण आयले मूलतः बाह्य क्षेत्र कारोबार मार्फत समष्टिगत अर्थतन्त्रमा प्रभाव पारेको हुन्छ । यस्तो आयको अभिवृद्धिले बाह्य क्षेत्र कारोबार अन्तर्गत ट्रान्सफर खाता अनुकूल हुने हुँदा सो अनुरूप चालू खाता सुदृढ हुँदै शोधनान्तर स्थितिमा सकारात्मक प्रभाव परेको हुन्छ । खासगरी नेपाल लगायत कतिपय विकासोन्मुख र विकासशील मुलुकहरूमा बढ्दो व्यापार घाटाका कारण सम्भावित चालू खाता र शोधनान्तर घाटा मार्फत विदेशी विनिमय सञ्चितिमा देखिन सक्ने सङ्कटलाई विप्रेषण आयले धानेका कारण यसलाई अर्थतन्त्रको मेरुदण्डको रूपमा समेत लिने गरिएको हो । तर अर्कोतर्फ, विप्रेषण आयको अभिवृद्धिसँगै उपभोग्य वस्तुहरूको आयात बढ्ने कारण व्यापार घाटा विस्तारको प्रमुख कारकको रूपमा विप्रेषण आय रहेको यथार्थता पनि छ (Ministry of Finance, 2072) । समग्रमा विप्रेषण आय उपभोग केन्द्रित हुँदा आयात बढ्ने र बचत तथा लगानी केन्द्रित हुँदा उत्पादन अभिवृद्धि मार्फत आर्थिक वृद्धिमा प्रत्यक्ष सकारात्मक प्रभाव पर्ने सम्भावना रहन्छ ।

२२. विप्रेषण आय कुल राष्ट्रिय खर्चयोग्य आय (GNDI) को मापनमा समावेश हुने तर कुल गार्हस्थ्य उत्पादनमा नसमेटिने कारण नेपाल लगायत ठूलो आकारमा विप्रेषण आय प्राप्त गर्ने मुलुकको कुल राष्ट्रिय खर्चयोग्य आय र कुल गार्हस्थ उत्पादन सोही अनुपातमा फरक देखिएको हुन्छ । फलस्वरूप त्यस्ता मुलुकहरूमा कुल राष्ट्रिय बचत र कुल गार्हस्थ्य बचत पनि सोही अनुपातमा भिन्न रहेको हुन्छ । खासगरी विप्रेषण आयको ठूलो हिस्सा उपभोगमा खर्च हुने हाम्रो जस्तो मुलुकमा विप्रेषण आप्रवाह वृद्धिसँगै कुल गार्हस्थ्य बचत भन्दा कुल राष्ट्रिय बचत निकै ठूलो आकारमा देखिने गरेको छ ।

२३. विप्रेषण आयले मौद्रिक नीति सञ्चालनमा पनि त्यतिकै असर पारेको हुन्छ । विप्रेषण आयको अभिवृद्धिले विशेषतः शोधनान्तर स्थिति अनुकूल हुँदै खुद वैदेशिक सम्पत्तिमा बढोत्तरी हुने कारण मौद्रिक नीति सञ्चालन मार्फत खुद आन्तरिक सम्पत्ति नियन्त्रण नगरिएको अवस्थामा मुद्रा प्रदाय विस्तार हुन्छ । मुद्रा प्रदायको विस्तारबाट मूल्य तथा व्याजदरमा प्रत्यक्ष असर पर्ने कारण यस मार्फत पनि मुलुकभित्र उत्पादन तथा रोजगारीको अवस्था प्रभावित भएको हुन्छ ।

२४. विभिन्न अध्ययनहरूका अनुसार, सामान्यतया विप्रेषण आय प्राप्त गर्ने घरपरिवारको आर्थिक तथा सामाजिक अवस्था, विप्रेषण आय भित्रिने तरिका तथा माध्यम र देशको समग्र उत्पादन, रोजगारी र लगानीको वातावरणले विप्रेषण आयको प्रभाव निर्धारित हुन्छ । खासगरी  न्यून आय तथा गरिबीले आक्रान्त घरपरिवारले विप्रेषण आयको उपयोग खाद्यान्न, शिक्षा, स्वास्थ लगायत उपभोग तथा सामाजिक क्षेत्रमा गर्ने र गरिबी घट्ने सम्भावना रहेकोले नेपाल लगायत कतिपय कम विकसित तथा उच्च गरिबी भएका देशहरूमा गरिबी निवारणको महत्वपूर्ण औजार नै विप्रेषण आय मानिने गरिएको छ (Acharya

and Leon-Gonzalez, 2012)। अर्कोतर्फ, पारिवारिक आर्थिक अवस्था तुलनात्मक रूपमा राम्रो रहेका र दक्ष कामदारले आर्जन गर्ने विप्रेषण आयले कुल गार्हस्थ्य बचत बढाउने सम्भावना रहन्छ (De Haas, 2007)।

२५. विश्व बैंकले गरेको एक अध्ययनमा विप्रेषण आयले ग्रामीण घरपरिवारको आयको संरचनामा परिवर्तन हुनुको साथै घरपरिवारको जोखिम वहन गर्ने क्षमता अभिवृद्धि भएको देखिएको छ (World Bank, 2008)। त्यसैगरी, ७१ वटा विकासोन्मुख मुलुकहरू समावेश गरी सम्पन्न गरिएको एक अध्ययनमा अन्तर्राष्ट्रिय विप्रेषण आप्रवाह तथा बसाँइसराँइले सम्बन्धित मुलुकहरूमा गरिबीको गहनता, विषमता तथा गरिबीको स्तरमा व्यापक कमी आएको देखिएको छ (Adams and Page, 2005)। पाकिस्तान लगायत कतिपय देशहरूमा भने विप्रेषण आयले कृषि आम्दानी प्रतिस्थापन गरेको देखिएको छ (Kurosaki, 2006)। कृषि प्रधान देशहरूमा वैदेशिक रोजगारीका कारण कृषि उत्पादकत्व तथा उत्पादनमा ह्रास हुँदै गएमा अर्थतन्त्रमा विप्रेषण आयको सकारात्मक परिणामको तुलनामा कृषि उत्पादनको नकारात्मक असर बढी देखिने सम्भावना रहन्छ।


२६. नेपालमा विप्रेषण आप्रवाहको ठूलो हिस्सा शिक्षा, स्वास्थ्य लगायत उपभोगमा खर्च हुने गरेकाले विप्रेषण आयको भूमिका गरिबी निवारण तथा जीवनस्तर सुदृढीकरणमा सहयोगी बनेको देखिएको छ। खासगरी, नेपाल जीवनस्तर तेस्रो सर्वेक्षण (२०११) का अनुसार घरपरिवारले प्राप्त गर्ने विप्रेषण मध्ये ७९ प्रतिशत रकम घरायसी उपभोगमा, ७ प्रतिशत ऋण तिर्न, ४ प्रतिशत शिक्षामा र ५ प्रतिशत घरायसी सम्पत्ति खरिदमा प्रयोग गरेको देखिएको छ। नेपाल राष्ट्र बैंकले २००४ मा गरेको अध्ययन अनुसार पनि विप्रेषण आयको करिव ८० प्रतिशत उपभोग तथा घरजग्गा खरिदमा प्रयोग भएको देखिएको छ भने ३.९ प्रतिशत विप्रेषण आय मात्र बचत गरेको पाइएको छ। नेपाल राष्ट्र बैंकले गरेको अर्को अध्ययन अनुसार विप्रेषणबाट प्राप्त आम्दानीको ३१ प्रतिशत खाद्यान्य खरिदमा मात्र खर्च भएको छ भने विप्रेषण प्राप्त गर्ने घरपरिवारले अन्य घरपरिवारको तुलनामा शिक्षा, स्वास्थ्य जस्ता मानव संशाधनको विकासमा गर्ने खर्च उच्च देखिएको छ (Nepal Rastra Bank, 2012)।

२७. नेपालमा मात्र नभएर अन्य मुलुकहरूमा समेत विप्रेषण आयको ठूलो हिस्सा उपभोगमा खर्च हुने गरेको देखिएको छ। इजिप्टबाट वैदेशिक रोजगारीमा जाने घरपरिवारमध्ये ८० प्रतिशतले विप्रेषण रकमलाई मूलतः दैनिक उपभोगमा खर्च गर्ने गरेको देखिएको छ (IOM, 2010)। कोलम्बियामा विप्रेषण प्राप्त गर्ने घरपरिवारले अन्य घरपरिवारको तुलनामा १० प्रतिशत बढी रकम शिक्षामा खर्च गर्ने गरेको देखिएको छ (Medina and Cardona, 2010)। घानामा विप्रेषण प्राप्त गर्ने घरपरिवारको अन्य घरपरिवारको तुलनामा सञ्चारका साधनमा बढी पहुँच रहेको देखिएको छ (Mohapatra, Joseph and Ratha, 2009)। बङ्गलादेशमा विप्रेषण आयको महत्वपूर्ण हिस्सा घरपरिवारको खाद्यान्य, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा खर्च हुने गरेकोले गरिवी निवारणमा सकारात्मक प्रभाव परेको देखिएको छ (Raihan et.al., 2009)। पाकिस्तानको हकमा भने रोजगारीमा गएका आधाभन्दा कम मात्र घरपरिवार बचत तथा लगानी गर्न सफल भए तापनि रोजगारीमा गएका व्यक्तिहरूको बचतदर रोजगारीमा जानु पूर्व भन्दा दोब्बर बढी भएको देखिएको छ (Arif, 2009)।

## अन्तर्राष्ट्रिय रुपमा वैदेशिक रोजगारी र विप्रेषण आप्रवाह

२८. सन् १९८० को दशक पश्चात् तीव्र गतिमा अघि बढेको आर्थिक उदारीकरण तथा विश्वव्यापीकरणको परिणाम स्वरूप विश्व अर्थतन्त्रको आयतन, अन्तर्राष्ट्रिय व्यापार तथा लगानीमा भएको वृद्धिसँगै रोजगारीको सिलसिलामा एक देशबाट अर्को देशमा जाने परम्पराले गति लिएको पाइन्छ । एकातिर, विकासोन्मुख मुलुकमा भएको उच्च जनसङ्ख्या वृद्धि तथा रोजगारीका अवसर न्यून रहनु र अर्कोतर्फ, विकसित मुलुकहरूमा जनसङ्ख्या वृद्धिमा न्यूनता तथा पूर्वाधार विकासमा श्रमिकको बढ्दो मागले विश्व श्रम बजारमा असन्तुलन देखिन थाल्यो । फलस्वरूप: विकसित राष्ट्रहरूले श्रम निर्यात गर्ने देशहरूलाई आफ्नो श्रम बजारमा सहज पहुँच दिन थालेकाले विकासोन्मुख मुलुकबाट विकसित राष्ट्रमा काम गर्न जाने जनशक्तिमा वृद्धि हुँदै गयो । खासगरी, कम विकसित एसियाली, अफ्रिकी तथा ल्याटिन अमेरिकी मुलुकहरूका कामदारहरूको लागि विकसित देशहरू वैदेशिक रोजगारको लागि आकर्षक केन्द्र बन्न पुगेको छ ।

**चार्ट २.१ विश्वको विप्रेषण आप्रवाह**




२९. विश्व बैंकका अनुसार सन् २०१३ मा २४ करोड ७० लाख व्यक्तिहरू बसाँइसराँइ र रोजगारी लगायत अन्य विभिन्न कारणले आफ्नो देशभन्दा बाहिर रहेका छन् । यसले सम्बन्धित देशहरूमा विप्रेषण आप्रवाहमा वृद्धि गराएको छ । सन् १९८२ मा यु.एस. डलर ४१ अर्ब बराबरको अन्तर्राष्ट्रिय विप्रेषण आप्रवाह भएकोमा सन् २०१५ मा उक्त रकम झण्डै १५ गुणाले बढ्न गई यु.एस. डलर ६०१ अर्ब पुगेको अनुमान छ । यसमध्ये विकासशील मुलुक हरूले प्राप्त गरेको विप्रेषण रकम यु.एस. डलर ४४१ अर्ब रहेको अनुमान छ । दक्षिण एसियाली मुलुकहरूमध्ये सबैभन्दा बढी विप्रेषण भित्र्याउने ५ देशहरु (भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र नेपाल) को अंश विश्वको कुल विप्रेषण प्रवाहको २०.३ प्रतिशत अर्थात यु.एस. डलर १२१.९ अर्ब रहेको छ। यसमा भारत तथा नेपालको अंश क्रमश: ५९.२ प्रतिशत र ५.४ प्रतिशत रहेको छ। दक्षिण एसियाली मुलुकहरु मध्ये भारत, पाकिस्तान

**Box 2.1: Top 20 Highest Remittance Receiving Countries & Nepal**

| Country's Name | Position in Terms of Remittance Amount | Remittance (in USD Billion) | Migrants (in Million) | Population (in Thousand) | Migrants as Percentage of Population |
|---|---|---|---|---|---|
| India | 1 | 72.2 | 13.9 | 1311051 | 1.1 |
| China | 2 | 63.9 | 9.7 | 1376049 | 0.7 |
| Philippines | 3 | 29.7 | 6.0 | 100699 | 6.0 |
| Mexico | 4 | 25.7 | 13.2 | 127017 | 10.4 |
| France | 5 | 24.6 | 2.2 | 66668 | 3.3 |
| Nigeria | 6 | 20.8 | 1.1 | 182202 | 0.6 |
| Egypt | 7 | 20.4 | 3.4 | 91508 | 3.7 |
| Pakistan | 8 | 20.1 | 6.2 | 188925 | 3.3 |
| Germany | 9 | 17.5 | 4.1 | 80.689 | 5.1 |
| Bangladesh | 10 | 15.8 | 7.6 | 160996 | 4.7 |
| Vietnam | 11 | 12.3 | 2.6 | 93448 | 2.8 |
| Belgium | 12 | 11.0 | 0.5 | 11299 | 4.7 |
| Spain | 13 | 10.5 | 1.2 | 46122 | 2.7 |
| Indonesia | 14 | 10.5 | 4.1 | 257564 | 1.6 |
| Italy | 15 | 9.9 | 2.9 | 59798 | 4.9 |
| Russia | 16 | 7.9 | 10.9 | 143457 | 7.6 |
| Lebanon | 17 | 7.5 | 0.8 | 5851 | 13.9 |
| Poland | 18 | 7.2 | 3.9 | 38.612 | 10.1 |
| Srilanka | 19 | 7.2 | 1.8 | 20715 | 8.6 |
| USA | 20 | 7.0 | 3.2 | 325563 | 1.0 |
| ***Nepal*** | ***23*** | ***6.6*** | ***2.0*** | ***28175*** | ***7.1*** |

*Source: UNCTAD and World Bank.*

*Note: Migration and Population Data-2013; Remittance Data -2015.*

| Box 2.2 : Top 20 Remittance Receiving Countries in 2015 | | | | | |
|---|---|---|---|---|---|
| S.N. | Countries | Remittance as % of GDP | S.N. | Countries | Remittance as % of GDP |
| 1 | Tajikistan | 41.7 | 11 | Armenia | 17.9 |
| 2 | Kyrgyz Republic | 30.3 | 12 | Samoa | 17.6 |
| 3 | **Nepal** | **29.2** | 13 | Lesotho | 17.4 |
| 4 | Tonga | 27.9 | 14 | Honduras | 17.4 |
| 5 | Moldova | 26.2 | 15 | West Bank of Gaza | 17.1 |
| 6 | Liberia | 24.6 | 16 | El Salvador | 16.8 |
| 7 | Bermuda | 23.1 | 17 | Jamaica | 16.3 |
| 8 | Haiti | 22.7 | 18 | Lebanon | 16.2 |
| 9 | Comoros | 20.2 | 19 | Kosovo | 16.1 |
| 10 | Gambi, The | 20 | 20 | Marshall Islands | 14 |

Source : UNCTAD and World Bank, 2015

तथा बङ्गलादेश जस्ता उच्च जनसङ्ख्या रहेका मुलुकहरू यस क्षेत्रमा रहनु, यी देशहरूको श्रम बजारमा वर्षेनी थपिने श्रमशक्तिको तुलनामा रोजगारी सृजना हुन नसक्नु तथा स्वदेशको तुलनामा अन्तर्राष्ट्रिय बजारमा ज्यालादर उच्च हुनु लगायत आन्तरिक तथा बाह्य कारणहरूले यी देशहरूबाट ठूलो सङ्ख्यामा श्रम शक्ति बाहिर गएकोले विप्रेषण आप्रवाह पनि उच्च रहेको हो । विश्व बैंकको सन् २०१३ को तथ्याङ्क अनुसार सबैभन्दा बढी कामदारहरु बाहिरिएका ३ देशहरुमध्ये भारतबाट १ करोड ३९ लाख, चीनबाट ९७ लाख तथा फिलिपिन्सबाट ६० लाख रहेको देखिन्छ । उक्त तथ्याङ्कमा नेपालबाट २० लाख कामदार देश बाहिर रहेको देखिन्छ । यद्यपी, वैदेशिक रोजगार विभागको वार्षिक प्रगति विवरण अनुसार २०५०/५१ देखि २०७१/७२ सम्ममा ३९ लाख ५९ हजार (तालिका २.१) नेपाली विदेशमा काम गर्न गएको देखिन्छ भने यस तथ्याङ्कलाई आधार मान्दा नेपालको सन् २०१५ को कुल जनसङ्ख्या २ करोड ८० लाखमा सोको अनुपात करिब १४ प्रतिशत हुन आउँछ ।

३०. विश्व बैंकका अनुसार सन् २०१५ मा विप्रेषण रकम भित्र्याउने प्रमुख ३ मुलुकमा भारत, चीन तथा फिलिपिन्स रहेका छन् । यस अनुसार सन् २०१५ मा भारतमा यु.एस. डलर ७२.२ अर्ब, चीनमा ६३.९ अर्ब तथा फिलिपिन्समा २९.७ अर्ब विप्रेषण आप्रवाह भएको पाइन्छ । उक्त समूहमा नेपाल यु.एस. डलर ६.६ अर्ब बराबरको विप्रेषण भित्र्याई २३ औं स्थानमा रहेको छ । त्यसैगरी, कुल गार्हस्थ्य उत्पादनसँग विप्रेषण आम्दानीको अनुपात उच्च हुने प्रमुख ३ मुलुकहरू ताजिकिस्तान (४१.७ प्रतिशत), किर्गिज रिपब्लिक (३०.३ प्रतिशत) र नेपाल (२९.२ प्रतिशत) रहेका छन् ।


## नेपालमा वैदेशिक रोजगारी, विप्रेषण आय र यसको उपयोग

### वैदेशिक रोजगारी

३१. नेपालमा अन्तराष्ट्रिय विप्रेषण आप्रवाहको इतिहास लामो रहेको छ । परम्परागत रूपमा नेपालीहरूको रोजगारीको मुख्य गन्तव्य भारत रहेको थियो । नेपाल भारतबीच भौगोलिक निकटता, भारतीय श्रम बजारमा रहेको सहज पहुँच, ऐतिहासिक तथा साँस्कृतिक सम्बन्ध, खुल्ला सीमाना, सहज आवत-जावत तथा न्यून यातायात लागत लगायतका कारण ठूलो सङ्ख्यामा नेपाली कामदारहरू भारत जाने गरेको देखिन्छ तर आधिकारिक संख्या निर्क्योल हुन भने सकेको छैन (Nepal Rastra Bank, 2007)।

३२. योजनागत रूपमा हेर्दा आठौं पञ्चवर्षीय योजना (२०४९-५४) देखि सरकारले नेपाली कामदारहरूको लागि वैदेशिक रोजगारका लागि गन्तव्य मुलुकहरूको खोजी गर्न प्राथमिकता दिन थालेको देखिन्छ ।

३३. तत्पश्चात्का योजनाहरूमा वैदेशिक रोजगारीमा जाने गन्तव्य मुलुकहरूको पहिचान, पहल र देशगत विविधीकरण गर्दै विप्रेषण आयको महत्वलाई समेत आत्मसात् गरेको देखिन्छ । यसको परिणामस्वरूप विगत केही वर्षयता वैदेशिक रोजगारमा जाने परम्परामा व्यापक परिवर्तन आई ठूलो सङ्ख्यामा नेपाली कामदारहरू मेलेसिया, खाडी मुलुकहरू लगायतका अन्य विभिन्न देशहरूमा कार्यरत रहेका छन् ।




३४. सो अनुसार, आर्थिक वर्ष २०५०/५१ सम्म जम्मा ३ हजार ६ सय जना नेपालीहरू भारतबाहेक अन्य मुलुकमा वैदेशिक रोजगारीमा गएकोमा उक्त संख्या मध्ये साउदी अरब जानेको संख्या मात्र २ हजार ३ सय रहेको थियो । सो पश्चातका वर्षहरूमा उक्त संख्यामा उल्लेख्य वृद्धि हुन गएको देखिन्छ । यसरी आर्थिक वर्ष २०७१/७२ मा रोजगारीमा जाने कामदारको संख्या ५ लाख १२ हजार पुगेको छ ।

तालिका २.१
वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको संख्या

| आर्थिक वर्ष | कामदारको संख्या (हजारमा) | संचित आवृत्ति |
|---|---|---|
| २०५०/५१ | ३.६१ | ३.६१ |
| २०५१/५२ | २.१६ | ५.७७ |
| २०५२/५३ | २.१३ | ७.९० |
| २०५३/५४ | ३.२६ | ११.१६ |
| २०५४/५५ | ७.७५ | १८.९१ |
| २०५५/५६ | २७.८ | ४६.७१ |
| २०५६/५७ | ३५.५४ | ८२.२५ |
| २०५७/५८ | ५५.०३ | १३७.२८ |
| २०५८/५९ | १०४.७४ | २४२.०२ |
| २०५९/६० | १०५.०४ | ३४७.०६ |
| २०६०/६१ | १०६.६७ | ४५३.७३ |
| २०६१/६२ | १३९.७२ | ५९३.४५ |
| २०६२/६३ | १६५.२५ | ७५८.७० |
| २०६३/६४ | २०४.५३ | ९६३.२३ |
| २०६४/६५ | २४९.०५ | १२१२.२८ |
| २०६५/६६ | २१९.९७ | १४३२.२५ |
| २०६६/६७ | २९४.०९ | १७२६.३४ |
| २०६७/६८ | ३५४.७२ | २०८१.०६ |
| २०६८/६९ | ३८४.६७ | २४६५.७३ |
| २०६९/७० | ४५३.५४ | २९१९.२७ |
| २०७०/७१ | ५२७.८१ | ३४४७.०८ |
| २०७१/७२ | ५१२.८९ | ३९५९.९७ |

*स्रोत : वैदेशिक रोजगार विभाग ।*


३५. प्रत्येक वर्ष नेपालको श्रम बजारमा थपिने जनशक्ति र स्वदेशमा सृजना हुने रोजगारीको अवसरबीचको असन्तुलनका कारण युवा जनशक्तिहरू रोजगारीको लागि विदेशिने गरेका हुन् । नेपाल सरकार तथा श्रमिक माग गर्ने मुलुकहरूले आत्मसात गरेको सहयोगी नीति, नेपालको न्यून आर्थिक वृद्धिदरका कारण कृषि क्षेत्र बाहेक स्वदेशी श्रम बजारमा रहेको श्रमिकको न्यून माग, विगत लामो समयसम्मको शसस्त्र जनयुद्ध तथा राजनैतिक अस्थिरता लगायतका कारण नेपाली कामदारहरू वैदेशिक रोजगारमा जाने परम्पराले बढावा पाएको हो ।

३६. नेपालको वैदेशिक रोजगारीमा खासगरी तीन प्रकारका संरचनात्मक परिवर्तन देखिएको छ । प्रथमतः, २०५० को दशकको मध्यदेखि मुलुकभित्र बढ्दै गएको सशस्त्र जनआन्दोलनले शान्ति सुरक्षा लगायत आय आर्जन र रोजगारीको वातावरणमा नकारात्मक असर परेकोले गर्दा विकल्पको रूपमा वैदेशिक रोजगारीले प्रश्रय पाउन थाल्यो । दोस्रो, २०६२/६३ को जनआन्दोलन पश्चात पनि लगातारको राजनैतिक अस्थिरताले लगानीको वातावरणमा सुधार आउन नसकेको तर मलेसिया र खाडी मुलुकहरूमा उच्च आर्थिक वृद्धि हासिल हुन थालेकोले त्यसतर्फ श्रमिकको माग बढ्दै गएकोले नेपालको वैदेशिक रोजगारीमा उच्च वृद्धि हुन थाल्यो । तेस्रो, गत आर्थिक वर्षदेखि पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्यमा ठूलो गिरावट आउन


थालेकोले खाडी क्षेत्र लगायत तेल निर्यात गर्ने देशहरूको आर्थिक अवस्था केही शिथिल हुँदै गई श्रमिकको माग कम हुन थालेकोले यसको प्रत्यक्ष प्रभाव नेपालको वैदेशिक रोजगारीमा देखिन थालेको छ।

## विप्रेषण आप्रवाह

३७. नेपालबाट कामका लागि विदेश जाने प्रचलन र सो अनुसारको विप्रेषण आप्रवाह विगत लामो समयदेखि कायम रहे तापनि ४० को दशकसम्म पनि विप्रेषण आयको आकार नगन्य रहेको थियो । विगत डेढ दशकको अवधिमा कुल गार्हस्थ्य आयको तुलनामा विप्रेषण आयले उल्लेख्य आकार ग्रहण गरेको मात्र नभई अर्थतन्त्र धान्ने प्रमुख स्रोतको रूपमा विप्रेषण देखा परेको छ । सो अनुसार, आर्थिक वर्ष २०५७/५८ मा औपचारिक माध्यमबाट नेपालमा रु ४७ अर्ब वरावरको विप्रेषण प्राप्त भएकोमा त्यसको १५ वर्षको अन्तरालमा यस्तो आय करिव १३ गुणाले उल्लेख्य वृद्धि भई आर्थिक वर्ष २०७१/७२ मा उक्त रकम रु ६१७ अर्ब पुगेको छ (Ministry of Finance, 2072)।




३८. ग्रामीण क्षेत्रका बेरोजगार युवाहरू कामको खोजीमा विदेशिने गरेसँगै विप्रेषण प्राप्त गर्ने घरपरिवारको आयस्तरमा समेत सकारात्मक प्रभाव परेको छ । नेपाल श्रम शक्ति सर्वेक्षण, २००८ (Nepal Labor Force Survey, 2008) अनुसार २३ प्रतिशत घरपरिवारले विदेशी मुलुकबाट विप्रेषण प्राप्त गर्ने गरेका छन् भने कुल विप्रेषण आप्रवाहमा भारतबाट प्राप्त हुने विप्रेषणको अंश १३.४ प्रतिशत रहेको छ । त्यसैगरी, नेपाल जीवनस्तर सर्वेक्षण (Nepal Living Standard Survey) २०११ अनुसार घरपरिवारको कुल आम्दानीमा विप्रेषणको अंश १७ प्रतिशत रहेको छ भने विप्रेषण प्राप्त गर्ने घरपरिवारको कुल आम्दानीमा विप्रेषण आयको अंश ३१ प्रतिशत रहेको छ। तराईमा प्रत्येक तीन मध्ये दुई घरपरिवारले विप्रेषण आय प्राप्त गर्ने गरेका छन् भने पहाडी तथा हिमाली क्षेत्रमा प्रत्येक दुईमा एक घरपरिवारले विप्रेषण रकम प्राप्त गर्ने गरेका छन्। साथै, तराई क्षेत्रमा भित्रिने विप्रेषण आय पहाडी तथा हिमाली क्षेत्रको तुलनामा २.५ गुणा बढी रहेको छ।



३९. आर्थिक वर्ष २०५०/५१ मा देशको कुल गार्हस्थ्य उत्पादनसँग कुल गार्हस्थ्य बचतको अनुपात १४.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७०/७१ मा ११.९ प्रतिशत रहन गएको छ । जब कि आर्थिक वर्ष २०५०/५१ मा कुल गार्हस्थ्य उत्पादनसँग कुल राष्ट्रिय बचतको अनुपात १६.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७०/७१ मा उक्त अनुपातमा उल्लेख्य वृद्धि भई ४५.७ प्रतिशत पुगेको छ । यसरी कुल गार्हस्थ्य उत्पादनसँग कुल राष्ट्रिय बचतको अनुपात उल्लेख्य रूपमा बढ्नुमा विप्रेषण आयको महत्वपूर्ण भूमिका रहन गएको छ । आर्थिक वर्ष २०५०/५१ मा विप्रेषण आयको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १.७४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७०/७१ मा २७.७ प्रतिशत रहेको छ । यसैगरी, आर्थिक वर्ष २०७१/७२ मा कुल गार्हस्थ्य उत्पादनसँग कुल गार्हस्थ्य बचतको अनुपात, कुल राष्ट्रिय बचतको अनुपात र विप्रेषण आप्रवाहको अनुपात क्रमशः ११.७ प्रतिशत, ४१.७ प्रतिशत र २९.१ प्रतिशत रहेको छ (Central Bureau of Statistics, 2016) । यसप्रकार विप्रेषण आप्रवाहको वृद्धि सँगसँगै मुलुकको कुल राष्ट्रिय बचत समेत उल्लेख्य रूपमा क्रमशः बढ्दै गएको र यसले दिगो आर्थिक लगानीको आधार उपलब्ध गराएको छ । तथापि, उत्पादनशील लगानीका अवसरहरू सृजना गरी उपलब्ध राष्ट्रिय बचतको सदुपयोग गर्नेतर्फ सरकारी तथा निजी क्षेत्र अपेक्षानुरूप सफल हुन सकेको भने देखिँदैन ।

४०. यसरी वैदेशिक रोजगार र विप्रेषण आयको उच्च विस्तार भएको कारण यसको भूमिका नेपाली अर्थतन्त्रमा महत्वपूर्ण हुँदै गएको छ । हालको बेरोजगारीको समस्या समाधान तथा गरिबी न्यूनीकरणमा वैदेशिक रोजगार तथा विप्रेषण आयको भूमिका उल्लेख्य देखिएको छ । त्यसैगरी नेपालमा उच्च गतिमा बढ्दै गएको व्यापार घाटा तथा बाह्य ऋण भुक्तानी सेवा (Debt Servicing) का बाबजुद अर्थतन्त्रलाई भुक्तानी सङ्कटबाट जोगाउन मात्र नभई विदेशी मुद्राको उच्च सञ्चिति कायम गर्न समेत विप्रेषण आयले सघाउ पुऱ्याएको छ (Ministry of Finance, 2071) ।

## वैदेशिक रोजगार प्रक्रिया

४१. हालका वर्षहरूमा मलेसिया, खाडी मुलुकहरू, कोरिया, भारत लगायतका देशहरू नेपाली कामदारहरूको लागि वैदेशिक रोजगारका लागि प्रमुख गन्तव्य भएका छन् । नेपालको भारतसँग खुल्ला सिमाना रहेका कारण नेपाली कामदारहरू भारतीय भूमिमा कामको खोजीमा जानको लागि औपचारिक प्रकृया तथा माध्यम प्रयोग भएको देखिँदैन । घरपरिवारको व्यक्तिगत चिनजान तथा आफन्त एवम् साथीभाईका माध्यमबाट भारतमा कामको लागि जाने प्रचलन बढी देखिन्छ । अन्य मुलुकहरूको हकमा भने कामदार पठाउने काममा नेपाल सरकारबाट इजाजत प्राप्त वैदेशिक रोजगार कम्पनीहरू यस कार्यमा सक्रिय रहेको पाइन्छ । नेपालले हालसम्म ११० मुलुकहरूको लागि वैदेशिक रोजगार खुल्ला गरेको छ वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ७५२ मेनपावर कम्पनीहरू सञ्चालनमा रहेका छन् (Department of Foreign Employment, 2014) ।

४२. सामान्यतः वैदेशिक रोजगारदाताले माग गरे बमोजिम मेनपावर कम्पनीहरूले योग्यता पुगेका नेपाली कामदारहरू विज्ञापन मार्फत माग गर्छन् । विज्ञापन गर्दा कामदारहरूले पाउने तलब, भत्ता, सेवा अवधि, जाने-आउने खर्च लगायतका विवरण उल्लेख गरिएको हुन्छ । उक्त विज्ञापनको आधारमा रोजगारीमा जान चाहने नेपाली युवाहरूले आवश्यक कागजपत्र सहित मेनपावर कम्पनीमा दरखास्त पेस गर्दछन् । पेस गरिएका कागजातको अध्ययन, मेनपावर कम्पनीद्वारा लिइने पूर्व अन्तर्वार्ता तथा रोजगारदाता कम्पनीको प्रतिनिधिद्वारा लिइने अन्तिम अन्तर्वार्ता मार्फत आवश्यक कामदारहरू छनौट गर्ने प्रचलन रहेको छ ।

४३. वैदेशिक रोजगारमा जाने कामदारले रोजगारीको सिलसिलामा विभिन्न देशमा जाँदा लाग्ने अधिकतम लागत, न्यूनतम पारिश्रमिक लगायत अन्य प्रक्रियागत व्यवस्थाका सम्बन्धमा वैदेशिक रोजगार ऐन, २००७

मा व्यवस्थित गरिएको छ । यस बाहेक श्रम विभागले आवश्यकता अनुसार अन्य निर्देशनहरू समेत जारी गरी वैदेशिक रोजगारमा जाने र पठाउने कम्पनीको भूमिका तथा कर्तव्य निर्दिष्ट गरेको छ ।

## रोजगारीका गन्तव्य मुलुकहरु तथा कामको प्रकृति

४४. आर्थिक वर्ष २०५७/५८ सम्म नेपाली कामदारको लागि वैदेशिक रोजगारीको प्रमुख गन्तव्य मुलुक साउदी अरब रहेको थियो तर सो पश्चात गन्तन्व्य स्थल क्रमशः परिवर्तन हुँदै गएका छन् । नेपालले ११० मुलुकहरू वैदेशिक रोजगारीका लागि खुल्ला गरेको भए तापनि नेपाली कामदारहरूको प्रमुख गन्तब्य मुलुकहरूमा हाल मलेसिया, कतार, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स रहेका छन् । सो अनुसार आर्थिक वर्ष २०७१/७२ मा कुल नेपाली श्रमिकहरू मध्ये ३९.५ प्रतिशतले मलेसिया, २४.२ प्रतिशतले कतार, १९.२ प्रतिशतले साउदी अरब, १०.५ प्रतिशतले यु.ए.ई., १.९ प्रतिशतले कुवेत र १.० प्रतिशतले दक्षिण कोरियाको लागि श्रम विभागबाट अन्तिम श्रम स्वीकृति लिएका छन् ।

४५. यस बाहेक वैदेशिक रोजगारीका लागि तेस्रो मुलुक जानेको संख्या क्रमिक रूपमा बढ्दै गएको विभिन्न अध्ययनहरूले देखाएका छन् । यसतर्फ भने खासगरी व्यक्तिगत तथा अनौपचारिक तबरबाट जाने कामदारको संख्या उच्च रहेकाले सङ्ख्यात्मक विवरण यकिन हुन सकेको छैन । एकातिर वर्षेनी ठूलो संख्यामा नेपाली कामदारहरू भारतको बाटो हुँदै मलेसिया, खाडी मुलुक लगायतका देशहरूतर्फ कामको खोजीमा जाने प्रवृत्ति समेत देखिएको छ भने अर्कोतर्फ हालैका दिनहरूमा कतिपय देशहरूमा नेपाली कामदार अलपत्र परिरहेका समाचारहरू प्रशस्त आउने गरेका छन् । साउदी अरब तथा मलेसिया लगायत कतिपय देशहरूले अवैधानिक रूपमा काम गर्दै गरेका विदेशी कामदारहरूलाई स्वदेश फर्काउन गरेको निर्णयको असर नेपाली कामदारमा समेत देखिएको समाचारहरू प्रकाशित भइरहेका छन् । यसबाट वैदेशिक रोजगारीको आकर्षण बढेको भए तापनि यसलाई थप व्यवस्थित गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

४६. विभिन्न अध्ययन तथा तथ्याङ्कहरूले विदेशी रोजगारीमा जाने, अझ खासगरी तेस्रो मुलुक जाने श्रमशक्ति मध्ये दक्ष जनशक्तिको अनुपात अत्यन्त न्यून रहेको देखिएको छ । सो अनुसार आर्थिक वर्ष २०७०/७१ मा कामदारको रूपमा तेस्रो मुलुक गएका कुल ४ लाख ४९ हजार ७ सय ८ कामदारहरू मध्ये ७३.७ प्रतिशत अदक्ष, १२.० प्रतिशत अर्ध-दक्ष तथा १४.३ प्रतिशत मात्र दक्ष रहेका छन् भने उच्च दक्षता एवम् विशिष्ट दक्षता भएका कामदारको संख्या ज्यादै नै न्यून रहेको छ (तालिका २.३) ।

### तालिकाः २.२

### वैदेशिक रोजगारका लागि अन्तिम श्रम स्वीकृति लिने कामदारहरूको संख्या

| गन्तव्य मुलुक | श्रम स्वीकृति लिनेको कुल संख्या | | | परिवर्तन प्रतिशत | | अंश |
|---|---|---|---|---|---|---|
| | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७०/७१ | २०७१/७२ | २०७१/७२ |
| मलेसिया | १५६७७० | २१४२७० | २०२८२८ | ३६.७ | -५.३ | ३९.५ |
| कतार | ९०९३५ | १२५१७० | १२४३६८ | ३७.६ | -०.६ | २४.२ |
| साउदी अरब | ८६२७६ | ८६६५३ | ९८२४६ | ०.४ | १३.४ | १९.२ |
| यु.ए.ई. | ५२२९५ | ५४६२५ | ५३६९९ | ४.५ | -१.७ | १०.५ |
| कुवेत | १४४०१ | १९८६१ | ९६६८ | ३७.९ | -५१.३ | १.९ |
| बहराइन | ३३९० | ४२६० | ४१६५ | २५.७ | -२.२ | ०.८ |
| ओमन | ३११४ | ३३४५ | २३०० | ७.४ | -३१.२ | ०.४ |
| दक्षिण कोरिया | ४२९९ | ५८११ | ५१५८ | ३५.२ | -११.२ | १.० |
| अन्य | ४२०६३ | १३८१९ | १२४५५ | -६७.१ | -९.९ | २.४ |
| **कुल** | **४५३५४३** | **५२७८१४** | **५१२८८७** | **१६.४** | **-२.८** | **१००.०** |

*स्रोतः नेपाल सरकार, वैदेशिक रोजगार विभाग ।*

४७. विदेशमा काममा जाने कामदारको लैङ्गिक विश्लेषण गर्दा, कुल महिला कामदारहरू मध्ये ९६.० प्रतिशत अदक्ष तथा अर्ध-दक्ष रहेका छन् भने ४.० प्रतिशत मात्र दक्ष तथा उच्च दक्ष देखिएका छन् । यस सम्बन्धी

नेपाल राष्ट्र बैंकले गरेको एक अध्ययनका अनुसार करिव ५२ प्रतिशत कामदार कारखानामा काम गर्ने र प्राविधिकको रूपमा कार्यरत देखिएको छ भने १३ प्रतिशत दैनिक ज्यालादारी, सुरक्षा गार्ड, घरायसी कामदारको रूपमा रहेका छन् । यसैगरी ड्राइभर, व्यापार तथा अन्य क्षेत्रमा प्रत्येकमा ६/६ प्रतिशत गरी १८ प्रतिशत र सरकारी जागिरमा ४ प्रतिशत कार्यरत रहेको देखिएको छ ।

**तालिका २.३**
**दक्षता अनुसार कामदारको प्रकार (आ.व.२०७०/७१)**

| कामदारको प्रकार | महिला | पुरुष | जम्मा | अंश |
|---|---|---|---|---|
| अदक्ष | ११११४ | ३२०१२३ | ३३१३१७ | ७३.६७ |
| अर्धदक्ष | २०२१ | ५१७६३ | ५३७८४ | ११.९६ |
| दक्ष | १७३७ | ६२७७२ | ६४५०९ | १४.३४ |
| प्रोफेसनल | ४० | ४९ | ८९ | ०.०२ |
| उच्च दक्ष | ० | ९ | ९ | ०.०० |
| **जम्मा** | १४९९२ | ४३४७१६ | ४४९७०८ | १००.०० |

*स्रोत: वैदेशिक रोजगार विभाग, वार्षिक प्रतिवेदन २०७०/७१*

## वैदेशिक रोजगारी तथा विप्रेषण आय सम्बन्धी नीतिगत व्यवस्था

४८. मुलुकमा बढ्दो बेरोजगारी र गरिबीको समस्या समाधान गर्न आठौं पञ्चवर्षीय योजना (२०४९-५४) देखि वैदेशिक रोजगारको लागि संस्थागत रूपमा नीतिगत प्रयास भएको देखिन्छ। उक्त योजनाले वैदेशिक रोजगारको महत्वलाई आत्मसात् गरी बढीभन्दा बढी नेपाली कामदारको पहुँचलाई अन्तर्राष्ट्रिय बजारमा विस्तार गर्न समेत जोड दिएको थियो । नवौं पञ्चवर्षीय योजना (२०५४-५९) मा वैदेशिक रोजगारीलाई व्यवस्थित तथा नियमित बनाई थप रोजगारीका सम्भावना भएका देशहरूको खोजी गर्ने तथा वैदेशिक रोजगारीको प्रवर्द्धन एवम् विश्वसनीयता कायम गर्न एक स्वायत्त निकायको स्थापना गर्ने नीति लिइएको थियो । साथै, योजनामा वैदेशिक रोजगारलाई सहज तथा सरल बनाउन संस्थागत सुशासनमा सुधार गर्ने तथा सरकारी एवम् निजी क्षेत्रको सहकार्यमा पनि जोड दिइएको थियो। त्यसैगरी, यसपछिका योजनाहरूमा वैदेशिक रोजगारलाई ग्रामीण घरपरिवारको आयआर्जन तथा रोजगारीको एक प्रमुख माध्यमको रूपमा आत्मसात गरी यसको प्रवर्द्धन गर्न, मर्यादित बनाउन तथा संस्थागत गर्न विभिन्न नीतिगत प्रयासहरू भएको पाइन्छ ।

४९. राष्ट्रिय श्रम नीति २०५६, ले वैदेशिक रोजगार प्रवर्द्धन गर्न आवश्यक संयन्त्रहरूको निर्माणमा निम्न रणनीतिहरूमा जोड दिएको छ :

- वैदेशिक रोजगारलाई संस्थागत गर्न विशेष व्यवस्था गर्ने तथा वैदेशिक रोजगारको निरन्तरतालाई निश्चितता प्रदान गर्ने,
- विभिन्न मन्त्रालयहरूको सहभागितामा उच्च स्तरीय सल्लाहकार समितिको गठन गर्ने, र
- वैदेशिक रोजगारको विकासका लागि निजी क्षेत्रसमेतको सहभागितामा वैदेशिक रोजगार संस्थाको स्थापना गर्ने ।

५०. तीन वर्षीय योजना २०६८-७० मा वैदेशिक रोजगारलाई क्रमिक रूपमा संस्थागत गर्दै वैदेशिक रोजगारीमा जानेहरूका लागि सीप तथा दक्षता अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने, वैदेशिक रोजगार अभिवृद्धि गर्न नयाँ गन्तव्य मुलुक खोज्ने तथा ती मुलुकहरुसँग सम्बन्ध स्थापित गर्दै जाने उल्लेख गरिएको छ । यस योजना अवधिमा वैदेशिक लगानीको क्षेत्रमा भएका प्रमुख उपलब्धिहरूमा वैदेशिक रोजगार विभागको पुनर्गठन, श्रम कुटनीतिको विस्तार, न्यूनतम पारिश्रमिक निर्धारण, वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको गठन, वैदेशिक रोजगारीको क्रममा समस्यामा परेका नेपालीहरूको उद्धार तथा आर्थिक राहतको व्यवस्था, आप्रवासी स्रोत केन्द्रको स्थापना, जापान तथा कोरिया लगायतका देशहरूसँग श्रम सम्झौता तथा वैदेशिक रोजगारीमा जान महिला कामदारलाई समेत अनुमति प्रदान गरिनु आदि रहेका छन् ।

५१. नेपालमा वि.सं २०४२ सालमा वैदेशिक रोजगार ऐन जारी भए पश्चात् श्रम तथा रोजगार प्रर्वद्धन विभागले वैदेशिक रोजगार अनुमति सम्बन्धी कार्यहरू गर्दै आएको थियो । वि.सं. २०६४ मा उक्त ऐन संशोधन मार्फत वैदेशिक रोजगार सम्बन्धी कार्यको जटिलता तथा उच्च कार्यभारले गर्दा वैदेशिक रोजगार ऐन, २०६४ को अधीनमा रही वैदेशिक रोजगार सम्बन्धी विषयहरू हेर्ने गरी २०६५ सालमा वैदेशिक रोजगार विभागको स्थापना गरियो । हाल यस विभागले वैदेशिक रोजगार सम्बन्धी अनुमति प्रदान गर्ने, गुनासो सुन्ने, मेनपावर कम्पनीलाई सञ्चालन अनुमति प्रदान गर्ने तथा अनुगमन गर्ने एवम् वैदेशिक रोजगार सम्बन्धी सम्पूर्ण कार्यहरू गर्दै आएको छ ।

५२. त्यसैगरी, वैदेशिक रोजगार नीति, २०६८ मा वैदेशिक रोजगारलाई सुरक्षित, औपचारिक तथा विश्वसनीय बनाउँदै वैदेशिक रोजगारबाट प्राप्त प्रत्यक्ष तथा अप्रत्यक्ष फाइदाहरूलाई उपयोग गरी दिगो आर्थिक तथा सामाजिक विकासका माध्यमबाट गरिबी न्यूनीकरणमा जोड दिने उल्लेख गरिएको छ । उक्त नीतिमा मूलतः वैदेशिक रोजगारमा जाने कामदारको सुरक्षालाई प्रमुख महत्व दिइएको छ । साथै, वैदेशिक रोजगारमा महिलाको सहभागितालाई बढावा दिन विभिन्न मुलुकहरूमा सरकारी स्तरबाट नै कामको खोजी गर्ने लगायतका विषयहरू समेटिएको छ । यस नीतिका मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

- अन्तर्राष्ट्रिय बजारमा रोजगारका अवसरहरूको खोजी तथा प्रवर्द्धन गर्ने,
- वैदेशिक रोजगारबाट अधिकतम फाइदा लिनको लागि प्रतिस्पर्धात्मक क्षमता सहितको दक्ष जनशक्ति विकास गर्ने,
- वैदेशिक रोजगारलाई पारदर्शी, विश्वासिलो, व्यवस्थित तथा सुरक्षित बनाउने,
- महिला कामदारका विभिन्न मुद्दाहरूको सम्बोधन गर्ने तथा उनीहरूको अधिकारको सुनिश्चितता प्रदान गर्ने,
- वैदेशिक रोजगार व्यवस्थामा सुशासन कायम गर्ने, तथा
- विप्रेषणलाई मानव विकास तथा उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने ।

५३. यसरी वैदेशिक रोजगार प्रर्वद्धन गर्न सरकारी स्तरबाट भएको प्रयत्नसँगै रोजगारमा जाने संख्यामा पनि उल्लेख्य वृद्धि भएको र यसको परिणाम स्वरूप विप्रेषण आप्रवाहमा समेत उच्च वृद्धि भएको छ । विप्रेषण आप्रवाहमा भएको उल्लेख्य वृद्धिको कारण सुक्ष्म (घरपरिवार) तथा बृहत् (राष्ट्रिय स्तर) मा यसको महत्व उच्च रहेको छ । तसर्थ, दशौं पञ्चवर्षीय योजना (२०५९-६४) पछिका योजनाहरूमा नेपाल सरकारले योजनाबद्ध रूपमा विप्रेषण आप्रवाहलाई संस्थागत गर्ने तथा उत्पादनमूलक क्षेत्रमा परिचालन गरी बचत तथा लगानी अभिवृद्धि गर्ने नीतिमा जोड दिएको छ । यसका साथै, उक्त योजनाहरूमा कुल गार्हस्थ्य बचत बढाउने रणनीतिको रूपमा वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणलाई लिइएको छ ।

५४. त्यसैगरी, तीन वर्षीय अन्तरिम योजना २०६५-६७ मा घरपरिवारको बचत अभिवृद्धिको माध्यमबाट कुल स्थिर पुँजी लगानी/कुल गार्हस्थ्य उत्पादन तथा कुल बचत/ कुल ग्राहस्थ्य उत्पादनको अनुपात बढाउन बचतका अवसरहरू सृजना गरी तथा बचतका उपकरणहरूमा विविधता ल्याई बचत वृद्धिमा जोड दिने, घरपरिवारको बचत वृद्धि गर्न महिलाहरू प्रोत्साहित हुने उपकरणहरू उपलब्ध गराई बचतलाई लगानीमा परिवर्तन गर्ने एवम् विप्रेषणलाई देशको पूर्वाधार विकासमा उपयोग गर्न पूर्वाधार विकास ऋणपत्र निष्कासन गर्न प्रोत्साहन गर्ने उल्लेख छ ।

५५. दिगो र उच्च आर्थिक विकास हासिल गर्न लगानी अभिवृद्धि गर्नु आवश्यक छ । तीन वर्षीय योजना २०६८-७० ले युवा जनशक्तिले वैदेशिक रोजगारीमार्फत प्राप्त गरेको आम्दानी र हासिल गरेको दक्षतालाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने सम्भावना रहेकोले यसलाई विकासको अवसरका रूपमा लिएको छ ।

विगत केही वर्षदेखि विप्रेषण आप्रवाहका कारण कुल राष्ट्रिय बचत उत्साहजनक रूपमा बढेको पाइए तापनि बढ्दो उपभोग प्रवृत्तिले कुल गार्हस्थ्य बचतको वृद्धिमा शिथिलता देखिएको हुँदा विप्रेषण आप्रवाहलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने कार्य प्रमुख चुनौतीको रूपमा रहेको छ । तसर्थ, योजनाले बचत परिचालन गरी लगानी गर्ने क्षमता अभिवृद्धि गर्ने उद्देश्य हासिल गर्न उपभोगलाई व्यवस्थित गरी बचत परिचालन हुने वातावरण बनाई बचत परिचालन कार्यक्रमलाई प्राथमिकता दिने तथा वैदेशिक रोजगार प्रवर्द्धन गरी राष्ट्रिय बचत प्रवर्द्धन गर्ने रणनीति लिएको छ । साथै, बचत गर्ने प्रवृत्तिको विकास तथा विस्तार मार्फत दिगो आर्थिक वृद्धि तथा विकास हासिल गर्न विप्रेषण परिचालनका लागि वित्तीय संस्थाहरू मार्फत पूर्वाधार विकास बण्डको परिचालनमा प्रोत्साहन दिने उल्लेख छ ।

५६. सरकारी तवरबाट बचतलाई प्रोत्साहन गर्न विप्रेषण धेरै प्राप्त हुन सक्ने मुलुकलाई लक्षित गरी नयाँ-नयाँ बचत उपकरणहरू प्रयोगमा ल्याउने, विप्रेषणबाट प्राप्त रकमलाई उत्पादनशील क्षेत्रमा लगाउन बचत गर्ने प्रवृत्तिलाई बढावा दिने, अनावश्यक खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने जस्ता कार्यनीतिहरू अवलम्बन गरिएकोले नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०६७/६८ मा 'वैदेशिक रोजगार बचतपत्र कार्यविधि' निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । उक्त कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०६७/६८ बाट 'रोजगारीको लागि मुलुकबाहिर गएका वा रोजगारीबाट फर्केका नेपाली नागरिकहरू तथा विदेशमा बसोबास गर्ने गैर-आवासीय नेपालीहरूले आर्जन गरेको विदेशी मुद्रालाई वैधानिक माध्यमबाट स्वदेश भित्र्याउने तथा ऋणपत्रमा लगानी गर्न प्रोत्साहन गरी राष्ट्र निर्माणका लागि पुँजी परिचालन गर्ने उद्देश्यले वैदेशिक रोजगार बचतपत्रको निष्कासन सुरु गरेको पाइन्छ ।

५७. वैदेशिक रोजगारमा गएका घरपरिवारलाई बचतपत्रका बारेमा जानकारी गराई बिक्री वितरणलाई सरल तथा सहज तुल्याउने एवम् बचतपत्रको महत्वको बारेमा सुसूचित गराउने लगायतका कार्यहरू नेपाल राष्ट्र बैंकले गर्दै आएको छ । वैदेशिक रोजगार कार्यविधिमा उल्लेख भएबमोजिम नेपाल राष्ट्र बैंकलाई बचतपत्रको प्रवर्द्धन गर्न निम्न काम, कर्तव्य र अधिकारहरू प्रदान गरिएको छ :

- बचतपत्रको विशेषता तथा फाइदाहरूको बारेमा प्रचार प्रसार गर्न एक जानकारी पुस्तिका तयार गरी आवश्यकतानुसार विभिन्न निकाय तथा व्यक्तिहरूलाई उपलब्ध गराउने ।
- सेवाग्राहीलाई सहज र सरल ढङ्गले सेवा पुऱ्याउने अभिप्रायले बचतपत्र सम्बन्धी जानकारी नेपाल राष्ट्र बैंकको वेबसाइट मार्फत उपलब्ध गराउने ।
- बचतपत्रको प्राथमिक निष्कासन सम्बन्धी कार्य गर्न इच्छुक बिक्री एजेण्टहरूलाई इजाजतपत्र प्रदान गर्ने ।
- वैदेशिक रोजगार बचतपत्रको निष्कासन तथा विक्री वितरण सम्बन्धी आवश्यक अन्य कार्य गर्ने ।
- विदेशस्थित नेपाली कुटनैतिक नियोगहरूलाई बचतपत्र निष्कासन सम्बन्धी सूचना उपलब्ध गराउने ।

५८. यसका अलवा कार्यविधिमा विदेशस्थित नेपाली कुटनैतिक नियोगहरूलाई समेत परिचालन गरी बचतपत्रको विशेषता तथा फाइदाहरूको बारेमा सम्बन्धित मुलुकमा कार्यरत नेपाली नागरिक तथा गैर आवासीय नेपालीबीच व्यापक प्रचार प्रसार गर्ने एवम् नेपाल सरकारको परराष्ट्र मन्त्रालय र विदेशस्थित नेपाली दूतावासहरू वा अवैतनिक महावाणिज्य दूतहरूले बचतपत्र निष्कासनको लागि सम्बन्धित मुलुकका विभिन्न निकायहरूसँग लिनुपर्ने विविध सहयोगको लागि पत्राचार लगायतका कार्यहरू र बचतपत्र बिक्री एजेण्टहरूलाई सम्बन्धित मुलुकमा सो कार्य गर्न सहजकर्ताको भूमिका निर्वाह गर्ने उल्लेख छ (Nepal Rastra Bank, 2012a) ।

५९. त्यसैगरी, विप्रेषण रकमलाई बचत तथा लगानीतर्फ आकर्षित गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्न, मौद्रिक तथा वित्तीय नीति निर्माण एवम् तिनको प्रभावकारी कार्यान्वयनको लागि विप्रेषण रकम पठाउन

संस्थागत माध्यमको प्रयोगलाई आकर्षित गर्ने खालका नीति तथा कार्यक्रम तर्जुमा गर्ने सम्बन्धमा विभिन्न योजनाहरू अघि सारिएको छ । नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिका माध्यमबाट भारत, दक्षिण कोरिया लगायतका मुलुकहरूमा नेपाली बैंकका शाखा तथा प्रतिनिधि कार्यालय खोल्न प्रोत्साहन गर्ने उल्लेख गरेको छ (नेपाल राष्ट्र बैंक, २०६९) । विप्रेषण कारोबार गर्न तोकिएका कम्पनीहरूले विप्रेषण वापत सङ्कलन गरेको रकम विप्रेषण पठाउनेको परिवारले सहज भुक्तानी पाउने प्रयोजनको लागि सम्बन्धित व्यक्तिले प्राप्त गर्ने रकम बराबरको Prepaid Remittance Card जारी गर्न सक्ने व्यवस्था मिलाइने उल्लेख गरेको छ (Nepal Rastra Bank, 2013) ।

६०. विप्रेषणलाई थप संस्थागत गर्न २०७१/७२ को मौद्रिक नीति मार्फत हाल सञ्चालनमा रहेका विप्रेषण कम्पनीहरूलाई विप्रेषण कम्पनीहरूको पहुँच नपुगेका देशहरूमा कार्यक्षेत्र विस्तार गर्न प्रोत्साहित गर्ने तथा नयाँ कम्पनी खोल्दा पहुँच नभएका देशमा मात्र खोल्न पाउने नीतिगत व्यवस्था गर्ने उल्लेख छ । यसै परिप्रेक्ष्यमा नेपाल राष्ट्र बैंकले विप्रेषण आप्रवाहलाई संस्थागत गर्ने उद्देश्यका साथ नेपाल राष्ट्र बैंक, विप्रेषण विनियमावली-२०६७ कार्यान्वयनमा ल्याएको छ । उक्त विनियावलीले विप्रेषणको कारोबार गर्ने संस्थाहरूलाई इजाजत पत्र प्रदान गर्ने कार्यविधि, विप्रेषण कारोबार गर्दा पालन गर्नुपर्ने सर्त लगायतका विषयहरूलाई सम्बोधन गरेको पाइन्छ ।

## विप्रेषण बण्डको उपयोग

६१. विदेशी मुद्रामा निष्कासन गरिने डायसपोरा बण्ड विदेशमा आर्जन गरेको रकमलाई खिच्ने एक माध्यम तथा दीर्घकालीन लगानीको स्रोतको रूपमा रहेको छ । लगानीकर्ताको पक्षबाट विश्लेषण गर्दा डायसपोरा बण्ड सम्पत्तिको विविधीकरण तथा जोखिम व्यवस्थापन गर्ने अवसर दिने माध्यमको रूपमा लिइन्छ । सर्वप्रथम इजरायलले सन् १९५१ बाट विप्रेषणलाई लक्ष्य गरी विभिन्न बण्डको निष्कासन सुरु गरेको पाइन्छ । इजरायलले जुइज डायसपोरा मार्फत विदेशी विनिमय सञ्चिति बढाउन दीर्घकालीन (१० देखि १५ वर्ष) भुक्तान अवधि भएका गैर-सम्झौतित डायसपोरा बण्डको निष्कासन तथा बिक्री सुरु गरेको थियो । हाल उक्त बण्डको बिक्रीबाट उठेको रकम भवन निर्माण, सूचनाको पूर्वाधार लगायतका महत्वपूर्ण पूर्वाधारहरूको विकासमा उपयोग गर्ने गरिएको छ ।

६२. त्यसैगरी, भारतले पनि सन् १९९१ बाट गैर आवासीय भारतीयलाई लक्षित गरी Indian Development Bond को नाममा यस्तो बण्डको निष्कासन सुरु गरेको पाइन्छ । विभिन्न मुद्रामा निष्कासन गरिएका बण्डको भुक्तानी अवधि ५ वर्ष रहेको छ ।

६३. विभिन्न देशहरूले यस प्रकारका बण्ड निष्कासन मार्फत विकास निर्माणलाई आवश्यक ठूलो लगानीयोग्य रकम सङ्कलन गरेको देखिन्छ (Ketker and Ratha, 2009)। डायसपोरिक समाजहरू आफ्नो जन्मभूमिप्रति आस्थावान हुने तथा आफन्तजनसँग भावनात्मक सम्बन्ध राख्ने एवम् उनीहरूको उत्थानमा सधैं सकारात्मक हुने भएकाले यस्ता बण्डहरूको निष्कासन तथा बिक्री मार्फत लगानीगोग्य रकम सङ्कलन गर्न सकिने कुरा विभिन्न देशहरूको अनुभवबाट देखिएको छ ।

**तालिका २.४**
**डायसपोरा बोण्ड**

| विवरण | इजरायल | भारत |
|---|---|---|
| निष्काशनको सुरुवात | सन् १९५१ | सन् १९९१ |
| उद्देश्य | विकास निर्माण | भुक्तानी सन्तुलन समायोजन |
| परिपक्व अवधि | १ देखि २० वर्ष | ५ वर्ष |
| लक्षित समूह | डायसपोरस (प्रमुख) तथा अन्य | डायसपोरस मात्र |
| प्रकृति | गैह्र-सम्झौतित | गैह्र-सम्झौतित |
| कुल निष्कासन | यू.एस. डलर २५ विलियन | यु.यस. डलर ११ विलियन |

*स्रोत : Ketker and Ratha, 2009.*

६४. अफ्रिकी मुलुकहरूमध्ये इथियोपियाले सबैभन्दा पहिले डायसपोरस बण्ड निष्कासनको सुरुआत गरेको थियो । उक्त बण्डहरु कुनै निश्चित परियोजनामा आधारित रहेका थिए । त्यसपछि केन्या, घाना, मोरक्को, नाइजेरिया लगायतका मुलुकहरूबाट निष्कासित बण्डहरू अन्तर्राष्ट्रिय बजारमा अझै उपलब्ध रहेका छन् । अफ्रिकी मुलुकहरूको विकास मूलतः बाह्य लगानीमा निर्भर रहने गरेको छ । पछिल्ला वर्षहरूमा बाह्य लगानीका परम्परागत स्रोतहरू Foreign Direct Investment र Official Development Assistance मा ह्रास आउनुका साथै विश्व आर्थिक मन्दी पश्चात विप्रेषण आप्रवाहमा समेत गिरावट आएकोले ती मुलुकहरूले डायसपोरस बोण्डलाई विकास निर्माणको लागि आवश्यक स्रोतको रूपमा प्रयोग गर्न खोजेको देखिन्छ । जसमा अफ्रिकी विकास बैंक तथा विश्व बैंकले उक्त बण्डको निष्कासन गर्न विभिन्न राष्ट्रहरूलाई आवश्यक सहायता पनि प्रदान गर्दै आएका छन् ।

६५. डायसपोरा बण्डको सफल उपयोगको लागि सरकारले लक्षित घरपरिवारमा सूचना तथा जानकारी प्रभावकारी रूपमा प्रवाह गर्नु आवश्यक छ । अझ महत्वपूर्ण कुरा बण्ड खरिद गर्ने घरपरिवारहरूलाई खरिद मार्फत उठेको रकम कुन-कुन प्रयोजनको लागि कसरी प्रयोग हुँदै छ भनी प्रष्ट पार्नु अत्यावश्यक हुन्छ । यस्ता बण्डहरूमा लगानी गर्ने लक्षित घरपरिवारसँग सरकारले निकट तथा विश्वासिलो सम्बन्ध स्थापित गर्न नसकेमा तथा प्रचार-प्रसारका माध्यमबाट भविष्यमा हुने आम्दानी तथा लगानीको सुनिश्चितता गर्न नसक्दा त्यस्ता योजनाहरू व्यावहारिक रूपमा उपयोगमा आउन कठिन हुन्छ ।

६६. नेपाल सरकारले पनि आर्थिक वर्ष २०६६/६७ देखि मूल रूपमा विप्रेषण आप्रवाहलाई वैधानिक माध्यमबाट स्वदेशमा भित्र्याउन तथा पुँजी निर्माणमा परिचालन गर्न वैदेशिक रोजगार बचतपत्रको निष्कासन सुरु गरेको देखिन्छ । निष्कासन गरेको पहिलो वर्षमा रु ४० लाख बराबरको बचतपत्र बिक्री भएको थियो भने त्यसभन्दा पछिल्ला प्रत्येक वर्षहरूमा यस्तो बचतपत्रको निष्कासन गरिएको भए तापनि आर्थिक वर्ष २०७१/७२ को अन्त्य सम्ममा जम्मा रु २१ करोड ५० लाख मात्र परिचालित भएको छ । पछिल्ला वर्षहरूमा बैंक तथा वित्तीय संस्थाहरूमा उच्च तरलता रहेकोले सरकारले निष्कासन गर्ने अन्य ऋणपत्रहरूमा आकर्षण रहेको पाइए तापनि वैदेशिक रोजगार बचतपत्रको बिक्रीबाट भने अपेक्षित रूपमा ऋण उठाउन नसकेको देखिन्छ । खासगरी, पुँजी बजारमा सेयरको खरिद गर्दा जस्तो पुँजीगत लाभ प्राप्त नहुने, बचतपत्रमा प्रदान गरिएको व्याजदर हालको मुद्रास्फीतिको हाराहारीमा मात्र रहेकोले वास्तविक व्याजदर शून्य प्रायः रहेको, परियोजनामुखी बण्ड जारी हुन नसकेको र उचित प्रचार-प्रसारको समेत कमी रहेकाले नेपालमा वैदेशिक रोजगार बचतपत्र अपेक्षित रूपमा प्रभावकारी हुन नसकेको देखिन्छ ।

# परिच्छेद ३
# स्थलगत अध्ययनका परिणामहरू

## घरपरिवार सदस्य संख्या

६७. सर्वेक्षणमा छानिएका कुल ३२० घरपरिवार मध्ये ५८.० प्रतिशत ग्रामीण क्षेत्रका रहेका छन् भने बाँकी ४२ प्रतिशत सहरोन्मुख तथा सहरी क्षेत्रका रहेका छन्। नेपाल जीवनस्तर सर्वेक्षण २०६७ का अनुसार नेपालको औसत घरपरिवार संख्या ४.९ रहे तापनि सर्वेक्षणमा समेटिएका विप्रेषण प्राप्त गर्ने घरपरिवारको औसत परिवार संख्या भने ५.९ देखिएको छ। रोजगारीको लागि कृषि बाहेक अर्थतन्त्रका अन्य क्षेत्रहरूको पर्याप्त विकास तथा विस्तार हुन नसकेको सन्दर्भमा सामान्यतः ठूलो परिवारका सदस्यहरू रोजगारी तथा आय आर्जनको लागि वैदेशिक रोजगारीमा भर पर्ने गरेकोले तुलनात्मक रूपमा जीवनस्तर सर्वेक्षण भन्दा यस अध्ययनमा औसत घरपरिवार संख्या केही उच्च रहन गएको हो। स्थलगत सर्वेक्षणमा समेटिएका कुल परिवार सदस्यमा १५ वर्षमुनिका सदस्यहरुको औसत संख्या १.८ रहेको छ भने ५९ वर्षभन्दा माथिको सदस्यहरुको औसत संख्या ०.४ रहेको छ। १५ वर्षदेखि ५९ वर्ष समूह अर्थात आर्थिक रूपले सक्रिय जनसंख्या प्रतिपरिवार औसत ३.७ रहेको छ भने परिवारमा आश्रित जनसङ्ख्या ३७.७ प्रतिशत रहेको छ। सर्वेक्षणमा समेटिएका घरपरिवार मध्ये ४९.७ प्रतिशत घरपरिवारमा महिला घरमुली रहेका छन्।


## शैक्षिक स्थिति

६८. कुल घरपरिवार मध्ये ८६.२ प्रतिशत घरपरिवारमा कम्तीमा पनि परिवारको १ जना सदस्य अध्ययनरत देखिएको छ। घरपरिवारले आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयभन्दा निजी विद्यालय तथा कलेजमा अध्ययन गराउने गरेको पाइएको छ। सो अनुसार, औपचारिक शिक्षा हासिल गर्ने बालबालिकाहरू मध्ये ५८.९ प्रतिशत निजी स्कुल/कलेजमा अध्ययन गर्ने गरेको पाइएको छ। सहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा निजी विद्यालयहरूको उपस्थिति न्यून रहने तथा घरपरिवारको आयस्तर समेत तुलनात्मक रूपमा न्यून हुने लगायतका कारण ग्रामीण क्षेत्रमा सामुदायिक विद्यालयमा पढ्नेको अंश धेरै रहेको छ। ग्रामीण क्षेत्रमा अध्ययनरत मध्ये ४६.९ प्रतिशत सरकारी स्कुल/कलेजमा अध्ययनरत छन् भने सहरी क्षेत्रमा उक्त संख्या २०.८ प्रतिशत रहेको छ।

## घरपरिवारको आम्दानीको स्रोत

६९. विप्रेषण प्राप्त गर्ने घरपरिवारको आम्दानीको मुख्य स्रोतको रूपमा कृषि व्यवसाय रहेको देखिन्छ। स्थलगत सर्वेक्षणमा समेटिएका ३२० घरपरिवारमध्ये कृषि क्षेत्रबाट प्राप्त आम्दानीलाई मुख्य स्रोतको रूपमा लिने घरपरिवार ४४.७ प्रतिशत रहेको छ भने वैदेशिक रोजगारबाट प्राप्त आयलाई आम्दानीको मुख्य स्रोतको रूपमा उल्लेख गर्ने घरपरिवार ३८.४ प्रतिशत रहेको छ। यस बाहेक व्यापार/व्यवसायबाट प्राप्त आय ९.७ प्रतिशत घरपरिवारको मुख्य स्रोतको रूपमा रहेको छ भने सेवा/पेन्सन आम्दानीको मुख्य स्रोत मान्ने घरपरिवार ३.८ प्रतिशत रहेका छन्।

चार्ट ३.१: आम्दानीको मुख्य स्रोत



## रोजगारीमा गएका सदस्य संख्या

७०. वैदेशिक रोजगारमा गएका सदस्यहरूमध्ये ९०.३ प्रतिशत घरपरिवारबाट एक जना सदस्य वैदेशिक रोजगारमा गएको देखिन्छ भने एकै घरबाट दुई जना रोजगारीमा गएको घरपरिवार ८.८ प्रतिशत र तीन वा सोभन्दा बढी सदस्य वैदेशिक रोजगारीमा गएको घरपरिवार ०.९ प्रतिशत रहेको छ।

## वित्तीय जानकारी

७१. बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति र प्रदान गर्ने सेवाहरूको उपलब्धतालाई वित्तीय समावेशीकरणको आपूर्ति पक्षका रूपमा लिइन्छ। वित्तीय सेवाको आपूर्ति पक्षलाई सामान्यतया नीतिगत परिवर्तनहरूले प्रभाव पारेको हुन्छ। अर्कोतर्फ, वित्तीय साधनको माग पक्षको सबलताको लागि वित्तीय संस्थामा भौतिक पहुँचका अतिरिक्त वित्तीय सेवाको उपयोग र सर्वसाधारणको वित्तीय क्षेत्रप्रतिको चेतना र ज्ञानमा जोड दिने प्रचलन रहेको हुन्छ।

७२. सामान्यतया वित्तीय समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रमहरूले खासगरी वित्तीय पहुँच नपुगेका घरपरिवारहरूमा वित्तीय साधनको उपलब्धतामा जोड दिने कारण यसले बचत परिचालन र कर्जा उपयोगको अवसर अभिवृद्धि हुनुको साथै औपचारिक वित्तीय साधनहरूको प्रयोगमा व्यापकता ल्याउन सहयोग पुऱ्याउने गर्दछ। यसर्थ, समावेशी आर्थिक वृद्धि हासिल गर्न वित्तीय समावेशिकरण अपरिहार्य ठानी सरकार, केन्द्रीय बैंक तथा अन्य सरोकारवाला निकायहरूले यस क्षेत्रमा जोड दिने गरेका छन्। यस सन्दर्भमा विप्रेषण प्राप्त गर्ने घरपरिवारको बैंकिङ तथा वीमा सम्बन्धी वित्तीय जानकारी समेत स्थलगत सर्वेक्षणमा समावेश गरिएको छ।

### तालिका ३.१ः वित्तीय जानकारी

प्रतिशतमा


| विवरण | समग्र | शिक्षित | अशिक्षित | ग्रामीण क्षेत्र | | | सहरी क्षेत्र | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समग्र | ग्रामीण शिक्षित | ग्रामीण अशिक्षित | समग्र | सहरी शिक्षित | सहरी अशिक्षित |
| घरमुलीको बैंक खाता | ६४.१ | ६९.८ | ४०.३ | ५८.२ | ६५.० | ३४.२ | ७२.१ | ७५.६ | ५२.४ |
| वैदेशिक रोजगारीमा गएको व्यक्तिको बैंक खाता | ३६.६ | ३६.७ | ३३.३ | ३२.१ | ३३.३ | ३२.० | ४२.७ | ४२.७ | – |
| घरपरिवार सदस्यको वीमा | २९.४ | ३७.२ | १२.९ | २८.३ | ३२.२ | १४.६ | ३०.९ | ३४.८ | ९.५ |

७३. विश्व बैंकका अनुसार नेपालको कुल जनसङ्ख्याको २५.३ प्रतिशतको मात्र औपचारिक वित्तीय संस्थामा खाता रहेको तुलनामा अध्ययनमा समेटिएका विप्रेषण प्राप्त गर्ने कुल घरपरिवार मध्ये ६४.१ प्रतिशत घरमुलीको एक वा एकभन्दा बढी बैंकमा खाता रहेको पाइएको छ। घरमुलीले परिवार सञ्चालनको लागि प्रायः सम्पूर्ण वित्तीय कारोबार गर्ने र रोजगारमा गएका व्यक्तिहरूलाई बैंकमा रकम पठाउन पनि सहज हुने कारण बैंक खाता हुने घरमुलीको अंश उच्च देखिएको हो। क्षेत्रगत रूपमा हेर्दा सहर तथा सहरोन्मुख क्षेत्रमा बसोवास गर्ने घरमुली मध्ये ७२.१ प्रतिशतको बैंक खाता रहेको छ भने ग्रामीण क्षेत्रमा बसोवास गर्ने घरमुली मध्ये ५८.२ प्रतिशतको मात्र बैंक खाता रहेको छ।

७४. स्थलगत सर्वेक्षणमा सर्वसाधारणले उपयोग गर्ने बैंकिङ सेवा उनीहरूको शैक्षिक स्तरमा पनि भर पर्ने गरेको देखिएको छ। स्थलगत सर्वेक्षणमा समेटिएका अशिक्षित घरमुलीहरू मध्ये ४०.३ प्रतिशतको मात्र बैंक खाता रहेको छ। यो अनुपात ग्रामीण क्षेत्रमा बसोवास गर्ने घरमुलीमा भने अझ न्यून रहेको छ।


अशिक्षित एवम् ग्रामीण क्षेत्रका घरमुली मध्ये ३४.२ प्रतिशतको मात्र बैंक तथा वित्तीय संस्थामा खाता रहेको छ । यसको तुलनामा सहर तथा सहरोन्मुख क्षेत्रमा बसोवास गर्ने तर लेखपढ गर्न नसक्ने घरमुली मध्ये ५२.४ प्रतिशतको बैंक खाता रहेको छ। सामान्यतः सर्वसाधारणको शिक्षाको स्तर तथा बैंक तथा वित्तीय संस्था माथिको पहुँच दुबैले सर्वसाधारणको बैंकिङ बानीमा असर पार्ने भए तापनि बैक तथा वित्तीय संस्थाको उपस्थितिले भन्दा व्यक्तिको शिक्षाको स्तरले बढी असर पार्ने देखिएको छ।

७५. लैङ्गिक रूपमा हेर्दा पुरुष घरमुली भएको घरपरिवार मध्ये ५६.५ प्रतिशत घरमुलीको बैंक खाता रहेको छ भने महिला घरमुली भएको परिवारमा उक्त प्रतिशत ७१.७ रहेको देखिन्छ। सर्वेक्षणमा महिला घरमुली शतप्रतिशत शिक्षित रहेको पाइएकोले पनि उक्त प्रतिशत उच्च रहन गएको हो ।




७६. वैदेशिक रोजगारमा गएका व्यक्ति मध्ये ३६.६ प्रतिशतको बैंक खाता रहेको छ । यसमध्ये एस.एल.सी वा सोभन्दा माथिको शिक्षा प्राप्त गरी रोजगारीमा गएका ४४.१ प्रतिशत व्यक्तिहरुको बैंक खाता रहेको छ। भौगोलिक अवस्थितिका आधारमा हेर्दा सहर तथा सहरोन्मुख क्षेत्रमा बसोवास गरी वैदेशिक रोजगारीमा गएकाको हकमा ४२.७ प्रतिशत व्यक्तिहरूको बैंक खाता रहेको छ भने ग्रामीण क्षेत्रमा बसोवास गर्ने मध्ये ३२.१ प्रतिशत व्यक्तिहरूको मात्र बैंक खाता रहेको छ। समग्रमा घरमुलीको तुलनामा रोजगारमा गएका व्यक्तिहरूको बैंकिङ्ग बानीको विकास हुन नसकेको देखिन्छ । यसर्थ, वित्तीय समावेशीकरणको लागि सम्बन्धित निकायबाट प्रदान गरिएका वित्तीय साक्षरता कार्यक्रमले युवा वर्गलाई अपेक्षित रूपमा आकर्षित गर्न नसकेको देखिएकोले आगामी दिनमा यस्ता कार्यक्रमहरू उक्त वर्गलाई अझ जोड दिने तर्फ केन्द्रित हुनु पर्ने देखिन्छ।

७७. वित्तीय पहुँच मापन गर्ने अर्को आधारको रूपमा वीमालाई हेर्ने गरिन्छ। विप्रेषण प्राप्त गर्ने कुल घरपरिवार मध्ये २९.४ प्रतिशत घरपरिवारका एक वा एकभन्दा बढी सदस्यले वीमा गरेको पाइन्छ। वित्तीय पहुँच अभिवृद्धि गर्न विगतमा लागू गरिएका नीति तथा कार्यक्रमहरू मूल रूपमा लघुवित्त बैंकिङ्ग सेवामा केन्द्रित रहेको र वीमा सेवालाई सँगसँगै नलगिएकोले वीमा गर्ने घरपरिवारको संख्या न्यून रहेको छ (Shrestha, 2072) । यसका अलावा वीमा कम्पनीहरूले आफ्ना ग्राहक संख्या वृद्धि गर्न अपेक्षित कार्यक्रमहरू अघि नबढाउनु तथा वीमा दाबी प्रक्रिया झन्झटिलो हुनुले पनि वीमाप्रति सर्वसाधारणहरू आकर्षित हुन नसकेको देखिन्छ।




७८. नेपालमा जीवन वीमा कम्पनी ९ तथा निर्जीवन वीमा कम्पनी १७ गरी कुल २६ वीमा कम्पनीहरू रहेका छन् । जीवन वीमा कम्पनीको तुलनामा निर्जीवन वीमा कम्पनीको संख्या करिव दुई गुणा भए तापनि निर्जीवन वीमा कम्पनीहरूले मूल रूपमा सहरी क्षेत्र तथा जोखिम कम भएका क्षेत्रहरूमा कारोबार सीमित गरेकोले कृषि, पशु लगायतका घरपरिवारसँग प्रत्यक्ष सम्बन्ध राख्ने क्षेत्रहरूमा वीमा कम्पनीको उपस्थिति


ज्यादै न्यून रहेको देखिन्छ । कुल बिमित घरपरिवार मध्ये ९४.० प्रतिशतले जीवन वीमा गरेका छन् भने केवल ६.० प्रतिशतले मात्र निर्जीवन वीमा गरेको पाइएको छ ।

७९. क्षेत्रगत रूपमा हेर्दा सहर तथा सहरोन्मुख क्षेत्रमा ३०.९ प्रतिशतले र ग्रामीण क्षेत्रमा २८.३ प्रतिशतले वीमा गरेका छन् । त्यसैगरी, घरमुलीको शिक्षाको स्तर अनुरूप हेर्दा शिक्षित घरमुली रहेकोमा ३३.३ प्रतिशतले र अशिक्षित घरमुली रहेकोमा १२.९ प्रतिशतले वीमा गरेका छन् । त्यस्तै, महिला घरमुली भएको परिवारमा ३२.७ प्रतिशतले वीमा गरेका छन् भने पुरुष घरमुली भएको परिवारमा २६.१ प्रतिशतले वीमा गरेको पाइएको छ । घरपरिवारले वार्षिक रूपमा औसत रु. १४,१२० वीमा प्रिमियम तिर्ने गरेको देखिएको छ ।


## वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको उमेर तथा शैक्षिक अवस्था

८०. वैदेशिक रोजगारमा जाने कामदारमध्ये अधिकांश अर्थात ८७.५ प्रतिशत २० देखि ४० वर्ष उमेर समूहका र ११.९ प्रतिशत व्यक्तिहरू ४० वर्ष माथिका रहेका छन् । त्यसैगरी, २० वर्षमुनिको उमेर समूहका ०.६

चार्ट ३.४: रोजगारीमा गएका व्यक्ति




चार्ट ३.५: शैक्षिक स्थिति




प्रतिशत रहेका छन् । हालका वर्षहरूमा वैदेशिक रोजगार उच्च शिक्षा प्राप्त शिक्षित वर्गको समेत रोजगारीको प्रमुख माध्यमको रूपमा विकास हुँदै गएको अध्ययनले देखाएको छ । रोजगारमा गएकामध्ये ५३.१ प्रतिशतले एस.एल.सी./सो भन्दा माथिल्लो शिक्षा हासिल गरेका छन् भने एस.एल.सी. भन्दा कम र साधारण लेखपढ गर्न जान्ने ४४.१ प्रतिशत र लेखपढ गर्न नसक्ने २.८ प्रतिशत रहेका छन् ।


८१. रोजगारमा गएका व्यक्तिहरू मध्ये ८४.४ प्रतिशत विवाहित र बाँकी १५.६ प्रतिशत अविवाहित रहेका छन् । विवाहित मध्ये ८६.३ प्रतिशतका बालबच्चा रहेको देखिएको र औसत बालबच्चाको संख्या २ जना रहेको छ । लैङ्गिक रूपमा हेर्दा रोजगारमा गएका कुल संख्या मध्ये ९६.९ प्रतिशत पुरुष रहेका छन् भने ३.१ प्रतिशत मात्र महिला रहेका छन् । यसरी नेपालमा वैदेशिक रोजगारमा जानेहरूमा पुरुषको बाहुल्य रहेको देखिन्छ ।

## कामको प्रकृति, तालिम तथा गन्तव्य मुलुकहरु

८२. केही दशक अघिसम्म वैदेशिक रोजगारमा जाने नेपालीहरूको प्रमुख गन्तव्य भारत रहेकोमा हालका वर्षहरूमा उक्त प्रवृत्तिमा व्यापक परिवर्तन आएको देखिन्छ । स्थलगत सर्वेक्षणले भारतमा कामको खोजीमा जाने नेपालीको संख्या ४.४ प्रतिशत मात्र रहेकोले नेपाली कामदारहरूको लागि भारत कम आकर्षक गन्तव्य मुलुकको रूपमा देखिएको छ। वैदेशिक रोजगारमा गएका मध्ये आधाभन्दा बढी अर्थात ५६.९ प्रतिशत साउदी अरव, दुबई, कतार लगायतका खाडी मुलुकमा जाने गरेको देखिन्छ। खाडी राष्ट्रहरूपछि नेपाली कामदारको दोस्रो ठूलो गन्तव्यको रूपमा मलेसिया रहेको छ। मलेसियामा २६.६ प्रतिशत नेपाली कामदारहरू कामको खोजीमा गएको देखिन्छ। त्यसैगरी, अमेरिका, वेलायत, इजरायल, जापान तथा सिङ्गापुर लागायतका विकसित मुलुकहरूमा रोजगारीको लागि जाने संख्या जम्मा ८.१ प्रतिशत रहेको छ।


८३. यसरी वैदेशिक रोजगारीमा जाने गन्तव्य मुलुकहरूको विविधीकरण तथा प्रवृत्तिमा ठूलो परिर्वतन आएको पाइए तापनि रोजगारीमा जानु अघि व्यावसायिक सीप तथा तालिम लिने प्रवृत्तिमा भने अपेक्षित सुधार आएको देखिदैन । वैदेशिक रोजगारमा जाने कुल कामदार मध्ये ३७.२ प्रतिशतले मात्र रोजगारीमा जानु अघि अभिमुखीकरण तथा अन्य व्यावसायिक सीप एवम् तालिम लिने गरेको देखिन्छ। रोजगारीमा जाँदा तालिमको महत्वलाई कामदार स्वयम्ले बुझ्न नसक्नु, तालिम प्रदान गर्ने उद्देश्यले सञ्चालनमा रहेका निजी कम्पनीहरू अप्रर्याप्त हुनु, मेनपावर कम्पनीले समेत कामदारको सीप तथा दक्षता विकासमा चासो नदिनु तथा सरकारी स्तरबाट वैदेशिक रोजगार तालिमका लागि प्रयास कम हुनु जस्ता कारणहरूले गर्दा यस क्षेत्रमा अपेक्षित प्रगति हुन सकेको देखिँदैन ।

चार्ट ३.६: देशगत रूपमा तालिम




८४. कामदारको तालिम स्थितिलाई देशगत रूपमा विश्लेषण गर्दा कोरिया, इजरायल, अमेरिका, जापान लगायतका मुलुकमा जाने कामदार मध्ये ५० प्रतिशतले कुनै न कुनै प्रकारको तालिम लिई जाने गरेको पाइन्छ भने खाडी मुलुकहरूलाई रोजगारीको गन्तव्य बनाउनेहरूमा ३९ प्रतिशतले तालिम लिएका छन् । त्यसैगरी, मलेसिया एवम् अफनागिस्तान तथा अन्य मुलुक जाने मध्ये करिव ३३ प्रतिशतले तालिम लिएका छन् । भारत जाने कामदार मध्ये ७.१ प्रतिशतले मात्र रोजगारीमा जानु पूर्व व्यावसायिक तालिम लिने गरेको पाइएको छ ।

चार्ट ३.७ : रोजगारीमा गएका कामदार र कामको प्रकृति



८५. यसरी व्यावसायिक सीप तथा तालिम लिने प्रवृत्तिमा खासै प्रगति हुन नसक्नु तथा विद्यालय स्तरको पाठ्यक्रममा यस्तो प्रकृतिको शिक्षा प्रदान गर्न नसक्नु जस्ता कारण नेपालको वैदेशिक रोजगारी मूलतः अदक्ष प्रकृतिको रहेको छ। गन्तव्य मुलुकबाट समेत यस्तै प्रकृतिको कामदारहरूको माग बढी हुने कारणले पनि वैदेशिक रोजगारीमा गएको कुल संख्यामा अदक्ष कामदारको संख्या उच्च रहेको छ । संख्यात्मक रूपमा हेर्दा, रोजगारीमा गएका कुल कामदार मध्ये सबैभन्दा बढी अर्थात ३३.५ प्रतिशत अदक्ष श्रमिक रहेका छन् ।

८६. नेपाली कामदारहरूको दोस्रो ठूलो माग हुने क्षेत्र सुरक्षा गार्ड रहेको छ । वैदेशिक रोजगारीमा जानेमध्ये सेक्यूरिटी गार्डको रूपमा १३.६ प्रतिशत, घरेलु कामदारको रूपमा १.५ प्रतिशत, कृषि मजदुरको रूपमा २.३ प्रतिशत तथा क्लिनरको रूपमा ३.५ प्रतिशत रहेका छन् । सामान्य प्रकृतिको दक्षता आवश्यक पर्ने पेन्टर, सिकर्मी, वेटर, ड्राईभर जस्ता क्षेत्रमा समेत ठूलै संख्यामा नेपाली कामदारहरू विदेश जाने गरेका छन् । ड्राइभरको रूपमा जाने ९.५ प्रतिशत, पेन्टर/सिकर्मी ६.४ प्रतिशत, सेल्स मेन ३.८ प्रतिशत तथा वेटर/कुक ४.९ प्रतिशत रहेका छन् । उच्चस्तरको सीप तथा ज्ञान आवश्यक पर्ने सुपरभाइजर, प्राविधिक/मेकानिक्स तथा टेवल वर्कजस्ता कामको लागि विदेश जानेको संख्या विगतको तुलनामा वृद्धि भए तापनि खासै ठूलो प्रगति भने भएको देखिँदैन । रोजगारीमा गएका मध्ये १०.१ प्रतिशत प्राविधिक तथा मेकानिक्सको रूपमा, ४.१ प्रतिशत सुपरभाइजरको रूपमा तथा ३.२ प्रतिशत टेवल वर्करको रूपमा रहेका छन् । त्यसैगरी, प्रहरी तथा सिपाहीको रूपमा २.० प्रतिशत विदेश गएका छन् भने वैदेशिक रोजगारमा गई गन्तव्य मुलुकमा आफ्नै व्यवसाय सञ्चालन गर्ने ०.९ प्रतिशत रहेका छन् ।

## रोजगारीका माध्यम


८७. सरकारले रोजगारीको लागि खुल्ला गरेका मुलुकहरूमा व्यक्तिगत रूपमा वा मेनपावर कम्पनीको माध्यमबाट रोजगारीमा जान सकिने व्यवस्था गरेको भए तापनि रोजगारीमा जाने व्यक्तिहरूले मूल रूपमा मेनपावर कम्पनीलाई प्रमुख माध्यम बनाएको देखिन्छ । वैदेशिक रोजगारीमा गएका मध्ये ७३.१ प्रतिशत मेनपावर कम्पनीको माध्यमबाट, १६.६ प्रतिशत आफन्त तथा साथीभाईको माध्यमबाट एवम् १०.३ प्रतिशत अन्य माध्यमबाट जाने गरेको देखिन्छ ।

८८. देशगत रूपमा विश्लेषण गर्दा मलेसिया जाने अधिकांश अर्थात ९२.९ प्रतिशत कामदारहरू मेनपावर कम्पनीको माध्यमबाट जाने गरेको पाइएको छ भने ४.७ प्रतिशत आफन्त/साथीभाईको माध्यमबाट र २.४ प्रतिशत अन्य माध्यमबाट जाने गरेको देखिन्छ। त्यसैगरी, खाडी राष्ट्र जाने मध्ये ७८.० प्रतिशत मेनपावर कम्पनीको माध्यमबाट, १६.५ प्रतिशत आफन्त/साथीभाईको माध्यमबाट र ५.५ प्रतिशत अन्य माध्यमबाट जाने गरेका छन् । तर जापान, सिङ्गापुर लगायतका विकसित राष्ट्र जानको लागि भने मेनपावर कम्पनी, आफन्त साथीभाई भन्दा अन्य माध्यम प्रयोग हुने गरेको पाइन्छ । कोरिया, भारत तथा अन्य मुलुकमा जानको लागि भने आफन्त तथा साथीभाईलाई प्रमुख माध्यम बनाइएको देखिन्छ ।

**तालिका ३.२: वैदेशिक रोजगारमा जाने माध्यम (प्रतिशतमा)**

| कार्यरत देश | माध्यम | | |
|---|---|---|---|
| | मेनपावर कम्पनी | आफन्त/साथीभाई | अन्य |
| मलेसिया | ९२.९ | ४.७ | २.४ |
| खाडी मुलुक | ७८.० | १६.५ | ५.५ |
| विकसित राष्ट्र | २३.१ | ३४.६ | ४२.३ |
| कोरिया | ५०.० | ५०.० | ०.० |
| भारत | ७.१ | ५७.१ | ३५.७ |
| अन्य मुलुक | ३३.३ | ६६.७ | ०.० |
| **कुल** | **७३.१** | **१६.६** | **१०.३** |

८९. खासगरी वैदेशिक रोजगारीमा गएको व्यक्तिको शिक्षाको स्तरले रोजगारीमा जाने माध्यमलाई असर पार्ने गरेको देखिन्छ । रोजगारीमा जाने व्यक्ति शिक्षित भएमा उनीहरूले रोजगारीमा जाने प्रमुख माध्यम मेनपावर कम्पनी नै बनाउने गरेको देखिन्छ। शिक्षित व्यक्तिहरू मध्ये ८३.६ प्रतिशत मेनपावर कम्पनीको माध्यमबाट, १७.० प्रतिशत आफन्त/साथीभाईको माध्यमबाट र ९.३ प्रतिशत अन्य माध्यमबाट जाने गरेका छन् । रोजगारीमा गएका अशिक्षित व्यक्तिहरू मध्ये ५५.६ प्रतिशत मात्र मेनपावर कम्पनीको माध्यमबाट गएका छन् भने उनीहरू रोजगारीमा जानको लागि आफन्त/साथीभाईको माध्यमबाट प्रयोग नगरी अन्य माध्यमबाट गएको देखिन्छ ।





९०. मेनपावरको माध्यमबाट कामको सिलसिलामा विदेश जाने मध्ये ८२.६ प्रतिशतले मेनपावर कम्पनीसँग गरेको सम्झौता अनुरूप नै काम पाउने गरेको छन् भने १७.६ प्रतिशतले सम्झौता अनुरूप काम/तलब तथा अन्य सुविधा नपाएको पाइयो । पुरानो रोजगारीको अनुभव हुने ८३.७ प्रतिशतले सम्झौता अनुरूप नै काम पाउने गरेका छन् भने अनुभव नहुनेमा उक्त प्रतिशत ८०.७ प्रतिशत रहेको छ ।

९१. त्यसैगरी, रोजगारीमा जानुअघि तालिम लिनेहरूमा ८८.७ प्रतिशतले सम्झौता अनुरूप र तालिम नलिई जानेहरूमा ७८.२ प्रतिशतले मात्र सम्झौता अनुरूप काम पाएका छन् । एस.एल.सी भन्दा माथिल्लो स्तरको शैक्षिक स्तर हासिल गरी रोजगारी गएका कामदार मध्ये ९०.१ प्रतिशतले, साधारण लेखपढ तथा एस.एल.सी भन्दा तल्लो स्तरको शैक्षिक स्तर भएका ८२.६ प्रतिशतले तथा लेखपढ गर्न नसक्ने ६०.० प्रतिशतले मात्र सम्झौता अनुरूप काम पाउने गरेको पाइयो । रोजगारीमा गएका कामदारले सम्झौता अनुरूप काम पाउने वा नपाउने भन्ने कामदारको शैक्षिक स्थिति तथा काममा जानुअघिको तालिमले असर पार्ने गरेको पाइए तापनि कामदारको वैदेशिक रोजगारको पुरानो अनुभव, गन्तव्य मुलुक, लिङ्ग तथा उमेरले खासै असर पारेको पाइएन ।

९२. मेनपावर कम्पनी बाहेक अन्य माध्यमबाट रोजगारीमा गएका कामदारको सन्दर्भमा भने जानुअघिको योजना अनुरूप काम गर्ने कामदारको संख्या केही धेरै देखिएको छ । जसमा ८५.५ प्रतिशत कामदारहरू जुन कामको लागि विदेश जाने गरेका छन् सो अनुरूप नै काम गर्ने गरेको देखियो भने बाँकी १४.५ प्रतिशतले गन्तव्य मुलुकमा पुगे पश्चात कम्पनी परिर्वतन गर्ने गरेको पाइयो ।

९३. सरकारले देशगत रूपमा वैदेशिक रोजगारीमा जानको लागि लाग्ने खर्च निर्धारण गरेको भए तापनि रोजगारीमा जाने कामदारहरूबाट मेनपावर कम्पनीहरूले ठूलो रकम असुल्ने गरेको तथ्य यस अध्ययनले समेत देखाएको छ । घरपरिवारबाट प्राप्त जानकारीलाई हेर्दा सरकारले तोकेको दरभन्दा मेनपावर कम्पनीले असुल्ने दर करिब दुई गुणा बढी रहेको देखिन्छ । मलेसिया जनाको लागि प्रति कामदार औसत रु १ लाख ४६ हजार लाग्ने गरेको छ भने खाडी




राष्ट्र जानको लागि रु. १ लाख १६ हजार तथा कोरियाको लागि रु. १ लाख ४४ हजार खर्च लाग्ने गरेको देखिन्छ । अमेरिका, बेलायत, जापान, सिङ्गापुर लगायतका विकसित राष्ट्रमा जान मेनपावर कम्पनीभन्दा आफन्त/साथीभाई तथा अन्य माध्यम प्रयोग गर्ने गरेको देखिन्छ । रोजगारीमा जाने व्यक्तिले उक्त देशहरूमा जानको लागि निकै ठूलो रकम खर्च गर्ने गरेको देखिन्छ । विकसित मुलुकमा जानको लागि प्रति कामदार औसत रु १३ लाख २३ हजार खर्च गर्ने गरेका छन् । सामान्यतः मलेसिया, खाडी मुलुकहरूको तुलनामा आम्दानी उच्च हुने, सामाजिक सुरक्षा राम्रो हुने, ती मुलुकमा जानुलाई सामाजिक प्रतिष्ठासँग जोड्ने तथा लामो समय बिताउँदै जाँदा स्थाई बसोवासको अनुमति समेत पाउने हुँदा मानिसहरूले ठूलो रकम खर्च गर्ने गरेको देखिन्छ । रोजगारीमा जाँदा लाग्ने खर्च र वार्षिक आम्दानीको अनुपात हेर्दा भारत जाने कामदारको सबैभन्दा कम अर्थात ३९.० प्रतिशत र विकसित राष्ट्रमा जानेको सबैभन्दा बढी अर्थात १००.० प्रतिशत रहेको छ ।

## वैदेशिक रोजगारीमा जांदा लाग्ने खर्च व्यवस्था

९४. वैदेशिक रोजगारीमा जाँदा लाग्ने खर्चको लागि अझै पनि सर्वसाधारणहरू अनौपचारिक स्रोतबाट प्राप्त हुने ऋण रकममा भर पर्ने गरेको तथ्य अध्ययनले देखाएको छ । कुल घरपरिवार मध्ये आधा भन्दा बढी अर्थात ५२.१ प्रतिशत घरपरिवार वैदेशिक रोजगारीमा जाँदा लाग्ने खर्च व्यवस्थाको लागि अनौपचारिक स्रोत जस्तै साहूमहाजन/व्यापारी आदिमा भर पर्ने गरेका छन् । रकम व्यवस्थापन गर्न सहकारीबाट ऋण लिने ४.४ प्रतिशत तथा ३.५ प्रतिशतले आफन्त/साथीभाई आदिसँग सापटीको रूपमा (व्याज तिर्नु नपर्ने गरी) रकम लिने गरेका छन् भने ६.३ प्रतिशतले मात्र बैंक तथा वित्तीय संस्थाबाट वैदेशिक रोजगारमा जानको लागि कर्जा उपयोग गर्ने गरेको देखिएको छ । साथै, घरपरिवार मध्ये २१.४ प्रतिशतले आफूसँग रहेको बचत रकम उपयोग गरी वैदेशिक रोजगारमा जाने गरेका छन् । तर, १.३ प्रतिशतले वैदेशिक रोजगारीमा जान घर/जग्गा लगायतका अचल सम्पत्तिको समेत बिक्री गर्नु परेको देखिन्छ ।

चार्ट ३.१०: रोजगारीमा जान लाग्ने खर्च व्यवस्था





९५. रोजगारीमा जाँदा लाग्ने खर्चको व्यवस्थापन गर्न ग्रामीण तथा सहरी दुबै क्षेत्रका घरपरिवार मूल रूपमा अनौपचारिक स्रोतमा भरपर्ने गरेको पाइए तापनि ग्रामीण क्षेत्रका घरपरिवार तुलनात्मक रूपमा बढी भर पर्ने गरेका छन् । खर्च व्यवस्थापनको लागि ग्रामीण क्षेत्रका ५९.२ प्रतिशत तथा सहरी क्षेत्रका ५२.२ प्रतिशत घरपरिवार अनौपचारिक स्रोतबाट लिएको ऋणमा भरपर्ने गरेका छन् । यसरी अनौपचारिक स्रोतबाट कर्जा उपभोग गर्दा घरपरिवारले न्यूनतम १२.० प्रतिशतदेखि अधिकतम ६०.० प्रतिशतसम्म व्याज तिर्ने गरेको पाइएको छ । जसमा करिव ९५ प्रतिशतले २४.० प्रतिशत वा सोभन्दा बढी व्याजदर तिर्ने गरेका छन् । रोजगारीमा जाँदा ठूलो खर्च लाग्ने र चर्को ब्याजदरमा ऋण लिनु पर्ने वाध्यताका कारण विप्रेषणबाट प्राप्त आयको ठूलो अंश त्यस्तो ऋण तिर्नको लागि छुट्याउनु परेको देखिन्छ ।

९६. अनौपचारिक स्रोतबाट ऋण लिंदा चर्को व्याज तिर्नु परे तापनि प्रायः घरपरिवारहरू अनौपचारिक माध्यममा भर पर्नुमा सर्वसाधारणमा बैंकिङ ज्ञानको अभाव रहनु, ग्रामीण क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति

न्यून रहनु, कर्जा प्रकृया सरल नहुनु, धितोको अभाव हुनु, बैंकिङ क्षेत्रबाट आवश्यक कर्जा उपयोग हुन नसक्नु एवम् घरपरिवारहरूले गर्ने प्राय: सबै कर्जा सम्बन्धी कारोबारहरू अनौपचारिक क्षेत्रबाट नै गर्ने परम्परा रहनुले गर्दा अनौपचारिक स्रोतबाट ऋण लिन सहज महसुस गर्ने गरेको पाइन्छ ।


## विप्रेषण आप्रवाह

९७. वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूले वार्षिक औसत ६.२ पटक घरपरिवारका सदस्यहरूलाई रकम पठाउने गरेको देखिन्छ । उनीहरूले वार्षिक रूपमा न्यूनतम १ पटकदेखि अधिकतम २४ पटकसम्म पठाउने गरेको पाइएको छ । विप्रेषण आय पठाउनेले सबैभन्दा बढी अर्थात २७.८ प्रतिशत व्यक्तिहरूले वर्षमा ४ पटक, २०.६ प्रतिशतले वर्षको १२ पटक, १५ प्रतिशतले वर्षको ३ पटक तथा १२.५ प्रतिशतले वर्षको ६ पटक रकम पठाउने गरेको देखिन्छ । सामान्यत: कम आम्दानी हुनेले थोरै पटक र बढी आम्दानी हुनेले धेरै पटक रकम पठाउने गरेको देखिएको छ ।




चार्ट ३.११: वार्षिक विप्रेषण आप्रवाह

९८. यसरी स्वदेश/घरपरिवारमा रकम पठाउँदा ९०.९ प्रतिशतले बैंक तथा वित्तीय संस्था एवम् रेमिट एजेन्सी जस्ता औपचारिक माध्यमबाट पठाउने गरेका छन् भने ५.९ प्रतिशतले हुन्डी मार्फत, १.० प्रतिशतले साथीभाई, आफन्त तथा परिवारका अन्य सदस्य मार्फत एवम् २.२ प्रतिशतले औपचारिक तथा अनौपचारिक दुबै माध्यमको उपयोग गर्ने गरेका छन् ।



चार्ट ३.१२ : विप्रेषण आप्रवाहको माध्यम

९९. देशगत रूपमा विप्रेषण आप्रवाहलाई विश्लेषण गर्दा मलेसियाबाट ९४.१ प्रतिशतले औपचारिक माध्यमबाट, ३.५ प्रतिशतले हुन्डी मार्फत एवम् २.४ प्रतिशतले औपचारिक तथा हुन्डी दुबै माध्यमबाट रकम पठाउने गरेका छन् । मलेसियाको तुलनामा खाडी मुलुकबाट केही बढी मात्रामा औपचारिक माध्यमबाट रकम पठाउने गरेको पाइएको छ । खाडी राष्ट्रबाट ९६.२ प्रतिशतले औपचारिक, १.१ प्रतिशतले हुन्डी, २.२ प्रतिशतले दुबै तथा ०.६



चार्ट ३.१३: पैसा पठाउने माध्यम

प्रतिशतले आफन्त/साथीभाईको माध्यमबाट रकम पठाउने गरेको छन् । त्यसैगरी, विकसित राष्ट्रबाट पठाउने मध्ये ७३.१ प्रतिशतले औपचारिक, १९.२ प्रतिशतले हुन्डी तथा ७.७ प्रतिशतले दुबै माध्यम प्रयोग गर्ने गरेका छन् । कोरियाको सन्दर्भमा भने केवल २०.० प्रतिशतले मात्र विप्रेषण रकम औपचारिक माध्यमबाट पठाउने गरेका छन् भने ७०.० प्रतिशतले हुन्डी मार्फत र १०.० प्रतिशतले औपचारिक तथा हुन्डी दुबैको माध्यमबाट पठाउने गरेका छन् । भारतबाट भने ८५.७ प्रतिशतले औपचारिक माध्यम र १४.३ प्रतिशतले साथीभाईको माध्यमबाट रकम पठाउने गरेका छन् ।

१००. विदेशमा रहेका कामदारहरूले विप्रेषण रकम आप्रवाहको विभिन्न माध्यम रोज्नुका बेग्ला-बेग्लै कारणहरू उल्लेख गरेका छन् । कुल ३२० घरपरिवार मध्ये ६६.३ प्रतिशतले छिटो र सहजतालाई जोड दिएका छन् भने १९.४ प्रतिशतले सुरक्षा, ३.८ प्रतिशतले रकम पठाउदा लाग्ने खर्च, १.९ प्रतिशतले बढी विनिमयदर तथा ८.८ प्रतिशतले अन्य कारणहरू उल्लेख गरेका छन् ।

१०१. खासगरी, गन्तव्य मुलुकबाट औपचारिक माध्यमबाट स्वदेशमा पैसा पठाउन महँगो हुने कोरिया लगायतका मुलुकबाट आधाभन्दा बढी कामदारले हुन्डी मार्फत रकम पठाउने गरेको पाइएको छ । हुन्डी मार्फत पैसा पठाउँदा विनिमयदर समेत उच्च पाइने हुँदा सुरक्षालाई कम महत्व दिने गरेको पाइएको छ । छिटो तथा सहज एवम् भरपर्दो तथा सुरक्षित रूपमा पैसा पठाउने माध्यमको रूपमा अधिकांश व्यक्तिहरूले बैंक तथा वित्तीय संस्था लगायतका औपचारिक स्रोत प्रयोग गर्ने गरेका छन् ।

१०२. सामान्यतया विदेशबाट पठाएको रकम घरपरिवारले पठाएकै दिन वा त्यसको भोलिपल्ट प्राप्त गर्ने गरेको पाइयो । कुल घरपरिवार मध्ये ६२.५ प्रतिशत घरपरिवारले विदेशबाट रकम पठाएकै दिन प्राप्त गर्ने गरेका छन् भने ३२.८ प्रतिशतले रकम पठाएको भोलिपल्ट र ४.७ प्रतिशतले ३ देखि ५ दिनसम्म लाग्ने उल्लेख गरेका छन् ।

१०३. खासगरी, विकासोन्मुख मुलुकहरूमा अन्तर्राष्ट्रिय विप्रेषण पठाउन लाग्ने खर्च तथा समय उच्च हुने कारण ती मुलुकहरूमा विप्रेषण रकमको प्रभावकारी रूपमा आप्रवाह हुन सकेको छैन । विश्व बैंकका अनुसार अन्तर्राष्ट्रिय विप्रेषणको रकमान्तरण खर्च २०१५ मा कुल विप्रेषणको ७.७ प्रतिशत हुने गरेको र यस्तो खर्च अफ्रिका महादेशमा सबैभन्दा उच्च रहेको छ । तर नेपालको सन्दर्भमा भने कुल विप्रेषण आप्रवाह रकमको तुलनामा रकमान्तरण खर्च न्यून रहेको देखिएको छ । स्थलगत सर्वेक्षणमा समेटिएका घरपरिवार मध्ये ५२.१ प्रतिशतले नेपालमा रकम पठाउदा प्रति पटक रु. ५०० देखि रु. १००० सम्म खर्च लाग्ने उल्लेख गरेका छन् भने ४२.३ प्रतिशतले रु ५०० भन्दा कम र बाँकी ५.६ प्रतिशतले रु १००० भन्दा बढी खर्च हुने उल्लेख गरेका छन् ।

१०४. देशगत रूपमा हेर्दा कोरियाबाट रकम स्थानान्तरण गर्दा सबैभन्दा महँगो अर्थात प्रति पटक रु १००० देखि रु. ५००० सम्म लाग्ने उल्लेख गरेका छन् । कोरियामा नेपाली कामदारको रूपमा जाने गरेको धरै लामो समय नभएको तथा त्यहाँ नेपालमा विप्रेषण आयको कारोबार गर्ने रेमिट एजेन्सीहरू तथा अन्य औपचारिक स्रोतहरू नगन्य रहेको कारण विप्रेषणको रकमान्तरण लागत बढी पाइएको हो ।


## विप्रेषण आयको उपयोग

१०५. घरपरिवारले खर्च सम्बन्धी निर्णय गर्दा परिवारका सदस्यहरूको सल्लाहमा ६५.० प्रतिशत, घरमुलीले एकल रूपमा २८.४ प्रतिशत र रकम पठाउने व्यक्तिले एकल रूपमा ६.६ प्रतिशतले गर्ने गरेको देखिएको छ । नेपालमा वैदेशिक रोजगार पुरुष केन्द्रित रहेको सन्दर्भमा उल्लिखित ६.६ प्रतिशत घरपरिवार वाहेकको अन्य घरपरिवारको वित्तीय निर्णयहरूमा महिलाको सहभागिताबाट हुने गरेकोले विप्रेषणले महिला

सशक्तीकरणमा सकारात्मक प्रभाव पार्ने तथ्यलाई स्थापित गरेको देखिन्छ। नेपाल राष्ट्र बैकले सन २०१२ मा गरेको अध्ययनले समेत यस्तै निष्कर्ष निकालेको पाईन्छ (Nepal Rastra Bank, 2012)।

१०६. विदेशबाट पठाएको विप्रेषण आयको क्षेत्रगत लगानी र खर्चको सन्दर्भमा रोजागारीमा जाने ५३.४ प्रतिशत व्यक्तिले घरपरिवारलाई विप्रेषण रकमको खर्च तथा लगानीका सम्बन्धमा सल्लाह दिने गरेको पाइएको छ भने ४६.६ प्रतिशतले भने परिवारका सदस्यहरूलाई पठाएको रकम पूर्ण रूपमा लगानी/खर्च गर्ने स्वतन्त्रता दिएको देखिन्छ।

१०७. घरपरिवारको दैनिक घर खर्चमा विप्रेषण आयको महत्वपूर्ण भूमिका रहेको देखिन्छ। ८०.८ प्रतिशत घरपरिवारले विप्रेषण बाहेक घरपरिवारको आयको अन्य स्रोतहरूबाट घर खर्च धान्न नपुग्ने उल्लेख गरेका छन् भने १९.२ प्रतिशत घरपरिवारले मात्र दैनिक खर्च धान्न विप्रेषण आयमा भर पर्नु नपर्ने बताएका छन्। तर १८.८ प्रतिशत घरपरिवारले आफ्नो दैनिक उपभोग लगायत अन्य सम्पूर्ण खर्चको लागि पूर्ण रूपमा विप्रेषण आयमा भर पर्ने उल्लेख गरेका छन्। घरपरिवारले घर खर्चको लागि समेत विप्रेषण आयमा नै भर पर्नु पर्ने कारण उनीहरूको बचत तथा लगानी गर्ने क्षमता कमजोर रहेको देखिन्छ।





१०८. विप्रेषणबाट प्राप्त अधिकांश रकम घरपरिवारले दैनिक उपभोग लगायतका अनुत्पादक क्षेत्रमा खर्च गर्ने कारण बचत तथा लगानीयोग्य रकम कम हुने एवम् लगानी गर्दा समेत घर/जग्गा लगायतका स्थिर सम्पत्ति खरिद गर्ने गरेको देखिन्छ। यसका साथै वैदेशिक रोजगारीमा जाँदा लाग्ने खर्च उच्च हुने तथा पुरानो ऋणका कारण घरपरिवार ऋणग्रस्त हुने हुँदा विप्रेषणबाट प्राप्त रकमको ठूलो अंश ऋणको साँवा तथा व्याज तिर्नको लागि खर्च भएको देखिन्छ। कुल ३२० घरपरिवारले विगत एक वर्षमा प्राप्त विप्रेषण मध्ये २५.३ प्रतिशत अंश ऋण तिर्नको लागि प्रयोग गरेको देखिएको छ। यसरी हेर्दा, रोजगारीमा जाने सिलसिलामा/जानु भन्दा अघिदेखि नै ऋणग्रस्त हुने तथा विप्रेषण प्राप्त गर्ने अधिकांश घरपरिवारले घर/जग्गा लगायतका स्थिर सम्पत्ति खरिद गर्न ऋण लिने कारण विप्रेषण आयको सबैभन्दा ठूलो अंश ऋण तिर्नको लागि प्रयोग हुने गरेको छ।

१०९. विप्रेषण आम्दानीको अर्को ठूलो अंश दैनिक उपभोगमा खर्च हुने गरेको पाइएको छ। विप्रेषण आम्दानीको २३.९ प्रतिशत खाना, खाजा, लत्ताकपडा लगायतका दैनिक उपभोगका क्षेत्रमा खर्च हुने गरेको छ। आम्दानीमा वृद्धि हुँदा घरपरिवारको दैनिक उपभोग प्रवृत्तिमा समेत परिवर्तन हुने तथा विप्रेषण आय बाहेकको आम्दानीका अन्य स्रोतले ८०.० प्रतिशतभन्दा बढी घरपरिवारको घर खर्च धान्न नसक्ने लगायतका कारण दैनिक उपभोगमा विप्रेषण रकमको ठूलो हिस्सा जाने गरेको छ। विप्रेषण आम्दानीको उल्लेख्य अंश बालबालिकाको शिक्षा, स्वास्थ्य जस्ता दीर्घकालीन प्रतिफल दिने मानव संशाधनहरूको

विकासमा खर्च हुने गरेको विगतका अध्ययनहरूले समेत देखाएका छन् । उक्त तथ्यलाई यस अध्ययनले समेत पुष्टि गरेको छ। घरपरिवारले प्राप्त गर्ने विप्रेषण आम्दानी मध्ये ९.७ प्रतिशत शिक्षा तथा स्वास्थ्यमा खर्च हुने गरेको छ । त्यसैगरी, घरपरिवारले विवाह, व्रतबन्ध लगायतका सामाजिक कार्यमा ३.५ प्रतिशत, घरायसी सम्पत्तिको खरिदमा ३.० प्रतिशत तथा अन्य प्रयोजनको लागि ५.५ प्रतिशत अंश खर्च गर्ने गरेको देखिन्छ ।

चार्ट ३.१५ : विप्रेषण आयको उपयोग




११०. कुल ग्रार्हस्थ्य उत्पादनमा राष्ट्रिय बचतको अंश करिव ४३.० प्रतिशतको हाराहारी रहेको भए तापनि विप्रेषण प्राप्त गर्ने घरपरिवारले विप्रेषण रकमको २८.० प्रतिशत मात्र बचत गर्न सकेको देखिन्छ । घरपरिवारको विप्रेषण आय न्यून बचत हुनुमा घरपरिवारको आम्दानीको अन्य स्रोत नहुनु वा स्रोत भरपर्दो हुन नसक्नु तथा विप्रेषणको आय नै न्यून हुनु देखिएको छ । यसको अलावा उच्च महँगी, बचतमा न्यून व्याजदर, ग्रामीण क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहनु लगायतका कारणहरूले समेत बचत प्रोत्साहित हुन नसकेको देखिएको छ ।

१११. विप्रेषण आय उपभोग, बालबालिकाको शिक्षा तथा स्वास्थ्य एवम् चल-अचल सम्पत्तिको खरिदमा खर्च हुने गरेबाट विप्रेषण आयले घरपरिवारको पुँजीको सीमाको अवरोध (Capital Constraints) लाई सहज गरे तापनि यसले लगानी अभिवृद्धि गरेको भने पाइँदैन (Dorantes and Pozo, 2014) । स्थलगत सर्वेक्षणमा विप्रेषण प्राप्त गर्ने घरपरिवारले प्राप्त आम्दानीको १.१ प्रतिशत मात्र व्यापार/व्यवसाय जस्ता उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने गरेको पाइएको छ। अर्थात, विप्रेषणबाट प्राप्त आम्दानीको ज्यादै न्यून अंश मात्र उत्पादनमूलक क्षेत्रमा उपयोग हुने गरेको तथ्यलाई अध्ययनले पुष्टि गरेको छ ।

११२. नेपाल जीवनस्तर सर्वेक्षण (२०११) का अनुसार विप्रेषण प्राप्त गर्ने परिवारको कुल आम्दानीको ३१ प्रतिशत हिस्सा विप्रेषणले ओगटेको छ भने विप्रेषण रकम मध्ये ७९ प्रतिशत रकम घरायसी उपभोगमा , ७ प्रतिशत ऋण तिर्न, ४ प्रतिशत शिक्षामा र ५ प्रतिशत घरायसी सम्पत्तिमा खर्च हुने गरेको उल्लेख छ ।

११३. नेपाल राष्ट्र बैंकले २००४ मा गरेको 'वैदेशिक रोजगार, रेमिट्यान्स र नेपाल' नामक एक अध्ययन अनुसार करिव ८० प्रतिशतले विदेशमा आर्जन गरेको रकम घरजग्गा किन्ने वा बनाउने, घरखर्च चलाउने लगायतका अनुत्पादक क्षेत्रमा खर्च गर्ने गरेको देखिएको छ भने ३.९ प्रतिशतले मात्र विप्रेषणबाट प्राप्त रकमलाई बचतको रूपमा बैंकमा राख्ने गरेका छन् । त्यसैगरी, नेपाल राष्ट्र बैंकले सन् २०१२ मा गरेको अर्को अध्ययनका अनुसार विप्रेषण प्राप्त गर्ने घरपरिवारले आम्दानीको ३१ प्रतिशत खाद्यान्न खरिदमा मात्र खर्च गर्ने गरेका छन् भने विप्रेषण प्राप्त नगर्ने घरपरिवारको सन्दर्भमा उक्त शीर्षकमा भएको खर्चको अंश ४४ प्रतिशत रहेको छ ।

## विप्रेषण आयको बचत तथा लगानी

११४. विप्रेषणबाट प्राप्त आम्दानीलाई घरपरिवारबाट उत्पादनमूलक क्षेत्रमा लगानी हुन्छ या हुँदैन भन्ने सन्दर्भमा नीति निर्माता, विज्ञ एवम् अनुसन्धानकर्ता बीच मतभेद रहेको छ । यसको विपक्षमा तर्क राख्नेहरूका अनुसार विप्रेषण आम्दानीका कारण सीमित आम्दानी भएका (Liquidity Constrained) घरपरिवारलाई केही हदसम्म खर्च गर्न सक्ने घरपरिवारमा बदल्न सहायता गरे तापनि विप्रेषण रकम मूलतः दैनिक उपभोगजस्ता क्षेत्रमा खर्च गर्ने तथा बाँकी रकमसमेत अनौपचारिक क्षेत्रमा लगानी गर्ने वा आफूसँगै राख्ने भएका कारण मुलुकले खासै फाइदा लिन नसकेको तर्क राख्ने गरेका छन् । बैंक तथा वित्तीय संस्थाहरूको बाक्लो उपस्थिति रहेको सहरी क्षेत्रहरूमा समेत घरपरिवारहरूले बचत रकमलाई अनौपचारिक क्षेत्रमा परिचालन गर्नु पक्कै पनि मुलुकको लागि राम्रो होइन । बचत रकम औपचारिक क्षेत्रमा नआई स्थानीय स्तरमा नै विभिन्न तबरबाट परिचालन हुने कारण विप्रेषणबाट प्राप्त हुने ठूलो रकमलाई औपचारिक क्षेत्रमा ल्याई प्रभावकारी रूपमा उपयोग गर्ने कार्य थप चुनौतीपूर्ण रहेको छ ।

११५. यस अध्ययनमा विप्रेषण प्राप्त गर्ने कुल ३२० घरपरिवार मध्ये ६६.६ प्रतिशतले सामान्यतः बचत गर्ने गरेको उल्लेख गरेका छन् भने ३३.४ प्रतिशत घरपरिवारले प्राप्त गर्ने सम्पूर्ण रकम उपभोग तथा ऋण तिर्नको लागि प्रयोग गर्ने गरेको सूचना दिएका छन् । बचत गर्ने घरपरिवार मध्ये ६४.५ प्रतिशतले आफूसँग भएको बचत रकम बैंक तथा वित्तीय संस्थामा राख्ने गरेका छन् । त्यसैगरी, घरपरिवारको एउटा ठूलो समूहमा भने अझ पनि बैंकिङ बानीको विकास हुन नसकेको देखिन्छ । बचत गर्ने घरपरिवार मध्ये १७.३ प्रतिशतले बचत रकम आफैंसँग राख्ने गरेको र ८.९ प्रतिशतले सहकारी संस्थाहरूमा बचत गर्ने गरेको बताएका छन् ।

११६. क्षेत्रगत रूपमा विश्लेषण गर्दा बचत गर्ने ग्रामीण घरपरिवार मध्ये ५५.५ प्रतिशतले बैंक तथा वित्तीय संस्थामा, २३.५ प्रतिशतले आफैंसँग, १०.१ प्रतिशतले सहकारीमा तथा ४.२ प्रतिशतले बचत समूहमा बचत गर्ने गरेको पाइयो भने सहर तथा सहरोन्मुख क्षेत्रका घरपरिवार मध्ये ७५.८ प्रतिशतले बैंक तथा वित्तीय संस्थामा, ९.५ प्रतिशतले आफैंसँग, ७.४ प्रतिशतले सहकारीमा तथा २.२ प्रतिशतले बचत समूहमा बचत गर्ने गरेको पाइयो ।

**तालिका ३.३ : बचत गर्ने स्थान (घरपरिवार प्रतिशतमा)**


| विवरण | समग्र | शिक्षित | अशिक्षित | सहरी क्षेत्र | ग्रामीण क्षेत्र |
|---|---|---|---|---|---|
| बैंक तथा वित्तीय संस्था | ६४.५ | ७०.४ | ५८.५ | ७५.८ | ५५.५ |
| सहकारी | ८.९ | ६.५ | ३.८ | ७.४ | १०.१ |
| आफैंसँग | १७.३ | ११.१ | ११.३ | ९.५ | २३.५ |
| बचत समूह | ३.३ | ३.७ | २३.६ | २.१ | ४.२ |
| एक भन्दा बढी स्थान | ६.१ | ८.३ | २.८ | ५.३ | ६.७ |

११७. स्थलगत सर्वेक्षणका अनुसार, घरमुलीको शिक्षाको स्तरले समेत बचत कहाँ गर्ने भन्ने निर्णयलाई असर गर्ने गरेको देखिएको छ । लेखपढ गर्न नजान्ने घरमुली भएको घरपरिवारको तुलनामा शिक्षित घरमुली भएको घरपरिवारले बढी मात्रामा बैंक तथा वित्तीय संस्थामा बचत गर्ने गरेका छन् भने लेखपढ गर्न नजान्ने घरमुली भएको घरपरिवारको ठूलो हिस्साले बचत रकम सहकारीमा वा आफैंसँग राख्ने गरेका छन् । लेखपढ गर्न नजान्ने घरमुली भएको घरपरिवार मध्ये ५९.० प्रतिशतले बैंक तथा वित्तीय संस्थामा, २८.२ प्रतिशतले आफैंसँग, १०.३ प्रतिशतले सहकारीमा तथा २.६ प्रतिशतले बचत समूहमा बचत गर्ने गरेको पाइयो भने शिक्षित घरमुली भएको घरपरिवार मध्ये ६५.७ प्रतिशतले बैंक तथा वित्तीय संस्थामा, १४.९ प्रतिशतले आफैंसँग, ८.६ प्रतिशतले सहकारीमा तथा ३.४ प्रतिशतले बचत समूहमा बचत गर्ने गरेको पाइएको छ ।

११८. घरपरिवारले बचत रकमलाई बैंक तथा वित्तीय संस्थाहरूमा बचत नगरी अन्यत्र बचत गर्नुको प्रमुख कारणहरूमा बैंकको तुलनामा सहकारी तथा बचत समूहमा उच्च व्याजदर प्राप्त हुनु, सहकारी तथा बचत समूहमा सदस्यको बचत गर्दा घरायसी प्रयोजनका लागि चाहिने सानोतिनो ऋण रकम लिन सहज हुनु तथा नजिकको स्थानमा बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति नहुनु, बचत रकम न्यून हुनु लगायतका कारण उल्लेख गरेका छन् । खासगरी, ग्रामीण क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति सहरी क्षेत्रको तुलनामा न्यून रहेकोले ग्रामीण क्षेत्रका घरपरिवारले आफूसँग बचत रहेको रकम स्थानीय स्तरमा सञ्चालनमा रहेका सहकारी तथा बचत समूहमा बचत गर्ने वा आफैसँग राख्ने गरेको पाइएको छ ।


११९. विप्रेषणबाट प्राप्त रकम बचत गर्ने २१३ घरपरिवार मध्ये सबैभन्दा बढी अर्थात ४८.८ प्रतिशत घरपरिवारले बचत गर्नुको मुख्य उद्देश्य घरजग्गा खरिद गर्नु रहेको उल्लेख गरेका छन् भने ३६.६ प्रतिशतले बचत गर्नुको प्रयोजन घर मर्मत गर्नु रहेको बताएका छन् । कुल घरपरिवार मध्ये ३४.३ प्रतिशतले बचत गर्नुको उद्देश्य भविष्यमा बालबालिकाको शिक्षा तथा स्वास्थ्यमा खर्च गर्नु रहेको उल्लेख गरेका छन् । त्यसैगरी, दैनिक उपभोगको लागि १२.२ प्रतिशतले, सामाजिक कार्यको लागि १०.३ प्रतिशतले तथा ऋण लगानी गर्नको लागि १५.० प्रतिशतले बचत गरेको उल्लेख गरेका छन् । बचतकर्ता मध्ये ८.४ प्रतिशतले मात्र विप्रेषणबाट प्राप्त रकमबाट आगामी दिनमा व्यापार/व्यवसाय सञ्चालन गर्ने उद्देश्यले बचत गरेको उल्लेख गरेका छन् । यसले विप्रेषण प्राप्त गर्ने घरपरिवारले आगामी दिनमा गर्ने लगानी पनि घर-जग्गा जस्ता अनुत्पादक क्षेत्रमा केन्द्रीकृत भई घरजग्गाको मूल्यमा उच्च वृद्धि हुने तथा विप्रेषणबाट प्राप्त आम्दानीको नगन्य अंश मात्र उत्पादनमूलक क्षेत्रमा लगानी हुने देखिन्छ ।

**चार्ट ३.१६: बचतको प्रयोजन**




१२०. कुल घरपरिवार मध्ये १५.९ प्रतिशत घरपरिवारले आगामी दिनमा व्यावसायिक क्षेत्रमा लगानी गर्ने उल्लेख गरेका छन् भने घरपरिवारको ठूलो अंश अर्थात ८४.१ प्रतिशतले आगामी दिनमा त्यस्तो व्यावसायिक लगानी गर्ने कुनै योजना नरहेको बताएका छन् । लगानी गर्ने योजना बनाएका घरपरिवार मध्ये सबैभन्दा बढी अर्थात ४१.२ प्रतिशत घरपरिवारले व्यावसायिक कृषि तथा पशुपालन व्यवसायलाई आगामी दिनमा लगानी गर्ने क्षेत्रको रूपमा उल्लेख गरेका छन् भने १३.७ प्रतिशतले यातायात क्षेत्रमा लगानी गर्ने बताएका छन् । त्यसैगरी, ११.८ प्रतिशतले होटल व्यवसायमा, ९.८ प्रतिशतले कुटानी तथा पिसानी मिलमा, १३.७ प्रतिशतले ढाकाको तान, सिलाइबुनाइ, कपाल काट्ने तथा ब्युटीपार्लर लगायतका घरमै बसेर गर्न सकिने

**चार्ट ३.१७: लगानी गर्ने योजना**



व्यावसायिक सीप भएका क्षेत्रहरूमा लगानी गर्ने उल्लेख गरेका छन् । तर अन्य ९.८ प्रतिशत घरपरिवारको लगानी गर्ने योजना भए तापनि कुन क्षेत्रमा लगानी गर्ने भन्ने अझ टुङ्गो लाग्न नसकेको उल्लेख गरेका छन् ।

१२१. लगानीको लागि सम्बन्धित क्षेत्र छान्नुमा घरपरिवारको बेग्ला-बेग्लै धारणा रहेको पाइयो । अधिकांश घरपरिवारले लगानीको सम्बन्धित क्षेत्र छान्नुमा उच्च प्रतिफलको अपेक्षा, पुरानो सीप तथा अनुभव एवम् घरपरिवारका सदस्यहरूको संलग्नतालाई जोड दिएका छन् भने अन्यले बजारको उपलब्धता, अन्य क्षेत्रको ज्ञान तथा सीपको अभाव एवम् थोरै लगानीमा पनि सञ्चालन गर्न सकिने जस्ता कारणहरू उल्लेख गरेका छन् ।

१२२. घरपरिवारले व्यावसायिक लगानीको प्रवर्द्धनका लागि निम्न सेवा तथा सुविधामा सरकारी स्तरबाट जोड दिनु पर्ने उल्लेख गरेका छन् ।

**तालिका ३.४ : व्यवसाय अनुरूप सरकारी तवरबाट प्रदान गर्नु पर्ने सुविधा**

| व्यवसायको प्रकार | सरकारी तवरबाट प्रदान गर्नु पर्ने सुविधा |
|---|---|
| **व्यावसायिक कृषि तथा पशुपालन** | सरल तथा सहज रूपमा कृषि तथा पशुकर्जा उपलब्ध गराउनु पर्ने । |
| | गाउँस्तरमै प्राविधिक सेवा उपलब्ध गराउनु पर्ने । |
| | कर्जाको असुली अवधि र परियोजनाबाट प्राप्त हुने आम्दानीका बीच तालमेल हुनु पर्ने । |
| | खोर निर्माण, औषधि उपचार तथा उन्नत जातको पशु आयातमा अनुदान दिनु पर्ने । |
| | उन्नत जातको बिरुवा तथा बाली सुरक्षा आदिमा जोड दिनु पर्ने । |
| **होटल व्यवसाय** | सरल तथा सहज रूपमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनु पर्ने । |
| | विद्युत्, पानी, सडक लगायतका पूर्वाधारको विकास गर्नु पर्ने । |
| **यातायात व्यवसाय** | सहुलियतपूर्ण कर्जा उपलब्ध हुनु पर्ने । |
| **घरेलु उद्योग** | सरल रूपमा सहुलियतपूर्ण कर्जा उपलब्ध हुनु पर्ने । |
| | मेसिन तथा पाटपुर्जाको आयातमा अनुदान दिनु पर्ने |
| | कर छुट प्रदान गर्नु पर्ने । |
| **अन्य व्यवसाय** | सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनु पर्ने । |
| | कर छुट प्रदान गर्नु पर्ने । |
| | नियमित विद्युत् आपूर्ति हुनु पर्ने । |

१२३. विप्रेषण प्राप्त गर्ने घरपरिवारको विगतको लगानीलाई विश्लेषण गर्दा ९.१ प्रतिशतले मात्र व्यावसायिक क्षेत्रमा लगानी गरेको पाइएको छ । व्यवसाय सञ्चालन गरेका घरपरिवार मध्ये ३५.७ प्रतिशतले कृषि तथा पशुपालन व्यवसायमा लगानी गरेका छन् भने १७.९ प्रतिशतको होटल र टेलरिङ तथा ब्युटीपार्लर जस्ता क्षेत्रमा लगानी रहेको छ । लगानी गर्ने घरपरिवार मध्ये १४.३ प्रतिशतले विभिन्न प्रकारका घरेलु उद्योग, १०.७ प्रतिशतले मिल सञ्चालन र ३.६ प्रतिशतले अन्य क्षेत्रमा लगानी गरेका छन् ।

१२४. कुल घरपरिवार मध्ये ४१.३ प्रतिशत घरपरिवारले परिवारको सदस्य वैदेशिक रोजगारीमा गएपछि घर/जग्गा खरिद गरेका छन् । जग्गा खरिद गर्ने परिवारले प्रति परिवार औसत १ हजार ५ सय ८० वर्ग मिटर क्षेत्रफल जग्गा खरिद गरेकोमा सबैभन्दा न्यून क्षेत्रफल ६३.६ वर्ग मिटर र सबैभन्दा बढी ५५ हजार ९ सय ६८ वर्ग मिटर खरिद गरेको देखिन्छ । जग्गा खरिद गर्ने अधिकांश अर्थात् ७७.३ प्रतिशत घरपरिवारले

आफू बस्ने घर बनाउने प्रयोजनको लागि जग्गा खरिद गरेको पाइएको छ भने १४.४ प्रतिशतले खेती गर्न, ८.३ प्रतिशतले विशुद्ध व्यापारिक प्रयोजनको लागि जग्गा खरिद गरेका छन् ।


१२५. त्यसैगरी, घर खरिद/निर्माण गर्ने कुल घरपरिवारमा ८८.४ प्रतिशतले आफू बस्नको लागि घर निर्माण वा खरिद गरेका छन् भने ११.७ प्रतिशतले व्यापारिक प्रयोजनको लागि र बाँकी ९.९ प्रतिशतले आफू बस्न तथा व्यापारिक प्रयोजन दुबै मिल्ने गरी घर खरिद तथा निर्माण गरेको पाइएको छ ।

## कर्जा सम्बन्धी जानकारी

१२६. सर्वेक्षणमा छानिएका कुल घरपरिवार मध्ये ५२.८ प्रतिशतले कर्जा उपयोग गरेको पाइएको छ । सो मध्ये ३७.३ प्रतिशतले बैंक तथा वित्तिय संस्थाबाट, ३२.० प्रतिशतले आफन्तबाट, ३०.८ प्रतिशतले साहूमहाजन तथा व्यापारीबाट, ११.२ प्रतिशतले बचत समूहबाट, ४.१ प्रतिशतले साथीभाईबाट र ५.३ प्रतिशतले अन्य स्रोतबाट कर्जा उपयोग गरेका छन् ।

१२७. ऋण उपयोग गर्ने घरपरिवारको औसत ऋण आकार रु ४ लाख ९४ हजार ९ सय २९ रहेको छ । स्रोतका आधारमा बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको औसत आकार सबैभन्दा ठूलो अर्थात रु ६ लाख ९१ हजार ६ सय १९ रहेको छ भने बचत समूहबाट लिएको ऋणको आकार सबैभन्दा सानो अर्थात ५४ हजार रहेको छ ।

चार्ट ३.१८ : कर्जा स्रोत तथा ऋणी





### तालिका ३.५ : कर्जाको स्रोत अनुसार कर्जा रकम तथा व्याजदर

| कर्जाको स्रोत | औसत कर्जा (प्रति ऋणी रु.मा) | अधिकतम व्याजदर (प्रतिशतमा) | न्यूनतम व्याजदर (प्रतिशतमा) | औसत व्याजदर (प्रतिशतमा) |
|---|---|---|---|---|
| बैंक तथा वित्तीय संस्था | ६,९१,६१९ | २४.० | ७.५ | १४.२ |
| आफन्त | ३,२१,००० | ३६.० | ०.० | १८.४ |
| साहूमहाजन तथा व्यापारी | २,८२,५१९ | ६०.० | १२.० | २९.८ |
| बचत समूह | ५४००० | २४.० | १३.० | १९.१ |
| साथीभाई | २,२७,५०० | ३६.० | ०.० | २०.६ |
| अन्य | ६,२१,६६७ | २४.० | ८.० | १६.३ |


१२८. घरपरिवारले उपयोग गरेको कर्जामा कर्जाको स्रोत अनुसार व्याजदरमा समेत व्यापक भिन्नता देखिएको छ । सो कर्जामा सबैभन्दा न्यून अर्थात ७.५ प्रतिशत व्याजदर बैंक तथा वित्तीय संस्थाहरूबाट र सबैभन्दा बढी अर्थात ६०.० प्रतिशत साहूमहाजन तथा व्यापारीबाट व्याजदर लिएको पाइएको छ । घरपरिवारले साहूमहाजन तथा व्यापारीहरूबाट लिएको ऋणमा औसत व्याजदर २९.८ प्रतिशत रहेको छ भने बैंक

तथा वित्तीय संस्थाको औसत व्याजदर सबैभन्दा न्यून अर्थात १४.२ प्रतिशत रहेको छ । कतिपय घरपरिवारले आफन्त तथा साथीभाईबाट कर्जा उपयोग गरेकाले व्याज तिर्नु नपर्ने गरेको पाइएको छ ।




१२९. कुल घरपरिवार मध्ये आधाभन्दा बढी घरपरिवारले कर्जा लिएको पाइए तापनि अधिकांश घरपरिवारले घर बनाउन, पुरानो ऋण तिर्न तथा घर खर्च चलाउन, जग्गा खरिद गर्न जस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्न कर्जा उपयोग गरेको देखिन्छ । कर्जा उपयोग गर्ने घरपरिवार मध्ये ३२.५ प्रतिशतले घर बनाउन/खरिद गर्न, २०.५ प्रतिशतले पुरानो ऋण तिर्न तथा घरायसी प्रयोजनको लागि, १८.७ प्रतिशतले वैदेशिक रोजगारमा जानको लागि, ७.८ प्रतिशतले जग्गा खरिद गर्न कर्जा लिएको पाइन्छ । त्यसैगरी, सामाजिक कार्यको लागि ७.२ प्रतिशतले तथा व्यापारको लागि ६.६ प्रतिशतले कर्जा लिएका छन् भने घरपरिवारको एउटा सानो हिस्सा अर्थात केवल ६.६ प्रतिशतले मात्र व्यावसायिक कृषि तथा पशुपालन जस्ता व्यावसायिक प्रयोजनको लागि कर्जा उपभोग गरेको पाइन्छ ।

१३०. कुल घरपरिवार मध्ये २४.१ प्रतिशत अर्थात् ७७ घरपरिवारले अनौपचारिक रूपमा गाँउघर तथा आफन्तलाई कर्जा/सापटी प्रदान गरेका छन् । कुल कर्जा/सापटी प्रदान गर्ने घरपरिवार मध्ये ७४.० प्रतिशतले व्याज प्राप्त गर्ने गरी, २०.८ प्रतिशतले व्याज प्राप्त नगर्ने गरी एवम् ५.२ प्रतिशतले कर्जा तथा सापटी (व्याज तिर्नु नपर्ने) दुबैको रूपमा अनौपचारिक रूपमा लगानी गरेका छन् । यसरी अनौपचारिक रूपमा नगद लगानी गर्दा लिने व्याजदर समेत कर्जा लिँदाको जस्तै उच्च रहने गरेको पाइयो । यस्तो कर्जामा घरपरिवारले न्यूनतम १२.० प्रतिशतदेखि अधिकतम ४८.० प्रतिशतसम्म व्याज लिने गरेका छन् ।




१३१. घरपरिवारले कर्जाको रूपमा प्रदान गरेको औसत रकम सापटीको रूपमा प्रदान गरिएको औसत रकमभन्दा उच्च रहेको छ । कर्जा प्रदान गर्ने घरपरिवारको औसत कर्जा लगानी रकम रु. २ लाख ८७ हजार २ सय १३ रहेको छ भने सापटी प्रदान गर्ने घरपरिवारको औसत सापटी रकम रु. १ लाख ८६ हजार २ सय ५० रहेको छ ।

## बचतपत्र, ऋणपत्र तथा पुँजी बजारमा लगानी

१३२. नेपाल सरकारले आर्थिक वर्ष २०६६/६७ देखि वैदेशिक रोजगारीमा जाने घरपरिवारलाई लक्षित गरी वैदेशिक रोजगार बचतपत्र निष्कासनको सुरुआत गरेको पाइन्छ । सरकारी क्षेत्रबाट विभिन्न प्रयासका बाबजुद यस क्षेत्रमा अपेक्षित उपलब्धि भने हासिल गर्न सकिएको छैन । वैदेशिक रोजगारमा गएका ९९.४ प्रतिशत घरपरिवारले वैदेशिक रोजगार बचतपत्रमा लगानी नगरेको उल्लेख गरेका छन् भने ०.६ प्रतिशत घरपरिवारले मात्र यसमा लगानी गरेका छन् । लगानी नगर्नुको प्रमुख कारणहरूमा ७३.६ प्रतिशत घरपरिवारले बचतपत्र सम्बन्धी जानकारी नै नभएको उल्लेख गरेका छन् भने २५.२ प्रतिशतले बचत रकम नभएर/न्यून रहेकोले लगानी गर्न नसकेको उल्लेख गरेका छन् । अन्य कारणले गर्दा लगानी नगर्ने घरपरिवार १.६ प्रतिशत रहेका छन् ।

१३३. वैदेशिक रोजगार बचतपत्रको तुलनामा सेयर/पुँजी बजारमा लगानी गर्नेको संख्या केही उच्च रहेको छ । स्थलगत सर्वेक्षणमा समेटिएका कुल घरपरिवार मध्ये १८.४ प्रतिशतले सेयर बजारमा लगानी गरेको पाइएको छ भने बाँकी ८१.६ प्रतिशतले लगानी नगरेको उल्लेख गरेका छन् । घरपरिवारले पुँजी बजारमा लगानी नगर्नुको प्रमुख कारण पनि यसतर्फ जानकारी नहुनु नै उल्लेख गरेका छन् । खासगरी, सेयरमा लगानी नगर्ने घरपरिवार मध्ये ६०.९ प्रतिशत घरपरिवारले पुँजी बजार सम्बन्धी जानकारी नभएर, ३१.८ प्रतिशतले लगानी गर्ने रकम नभएर, २.३ प्रतिशतले सेयर खरिद/बिक्रीको सुविधा नजिकको स्थानमा नभएर तथा ५.० प्रतिशतले अन्य विविध कारणले गर्दा लगानी नगरेको उल्लेख गरेका छन् ।

**तालिका ३.६: सुरक्षण पत्र तथा पुँजी बजारमा लगानी सम्बन्धी जानकारी**

(प्रतिशत)

| विवरण | वैदेशिक | सरकारी | सेयर/पुँजी | सामुहिक लगानी |
|---|---|---|---|---|
| **लगानी गर्ने घरपरिवार** | ०.६ | ०.६ | १८.४ | ०.० |
| **लगानी नगर्ने घरपरिवार** | ९९.४ | ९९.४ | ८१.६ | १००.० |
| **लगानी नगर्नुका कारणहरू** | | | | |
| लगानी गर्ने बचत रकम | २५.० | २५.० | ३१.८ | २३.४ |
| जानकारी नभएर | ७३.४ | ७४.१ | ६०.९ | ७५.३ |
| खरिद बिक्रीको सुविधा नजिक | ०.३ | ०.३ | २.३ | ०.३ |
| अन्य | १.३ | ०.६ | ५.० | १.० |

१३४. वैदेशिक रोजगार बचतपत्रमा जस्तै कुल घरपरिवार मध्ये अधिकांश अर्थात ९९.४ प्रतिशतले सरकारी ऋणपत्रमा लगानी गरेको पाइएन भने सर्वेक्षणमा छनौट भएका घरपरिवारले सामूहिक लगानी कोषमा लगानी गरेका छैनन् ।

# परिच्छेद ४
# विप्रेषण आय, बचत, लगानी तथा उपयोग प्रवृत्ति

## परिचय

१३५. विप्रेषण आय र यसको बचत तथा लगानीलाई समष्टिगत आर्थिक पक्ष तथा घरपरिवारको विशेषता लगायतका विविध पक्षहरूले असर पार्दछ। स्थलगत सर्वेक्षणमा समेटिएका विप्रेषण प्राप्त गर्ने घरपरिवारको पहिचान, रोजगारीको माध्यम, विप्रेषण आय र सोको खर्च, बचत तथा लगानीको प्रवृत्तिको विश्लेषण अघिल्लो भागमा सम्पन्न गरिएको सन्दर्भमा प्रस्तुत परिच्छेदमा अध्ययन विधिमा उल्लेख गरिए अनुसार Linear तथा Logit Regression को उपयोग गरी घरपरिवारहरूको विप्रेषण आय र यसको खर्च, बचत तथा लगानीलाई प्रभाव पार्ने उपरोक्त कारकहरूको मापन गरिएको छ।

## विप्रेषण आप्रवाह

१३६. अध्ययन विधिमा उल्लेख गरिए अनुसार विगतका अध्ययनहरूले विप्रेषण आप्रवाहलाई घरपरिवारको अवस्थिति, आश्रित परिवार संख्या, कुल परिवार संख्या, घरमुलीको लिङ्ग, शिक्षा, उमेर, रोजगारीमा गएको व्यक्तिको वैवाहिक स्थिति, निजको शिक्षा, तालिम, उमेर र बैंक खाताले प्रभाव पार्ने देखिएको छ (Osili, 2007 and Ilahi and Jafarey, 1999)। यसका साथै विप्रेषण आयलाई विप्रेषण प्राप्त गर्ने घरपरिवारको कर्जा उपभोगको स्थिति र कुल खर्चमा विप्रेषणको अंशले समेत प्रभाव पार्ने देखिन्छ। यस सन्दर्भमा regression model तयार गर्दा, उपरोक्त चरहरूलाई independent variable र विप्रेषण आप्रवाह रकमलाई dependent variable बनाई model estimate गरिएको छ (Box 4.1)।

१३७. उक्त Regression model ले देखाए अनुसार विप्रेषण आयलाई रोजगारीमा जाने व्यक्तिको तालिम तथा शिक्षाको स्तरले सकारात्मक प्रभाव पार्ने देखिएको छ। रोजगारीमा गएको व्यक्तिले औपचारिक शिक्षा हासिल गरेको भएमा विप्रेषण आप्रवाह रकम समेत तुलनात्मक रूपमा बढी हुने र औपचारिक शिक्षा नभएमा विप्रेषण आप्रवाह रकम न्यून रहेको देखिन्छ। शिक्षित व्यक्तिहरू भविष्यप्रति बढी सजग र संवेदनशील हुने तथा गन्तव्य मुलुकमा समेत तुलनात्मक रूपमा राम्रो प्रकृतिको काम तथा तलब पाउने हुँदा त्यस्ता व्यक्तिले विप्रेषण रकम बढी पठाउने गरेको हो।

१३८. त्यसैगरी, वैदेशिक रोजगारीमा गएको व्यक्ति तथा घरमुलीको बैंकिङ्ग बानीले विप्रेषण आप्रवाहमा सकारात्मक प्रभाव पार्ने गरेको पाइएको छ। बैंक खाता खोली वैदेशिक रोजगारीमा गएकाहरूले बैंक खाता नखोली वैदेशिक रोजगारीमा गएका व्यक्तिको तुलनामा बढी रकम घरपरिवारमा पठाउने गरेका छन्। साथै, घरमुलीको बैंक खाता भएमा समेत विप्रेषण आप्रवाहमा सकारात्मक प्रभाव पर्ने गरेको देखिन्छ। त्यसैगरी, वार्षिक विप्रेषण आप्रवाहलाई विप्रेषण प्राप्त गर्ने घरपरिवारको अवस्थितिले समेत प्रभाव पार्ने गरेको छ। सहरी क्षेत्रमा बसोवास गर्ने घरपरिवारको तुलनामा ग्रामीण क्षेत्रमा बसोवास गर्ने घरपरिवारको सदस्यले कम रकम पठाउने गरेका छन्।

१३९. Altruistic Theory का अनुसार विप्रेषण रकमको आप्रवाहमा घरपरिवारको आर्थिक स्थिति, घरपरिवार सदस्य संख्या, ऋणको स्थिति लगायतका कुराहरूले असर पार्दछन् । साथै, तुलनात्मक रूपमा न्यून आर्थिक स्थिति भएका, परिवार सदस्य संख्या धेरै भएका तथा ऋणग्रस्त घरपरिवारबाट वैदेशिक रोजगारमा गएको सदस्यले तुलनात्मक रूपमा उच्च मात्रामा रकम पठाउने गर्दछन् । साथै, रोजगारीमा गएको व्यक्ति विवाहित भएमा घरपरिवार सदस्यप्रति बढी जिम्मेवार रहने हुँदा विप्रेषण रकम बढी आउने गरेको देखिएको छ । तर यस अध्ययनले Altruistic Theory लाई पूर्ण रूपमा स्थापित गर्न सकेको छैन । यस अध्ययनमा परिवारका आश्रित सदस्य (१५ वर्षमुनि तथा ५९ वर्षमाथिको उमेर समूह), घरपरिवार संख्या, रोजगारीमा गएको व्यक्तिको वैवाहिक स्थिति, घरपरिवारको ऋणको स्थिति लगायतका कतिपय चरहरू (Variables) का coefficient हरू insignificant देखिएका छन् भने कतिपयको विप्रेषण आयसँग विपरीत सम्बन्ध देखिएको छ ।

१४०. नेपालको वैदेशिक रोजगारी दीर्घकालीन प्रवृत्तिको नभएर प्रायः २/३ वर्षसम्मको सम्झौतित प्रकारको हुने र रोजगारीमा अशिक्षित व्यक्तिको वाहुल्य रहने भएकाले रोजगारीमा गएको मुलुकमा कामदारको स्थायी बसोवासको सम्भावना तथा वैकल्पिक लगानीप्रति खासै चासो रहँदैन । फलस्वरूप कामदारले बचत रकम सोझै घरपरिवारमा पठाउने कारण नेपालको वैदेशिक रोजगारीको सम्बन्धमा उक्त Altruistic Theory सान्दर्भिक नदेखिएको हुन सक्छ ।

१४१. तर अध्ययनले विगतमा घरपरिवारले घर/जग्गा जस्ता स्थिर सम्पत्ति खरिद गरेको पाइएमा विप्रेषण आप्रवाह समेत उच्च हुने देखाएको छ । साथै, अघिल्लो परिच्छेदमा उल्लेख गरिए अनुसार, घरपरिवारको वार्षिक विप्रेषण आय कम पटक प्राप्त गर्नेले भन्दा बढी पटक प्राप्त गर्नेले बढी रकम पाएको देखिएको छ ।

**Box 4.1: OLS Estimates**

(Dependent variable Remittance inflow)

| Variables | Coefficient |
|---|---|
| **location** | **-0.3339*** (0.0776)** |
| under 15 | -0.1329 (0.1129) |
| above59 | 0.0718 (0.1333) |
| family_total | -0.0612 (0.0983) |
| sex_hhhead | -0.1008 (0.1025) |
| bank_ac | 0.1190 (0.0848) |
| age_hhhead | 0.1846 (0.1478) |
| marital_migrant | 0.0223 (0.1245) |
| edu_migrant | 0.0837 (0.2312) |
| **bank_ac_migrant** | **0.2010** (0.0806)** |
| **training** | **0.2389*** (0.0780)** |
| **times_remit** | **0.4909*** (0.0812)** |
| have_loan | -0.0962 (0.0748) |
| Migration_experi | -0.0501 (00793) |
| **Purchased_land** | **0.2283** (0.0797)** |
| **hhexp_ratio** | **0.2135** (0.1049)** |
| age_migrant | 0.0005 (0.0063) |
| **Edu_hhhead** | **0.1777* (0.1046)** |
| **cons** | **12.2618*** (0.3879)** |
| Adjusted $R^2$ | 0.3594 |

Note : ***, ** and * denote statistical significance at the 0.01, 0.05 and 0.10 level respectively using two- tailed tests. Standard errors are reported in parentheses.

## विप्रेषण आयको बचत तथा लगानी

१४२. अध्ययन विधिमा उल्लेख गरिए अनुसार विगतका अध्ययनहरूले विप्रेषण आयको बचत तथा लगानीलाई प्रभाव पार्ने कारकहरूमा घरपरिवारको अवस्थिति, आश्रित परिवार संख्या, कुल परिवार संख्या, घरमुलीको लिङ्ग, शिक्षा, उमेर तथा बैंक खाता, रोजगारीमा गएको व्यक्तिको वैवाहिक स्थिति, निजको शिक्षा, तालिम, उमेर र बैंक खाता महत्वपूर्ण मानिएको छ । यसको लागि Linear तथा Logit Regression दुबैको प्रयोग गरिएको छ भने लगानी प्रवृत्तिको विश्लेषणमा Logit Regression को मात्र उपयोग गरिएको छ ।

१४३. सामान्यतया: बैक तथा वित्तीय संस्थाहरूमा सहज पहुँच भएमा विप्रेषणबाट प्राप्त रकम मूल रूपमा उत्पादनमूलक क्षेत्रमा लगानी हुने तथा घरपरिवारको दैनिक खर्चमा कम प्रयोग हुने देखिएको छ। यस्ता संस्थाहरूको अभावमा विप्रेषण आय स्थिर सम्पत्ति खरिदमा प्रयोग हुने गर्दछ। यसका अलावा विप्रेषण रकमको उपयोगलाई बैक तथा वित्तीय संस्थाहरूले प्रदान गरेका सेवा तथा सुविधाले समेत प्रभाव पार्ने गर्दछ (Coon, 2014)। प्रस्तुत सन्दर्भमा यस अध्ययनले समेत विप्रेषण आप्रवाहको बचतलाई वैदेशिक रोजगारीमा गएको व्यक्ति तथा घरमुलीको बैंकिङ्ग बानीले सकारात्मक प्रभाव पारेको देखाएको छ (Box 4.2)।

**Box 4.2: OLS and Logistic Estimates**

(Dependent variable Household saving)

| Variables | OLS Estiamte | Logistic Estiamte |
|---|---|---|
| | Coefficient | Odd ratios |
| location | -0.0038** (0.0016) | 1.1935 (.3739) |
| under 15 | -0.0008 (0.0022) | 1.0059 (.1466) |
| family_total | 0.00003 (0.0021) | 1.0901 (.0942) |
| sex_hhhead | 0.0006 (0.0021) | .7864 (.3015) |
| bank_ac | 0.0031* (0.0018) | 3.0066*** (.9671) |
| age_hhhead | -0.0002** (0.0001) | .9858 (.0125) |
| marital_migrant | -0.0022 (0.0003) | 1.2506 (.5543) |
| edu_migrant | 0.0022 (0.0002) | 1.0743 (.4104) |
| bank_ac_migrant | 0.0026* (0.0016) | 1.2332 (.3779) |
| times_remit | 0.0009*** (0.0002) | 1.0983** (.05022) |
| have_loan | -0.0041*** (0.0015) | .13761*** (.0434) |
| Purchased_land | 0.0044*** (0.0015) | 2.3020*** (.7124) |
| hhexp_ratio | 0.0105*** (0.0021) | 2.0352* (.8779) |
| cons | 0.1649*** (0.0074) | - |
| Adusted $R^2$/Pseudo-$R^2$ | 0.3530 | 0.2523 |

Note : ***, ** and * denote statistical significance at the 0.01, 0.05 and 0.10 level respectively using two- tailed tests. Standard errors are reported in parentheses.

१४४. विप्रेषण आयको लगानी र खर्चको बाँडफाँडलाई मूलत: विप्रेषण प्राप्त गर्नु अघिको घरपरिवारको आर्थिक तथा सामाजिक अवस्थाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। विप्रेषण प्राप्त गर्नु अघिको घरपरिवारको आर्थिक अवस्था सबल भएमा स्रोत तथा साधन माथिको पहुँच दरिलो हुने कारण लगानीको आधार तय गर्न सजिलो हुने गर्दछ (Arif, 2009)। साथै, वैदेशिक रोजगारबाट प्राप्त हुने आय बाहेक घरपरिवारको अन्य आयको स्रोत सबल रहेमा विप्रेषणबाट प्राप्त आम्दानी घरपरिवारको दैनिक उपभोग जस्ता क्षेत्रहरूमा खासै खर्च नहुने हुँदा विप्रेषण आयको बचत तथा परिवारको आम्दानीको अन्य स्रोतबीच सकारात्मक सम्बन्ध रहन्छ (Zhu et.al, 2010)।

१४५. यस अध्ययनले उक्त दुबै तथ्यहरूलाई स्थापित गरेको छ। विप्रेषण बाहेक घरपरिवारको अन्य आम्दानीको स्रोत सबल भएमा अर्थात रोजगारीमा जानु पूर्व नै रोजगारीमा गएको व्यक्तिको आर्थिक स्थिति राम्रो भएका घरपरिवारले तुलनात्मक रूपमा बढी बचत तथा लगानी गर्ने देखिएको छ।

१४६. विभिन्न अध्ययनहरूका अनुसार ग्रामीण क्षेत्रमा बसोवास भई रोजगारीमा गएको व्यक्तिले सहरी क्षेत्रमा बसोवास भई रोजगारीमा गएको व्यक्तिको तुलनामा कम बचत गर्ने देखिएको छ। सहरी क्षेत्रमा अवस्थित वैदेशिक रोजगारीमा गएको व्यक्तिको घरपरिवारले लगानीका अवसरहरू बढी प्राप्त गर्ने तथा त्यस्ता घरपरिवारका सदस्य तुलनात्मक रूपमा बढी शिक्षित हुने सम्भावना रहेका कारण विप्रेषणबाट प्राप्त आम्दानी बढी मात्रामा लगानी हुने अनुमान गरिएको हो (Arif, 2009)। तर नेपालको सन्दर्भमा उक्त तथ्य स्थापित हुन सकेको छैन (Box 4.2)।

**Box 4.3: Logistic Model Estimates**
(Dependent variable household investment)

| Variables | Odd Ratios |
|---|---|
| location | 1.8181 (0.5205) |
| under 15 | .6214 (0.6970) |
| **family_total** | **1.6292 * (0.6639)** |
| sex_hhhead | .9416 (0.6546) |
| bank_ac | 1.2778 (0.5033) |
| age_hh_head | .9866 (0.0269) |
| **marital_migrant** | **1.4889** (1.1621)** |
| edu_migrant | 1.5945 (0.6288) |
| bank_ac_migrant | .9761 (0.4865) |
| training | .9431 (0.4881) |
| **times_remit** | **1.0447** (0.0645)** |
| **have_loan** | **2.3490** (0.5305)** |
| **hhexp_ratio** | **3.7724** (0.7444)** |
| Edu_hh_head | .9365 (0.5932) |
| Pseudo $R^2$ | 0.1716 |

Note : ***, ** and * denote statistical significance at the 0.01, 0.05 and 0.10 level respectively using two-tailed tests. Standard errors are reported in parentheses.

१४७. यस अध्ययनमा वैदेशिक रोजगारमा जाने व्यक्तिको घरपरिवारको ऋणको स्तर र विप्रेषण आयको बचतमा विपरीत सम्बन्ध देखिएको छ । त्यसैगरी, विगतमा घर जग्गा खरिद गर्ने घरपरिवारको विप्रेषण आय र बचतको सकारात्मक सम्बन्ध देखिएको छ । यस बाहेक विप्रेषण आय प्राप्त गर्ने पटक (frequency) र घरपरिवारको बचतसँग सकारात्मक सम्बन्ध देखिएको छ । अर्थात, कम पटक रकम पठाउनेले भन्दा बढी पटक रकम पठाउनेको बचत उच्च हुने देखिएको छ ।

१४८. घरमुली महिला भएमा, रोजगारीमा गएको व्यक्ति विवाहित भएमा, बालबालिकाको संख्या घेरै भएमा तथा परिवार संख्या ठूलो भएका परिवारले घरायसी खर्च बढी गर्ने कारण विप्रेषण आयको सानो हिस्सा मात्र बचत हुने गरेको छ । उक्त चरहरूको coefficients को चिह्न अपेक्षा गरे अनुरूप नै रहे तापनि coefficients insignificant रहेका छन् ।

१४९. लगानीको सन्दर्भमा घरपरिवारको अवस्थिति, रोजगारीमा गएको व्यक्तिको वैवाहिक स्थिति, घरपरिवार संख्या, वर्तमानमा घरपरिवारको ऋण भएको वा नभएको, वार्षिक विप्रेषण आप्रवाह रकम तथा विप्रेषण बाहेक परिवारको आम्दानीको अन्य स्रोतको सबलताले घरपरिवारको लगानी स्थितिलाई प्रभाव पार्ने गरेको देखिएको छ ।

१५०. सामान्यत: सहरी क्षेत्रका व्यक्तिहरू तुलनात्मक रूपमा सचेत हुने, गन्तव्य मुलुकमा रोजगारीको राम्रो अवसर एवम् आकर्षक तलब पाउने सम्भावना बढी हुने कारण बचत धेरै हुने तथा सहरी क्षेत्रमा लगानीका अवसरहरू समेत उच्च हुने हुँदा साना प्रकृतिका व्यावसायिक लगानी गर्न उत्सुक नभएको देखिएको छ ।

## विप्रेषण आयको खर्च

१५१. घरपरिवारले विप्रेषणबाट प्राप्त रकमलाई कुन-कुन प्रयोजनमा कसरी खर्च गर्छ भन्ने सन्दर्भमा विभिन्न अध्ययनहरूले फरक-फरक निष्कर्ष निकालेका छन् । विप्रेषण आयले घरपरिवारको आम्दानी बढ्न जाने हुँदा उक्त परिवारको खर्च प्रवृत्तिले Engle's Law अवलम्बन गर्ने गरेको पाइन्छ । अर्थात, विप्रेषण प्राप्त गर्ने घरपरिवारले अन्य घरपरिवारको तुलनामा आफ्नो आम्दानीको सानो हिस्सा दैनिक उपभोगमा खर्च गर्ने तथा तुलनात्मक रूपमा ठूलो हिस्सा Consumer Durables को उपभोगमा खर्च गर्ने गर्दछन् (Castalado et.al, 2007) । त्यसैगरी, विप्रेषण आप्रवाहको उपयोग प्रवृत्तिलाई रोजगारीमा गएको व्यक्तिको जीवनचक्रको चरण (Life-cycle stages) ले समेत प्रभाव पारेको हुन्छ । घरपरिवारमा साना बालबालिका भएको व्यक्ति रोजगारीमा गएमा विप्रेषण आयसँगै उपभोग पनि वृद्धि हुने गर्दछ (Arif, 2009)। त्यसैगरी, विप्रेषण प्राप्त गर्ने घरपरिवारले अन्य घरपरिवारको तुलनामा बालबालिकाको शिक्षामा

बढी खर्च गर्ने तथा सरकारी विद्यालयको तुलना निजी विद्यालयमा पढाउने गरे तापनि विद्यालय भर्ना दरमा भने विप्रेषण आम्दानीको प्रभाव देखिने गरेको छैन (Median and Cardona, 2010)।

१५२. यस अध्ययनमा विप्रेषण आयको उपयोग प्रयोजनको विश्लेषणमा दैनिक उपभोग, शिक्षा, व्यापारिक लगानी, स्थिर सम्पत्तिको खरिद, ऋण तिर्न तथा सामाजिक कार्यमा गरेको खर्चलाई Dependent Variables तथा वार्षिक विप्रेषण आप्रवाह रकम, घरपरिवार, घरमुली तथा रोजगारीमा गएको व्यक्तिको शिक्षा तथा उमेरलाई Independent Variables को रूपमा लिएर प्रत्येक Independent Variable को estimate गरिएको छ (Box 4.4)। उक्त estimate मा वार्षिक विप्रेषण आप्रवाह रकम र उपरोक्त सम्पूर्ण चरहरूका बीच सकारात्मक सम्बन्ध रहेको पाइएको छ। अर्थात, वार्षिक विप्रेषण आप्रवाह वृद्धि हुँदा घरपरिवारले उक्त शीर्षकहरूमा गर्ने खर्च रकम समेत वृद्धि गर्ने तथा आम्दानीमा ह्रास आएमा खर्च समेत कटौती गर्ने देखिएको छ। तसर्थ, यस अध्ययनले घरपरिवारको खर्चका सम्बन्धमा निकालेका निष्कर्षले Engle's Law अवलम्बन गरेको पाइएको छ।

१५३. त्यसैगरी, विप्रेषण वाहेकको आम्दानीका अन्य स्रोत सबल भएका घरपरिवारले विप्रेषणबाट प्राप्त गर्ने रकम न्यून भएका घरपरिवारको तुलनामा सानो अंश मात्र दैनिक उपभोगमा खर्च गर्ने गरेको देखिन्छ भने ती घरपरिवारले विप्रेषण आप्रवाह रकमको वृद्धिसँगै स्थिर सम्पत्तिको खरिद तथा सामाजिक कार्यमा खर्च बढाउने गरेको देखिएको छ।

१५४. त्यसैगरी, घरमुलीको उमेर तथा दैनिक उपभोगमा हुने विप्रेषण आम्दानीको अंशबीच सकारात्मक सम्बन्ध रहेको पाइएको छ। रोजगारीमा गएको व्यक्तिको शिक्षाको स्तर तुलनात्मक रूपमा बढी भएमा विप्रेषणबाट प्राप्त हुने रकमको खर्च दैनिक उपभोगको क्षेत्रमा कम हुने तथा कम शिक्षित भएमा यस क्षेत्रमा बढी खर्च हुने गरेको पाइएको छ। यस वाहेक, वैदेशिक रोजगारीमा गएपश्चात घर-जग्गा खरिद गर्ने घरपरिवारले अन्य घरपरिवारको तुलनामा विप्रेषण आयको सानो अंश मात्र उक्त शीर्षकमा खर्च गर्ने यस अध्ययनमा देखिएको छ।

**Box 4.4: OLS Estimates (Dependent variable household's Expenditure)**

| Variables | lndaily_con | lnedu_exp | lnbusi_inv | lnhh_ass | lnpay_loan | lnsocial_Work |
|---|---|---|---|---|---|---|
| lnamt | **0.00522*** ** | **0.00873*** ** | **0.00805*** | **0.01052*** ** | **0.01121*** ** | **0.00725*** ** |
| | **0.00059** | **0.00091** | **0.00324** | **0.0033** | **0.00093** | **0.00212** |
| location | -0.00116 | 0.0004 | **-0.01233** ** | -0.00171 | -0.00115 | 0.00236 |
| | 0.00079 | 0.00124 | **0.00481** | 0.00418 | **0.00132** | 0.00246 |
| under 15 | 0.00035 | -0.00164 | **-0.00753** ** | -0.00723 | **0.00397** ** | -0.00298 |
| | 0.00106 | 0.00173 | **0.00539** | 0.00514 | 0.0019 | 0.0036 |
| above59 | -0.00049 | 0.00137 | 0.00196 | -0.00323 | 0.00144 | 0.00263 |
| | 0.00099 | 0.00156 | 0.00878 | 0.00632 | 0.0016 | 0.00355 |
| eduhhhead | 0.00004 | 0.00124 | 0.00761 | 0.00056 | 0.0005 | -0.00038 |
| | 0.00078 | 0.00118 | 0.1039 | 0.00348 | 0.00126 | 0.00274 |
| bank_ac | -0.00037 | 0.00057 | **-0.01473** ** | 0.00021 | -0.00158 | 0.00037 |
| | 0.00081 | 0.00124 | **0.000391** | 0.00392 | 0.00128 | 0.00289 |
| age_hhhead | **0.00007** ** | -0.00003 | -0.00001 | 0.00014 | -0.00001 | 0.00002 |
| | **0.00003** | 0.00005 | 0.00036 | 0.00018 | **0.00005** | 0.00011 |
| marital_migrant | -0.00167 | 0.00078 | -0.00785 | 0.00863 | **-0.00296*** | 0.00057 |
| | 0.00102 | 0.00177 | 0.00683 | 0.00574 | 0.00172 | 0.00405 |
| edu_migrant | **-0.00169*** | 0.00074 | 0.00273 | 0.00593 | -0.0013 | 0.00237 |
| | **0.00102** | 0.00144 | 0.01193 | 0.00486 | 0.00163 | 0.00346 |
| bank_ac_migrant | 0.00026 | 0.00134 | -0.00058 | -0.00535 | -0.00185 | 0.00201 |
| | 0.00078 | 0.00123 | 0.00368 | 0.0032 | 0.00131 | 0.00248 |
| Purchased_land | **0.00145*** | -0.00076 | **0.00966*** | **0.01081*** ** | -0.00165 | -0.00175 |
| | **0.00076** | 0.00116 | **0.0044** | **0.00316** | 0.00137 | 0.00286 |
| hhexp_ratio | **-0.00949*** ** | 0.00175 | 0.00937 | **0.00968** ** | 0.00269 | 0.00216 |
| | **0.00119** | 0.0016 | 0.00881 | **0.00468** | **0.00175** | 0.00375 |
| Constant | **0.09588*** ** | **0.03655*** ** | 0.06078 | **0.00076** ** | **0.02207*** | **0.05238*** |
| | **0.00119** | **0.0016** | 0.03944 | **0.04628** | **0.0192** | **0.02852** |
| Adjusted R2 | 0.4564 | 0.3977 | 0.8001 | 0.5992 | 0.5338 | 0.1413 |

Note : ***, ** and * denote statistical significance at the 0.01, 0.05 and 0.10 level respectively using two- tailed tests. Standard errors are reported in parentheses.

# परिच्छेद ५

# सारांश तथा सुझाव

## सारांश

१५५. सन् १९८० को दशकदेखि आर्थिक उदारीकरण तथा विश्वव्यापीकरणको प्रभावले गर्दा विकासोन्मुख मुलुकहरूबाट विकसित मुलुकहरूमा रोजगारीको लागि जाने श्रमशक्तिमा उच्च वृद्धि हुदै गएकोले ती मुलुकहरूमा विप्रेषण आप्रवाह पनि उल्लेख्य वृद्धि हुँदै गएको देखिन्छ । नेपालमा विगत दुई दशकयता वैदेशिक रोजगारीको सिलसिलामा खासगरी मलेसिया र खाडी मुलुकहरूमा जाने क्रम तीब्र रहेको छ । फलस्वरूप: वैदेशिक रोजगारीमा गएका कामदारहरूले पठाउने विप्रेषण आयमा सोही अनुसार वृद्धि भई हाल विप्रेषण रकम घरपरिवारको आम्दानीको एक प्रमुख स्रोतको रूपमा स्थापित भएको छ ।

१५६. अन्तर्राष्ट्रिय विप्रेषण आप्रवाहमा भएको वृद्धिसँगै समग्र अर्थतन्त्र तथा घरपरिवारमा यसको महत्वका सन्दर्भमा विभिन्न प्रकारका बहस हुने गरेको छ । कतिपय साना तथा विकासोन्मुख मुलुकहरूमा विप्रेषण अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको मानिएको छ भने घरपरिवार तहमा विप्रेषण आय दैनिक उपभोग लगायका सम्पूर्ण खर्च धान्ने भरपर्दो माध्यमको रूपमा विकसित हुँदै गएको छ । विभिन्न अध्ययनहरूले विप्रेषण आयलाई रोजगारीको समस्या समाधान तथा वैदेशिक मुद्रा आर्जनको महत्वपूर्ण माध्यमको रूपमा लिई यसका सकारात्मक पक्षहरूमा जोड दिएका छन् भने कतिपय अध्ययनहरूमा विप्रेषण आयको ठूलो अंश दैनिक उपभोग तथा अनुत्पादक क्षेत्रमा खर्च हुने हुँदा यसले अर्थतन्त्र आयातमुखी बनाउने विश्लेषण हुने गरेको छ ।

१५७. विप्रेषण आयले अर्थतन्त्रमा पार्ने असर यसको उपयोग प्रवृत्तिमा निर्भर रहेको हुन्छ । विप्रेषण आय उपभोगमा खर्च हुने तर आन्तरिक उत्पादन नबढ्ने अवस्थामा आयात बढ्न गई व्यापार घाटामा चाप पर्न जान्छ भने यस्तो आय लगानीमा परिणत हुँदा उत्पादन र रोजगारीमा सकारात्मक असर परेको हुन्छ । नेपालमा कुल गार्हस्थ्य उत्पादनमा विप्रेषण आयको अनुपात उच्च रहेको परिवेशमा यो अध्ययन विप्रेषण प्राप्त गर्ने घरपरिवारको समग्र आय र व्यय संरचनाको विश्लेषण गर्दै विप्रेषण आयको उपयोग, खासगरी उपभोग तथा बचतलाई प्रभाव पार्ने कारकहरूको पहिचान तथा विश्लेषणमा केन्द्रित रहेको छ । यो अध्ययन नेपालका विभिन्न १६ जिल्लाहरूका विप्रेषण प्राप्त गर्ने ३२० घरपरिवारको स्थलगत सर्वेक्षणमा आधारित रहेको छ । संख्यात्मक विश्लेषण र विवरणात्मक समीक्षा दुबै विधिहरूको उपयोग गरी अध्ययन सम्पन्न गरिएको छ । अध्ययनका प्रमुख निचोड देहाय बमोजिम रहेका छन् ।

- स्थलगत सर्वेक्षणमा समेटिएका कुल ३२० घरपरिवार मध्ये ४९.७ प्रतिशत घरपरिवारमा महिला घरमुली रहेका छन् । पुरुष घरमुली वैदैशिक रोजगारमा रहेको कारण महिला घरमुलीको संख्या उच्च रहेको हो ।

- कुल घरपरिवार मध्ये ८६.२ प्रतिशत घरपरिवारमा कम्तीमा पनि परिवारको एक सदस्य अध्ययनरत रहेको देखिन्छ भने अध्ययनरत मध्ये ५८.९ प्रतिशत निजी स्कुल तथा कलेजमा अध्ययन गर्ने गरेको पाइएको छ । रोजगारमा गएका मध्ये ५३.१ प्रतिशतले एस.एल.सी. वा सोभन्दा माथिल्लो तहको शिक्षा हासिल गरेको देखिएको छ भने एस.एल.सी. भन्दा कम र साधारण लेखपढ गर्न जान्ने ४४.१ प्रतिशत तथा लेखपढ गर्न नसक्ने २.८ प्रतिशत रहेका छन् ।

- कुल घरपरिवार मध्ये ३८.४ प्रतिशतले वैदेशिक रोजगारबाट प्राप्त आयलाई परिवारको आम्दानीको मुख्य स्रोतको रूपमा उल्लेख गरेका छन् ।

- विप्रेषण प्राप्त गर्ने घरपरिवार मध्ये ६४.१ प्रतिशत घरमुलीको बैंक खाता रहेको छ। जसमा सहरोन्मुख क्षेत्रमा बसोवास गर्ने मध्ये ७२.१ प्रतिशत र ग्रामीण क्षेत्रमा बसोवास गर्ने मध्ये ५८.२ प्रतिशत घरमुलीको बैंक खाता रहेको देखिएको छ। निरक्षर घरमुली मध्ये ४०.३ प्रतिशतको मात्र बैंक खाता रहेको छ भने शिक्षित घरमुलीमा उक्त संख्या ६९.८ प्रतिशत रहेको छ।

- वैदेशिक रोजगारमा गएका कुल कामदार मध्ये ३७.२ प्रतिशतले मात्र रोजगारीमा जानुअघि सो सम्बन्धी तालिम लिने गरेको देखिएको छ । देशगत रूपमा हेर्दा, कोरिया, इजरायल लगायतका मुलुकमा जाने मध्ये ५०.० प्रतिशतले, खाडी मुलुकहरू जाने मध्ये ३९.० प्रतिशतले, मलेसिया एवम् अफगानिस्तान तथा अन्य मुलुक जाने मध्ये करिव ३३.० प्रतिशतले तथा भारत जाने मध्ये ७.१ प्रतिशतले मात्र रोजगारीमा जानुअघि तालिम लिएको देखिएको छ । रोजगारीमा जाने कतिपय व्यक्तिहरूले उच्च शिक्षा हासिल गरेको देखिए तापनि व्यावसायिक सीप तथा तालिमको कमीले वैदेशिक रोजगारीमा अदक्ष कामदारको बाहुल्य देखिएको छ ।

- वैदेशिक रोजगारीमा गएका मध्ये ७३.१ प्रतिशत मेनपावर कम्पनीको माध्यमबाट, १६.६ प्रतिशत आफन्त तथा साथीभाईको माध्यमबाट एवम् १०.३ प्रतिशत अन्य माध्यमबाट रोजगारीमा गएको देखिन्छ। मेनपावरका माध्यमबाट जाने मध्ये १७.६ प्रतिशतले सम्झौता अनुरूप काम/तलब तथा अन्य सुविधा नपाएको देखिएको छ ।

- सरकारले देशगत रूपमा वैदेशिक रोजगारीमा जानको लागि लाग्ने खर्च निर्धारण गरेको भए तापनि मेनपावर कम्पनीले तोकिएको दरभन्दा करिव दुई गुणा बढी असुल्ने गरेको देखिन्छ। मलेसिया जानको लागि प्रति कामदार औसत रु १ लाख ४६ हजार खर्च लाग्ने देखिएको छ भने खाडी मुलुकतर्फ जान रु. १ लाख १६ हजार तथा कोरियाको लागि रु. १ लाख ४४ हजार खर्च लाग्ने गरेको देखिन्छ । रोजगारीमा जाँदा लाग्ने खर्च र रोजगारीबाट प्राप्त हुने पहिलो वर्षको आम्दानीको अनुपात हेर्दा भारत जाने कामदारको सबैभन्दा कम अर्थात ३९.० प्रतिशत र विकसित राष्ट्र जानेको सबैभन्दा बढी अर्थात १००.० प्रतिशतसम्म देखिएको छ ।

- स्थलगत सर्वेक्षणमा समेटिएका कुल घरपरिवार मध्ये आधाभन्दा बढी अर्थात् ५२.१ प्रतिशत घरपरिवार वैदेशिक रोजगारीमा जाँदा लाग्ने खर्च अनौपचारिक स्रोत जस्तै साहुमहाजन/व्यापारी आदिमा भर पर्ने गरेका छन्। बैंक तथा वित्तीय संस्थाबाट वैदेशिक रोजगारमा जानको लागि कर्जा उपयोग गर्नेको अंश ६.३ प्रतिशत रहेको छ। अनौपचारिक स्रोतबाट कर्जा उपभोग गर्दा घरपरिवारले न्यूनतम १२.० प्रतिशत देखि अधिकतम ६०.० प्रतिशतसम्म व्याज तिर्ने गरेको पाइएको छ।

- वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूबाट सम्बन्धित घरपरिवारले वार्षिक औसत ६.२ पटक विप्रेषण आय प्राप्त गर्ने देखिएको छ । यस मध्ये ९०.९ प्रतिशत घरपरिवारले विप्रेषण आय औपचारिक माध्यम र ५.९ प्रतिशतले हुन्डी मार्फत पाएको देखिएको छ । मलेसिया तथा खाडी राष्ट्रबाट कामदारहरूले मूलतः औपचारिक माध्यमबाट रकम पठाउने गरेको पाइए तापनि कोरियाबाट पठाउने मध्ये ७०.० प्रतिशतले हुन्डी प्रयोग गरेको देखिएको छ। विप्रेषण आयको स्थानान्तरण माध्यमको चयनमा अधिकांशले रकम पठाउने र पाउनेको सहजता र छिटो माध्यममा जोड दिएका छन्।

- स्थलगत सर्वेक्षणमा समेटिएका कुल घरपरिवार मध्ये ८०.८ प्रतिशतले विप्रेषण बाहेक परिवारको आयको अन्य स्रोतहरूबाट घर खर्च धान्न नपुग्ने उल्लेख गरेका छन् । त्यसैगरी, १८.८ प्रतिशत घरपरिवारले आफ्नो दैनिक उपभोगदेखि अन्य सम्पूर्ण खर्चको लागि पूर्ण रूपमा विप्रेषण आयमा भर पर्ने उल्लेख गरेका छन्। यसरी घरपरिवारले दैनिक उपभोग लगायतका घर खर्चको लागि समेत विप्रेषण आयमा निर्भर रहनु पर्ने कारण बचत तथा लगानी कम हुन गएको हो।

- घरपरिवारले विगत एक वर्षमा प्राप्त विप्रेषण आय मध्ये औषत २५.३ प्रतिशत ऋण तिर्न, २३.९ प्रतिशत दैनिक उपभोगका क्षेत्रहरूमा, ९.७ प्रतिशत शिक्षा तथा स्वास्थ्यमा, ३.५ प्रतिशत सामाजिक कार्यमा, ३.० प्रतिशत घरायसी सम्पत्तिको खरिदमा तथा ५.५ प्रतिशत अन्य प्रयोजनको लागि खर्च गर्ने गरेको देखिएको छ । यस बाहेक विप्रेषण रकमको २८.० प्रतिशत बचत र १.१ प्रतिशत मात्र उत्पादनमूलक क्षेत्रमा लगानी हुने गरेको देखिएको छ ।

- कुल घरपरिवार मध्ये ६६.६ प्रतिशतले सामान्यतः बचत गर्ने गरेको उल्लेख गरेका छन् भने ३३.४ प्रतिशत घरपरिवारले प्राप्त गर्ने सम्पूर्ण रकम उपभोग तथा ऋण तिर्नको लागि प्रयोग गर्ने गरेका छन् । बचत गर्ने घरपरिवार मध्ये ६४.५ प्रतिशतले आफूसँग भएको बचत रकम बैंक तथा वित्तीय संस्थामा राख्ने गरेका छन् । बचत गर्ने कुल घरपरिवारको बचत प्रयोजनमा ४८.८ प्रतिशतको मुख्य उद्देश्य घरजग्गा खरिद, ३६.६ प्रतिशतको घर मर्मत, ३४.३ प्रतिशतको बालबालिकाको शिक्षा तथा स्वास्थ्य रहेको छ । त्यसैगरी, दैनिक उपभोगको लागि १२.२ प्रतिशतले, सामाजिक कार्यको लागि १०.३ प्रतिशतले तथा ऋण लगानी गर्नको लागि १५.० प्रतिशतले तथा व्यापार/व्यावसाय सञ्चालन गर्ने उद्देश्यले ८.४ प्रतिशतले बचत गरेको उल्लेख गरेका छन् ।

- आगामी दिनमा व्यावसायिक क्षेत्रमा लगानी गर्ने योजना भएका घरपरिवार मध्ये ४१.२ प्रतिशतले व्यावसायिक कृषि तथा पशुपालन व्यवसाय, १३.७ प्रतिशतले यातायात क्षेत्रमा, ११.८ प्रतिशतले होटल व्यावसायमा, ९.८ प्रतिशतले धान कुट्ने तथा तेल पिस्ने मीलमा तथा १३.७ प्रतिशतले ढाकाको तान, टेलरिङ, कपाल काट्ने तथा व्युटीपार्लर लगायतका क्षेत्रहरूमा लगानी गर्ने उल्लेख गरेका छन् । घरपरिवारले लगानीका लागि उक्त क्षेत्र छान्नुको कारणहरूमा आफूसँग भएको ज्ञान तथा सीप, परिवारका सदस्यहरूको संलग्नता एवम् उच्च प्रतिफलको अपेक्षालाई मुख्य प्राथमिकता दिएका छन् ।

- स्थलगत सर्वेक्षणमा समेटिएका कुल घरपरिवार मध्ये ५२.८ प्रतिशतले कर्जा उपयोग गरेका छन् जस मध्ये ३७.३ प्रतिशतले मात्र बैंक तथा वित्तीय संस्थाबाट कर्जा उपयोग गरेको पाइएको छ । कर्जा उपयोग गर्ने कुल घरपरिवार मध्ये ३२.५ प्रतिशतले घर बनाउन/खरिद गर्न, २०.५ प्रतिशतले पुरानो ऋण तिर्न, १८.७ प्रतिशतले वैदेशिक रोजगारमा जान, ७.८ प्रतिशतले जग्गा खरिद गर्न कर्जा लिएको पाइएको छ । यस बाहेक ६.६ प्रतिशत घरपरिवारले व्यावसायिक कृषि तथा पशुपालनजस्ता क्षेत्रमा लगानी गर्न कर्जा उपभोग गरेका छन् ।

- वैदेशिक रोजगारमा गएका घरपरिवार मध्ये एक प्रतिशतभन्दा कम घरपरिवारले मात्र वैदेशिक रोजगार बचतपत्र तथा सरकारी ऋणपत्रमा लगानी गरेको देखिएको छ । खासगरी, यसबारे जानकारी नभएकै कारण यस्तो बचतपत्रमा लगानी हुन नसकेको देखिएको छ ।

- तथ्याङ्कीय विश्लेषण अनुसार, वार्षिक विप्रेषण आप्रवाहमा रोजगारीमा गएको व्यक्तिको शिक्षाको स्तर, तालिम, वैदेशिक रोजगारीमा गएको व्यक्ति र घरमुलीको बैंकिङ्ग बानीले प्रभाव पार्ने देखिएको छ । साथै, घरपरिवारको अवस्थितिले समेत विप्रेषण आयमा प्रभाव पार्ने देखिएको छ । सहरी क्षेत्रमा बसोवास गर्ने घरपरिवारको तुलनामा ग्रामीण क्षेत्रमा बसोवास गर्ने घरपरिवारको सदस्यले कम रकम पठाउने प्रवृत्ति देखिएको छ ।

- त्यसैगरी, विगतमा घरपरिवारले घर/जग्गा जस्ता स्थिर सम्पत्ति खरिद गरेको भएमा विप्रेषण आयको आप्रवाह उच्च हुने देखिएको छ । घरपरिवारले वार्षिक रूपमा प्राप्त गर्ने विप्रेषण रकम र विप्रेषण प्राप्त गर्ने आवृत्ति (Frequency) को समेत धनात्मक सम्बन्ध देखिएको छ । जस अनुसार

घरपरिवारले वर्षमा जति धेरै पटक विप्रेषण प्राप्त गर्दछन् त्यति नै बढी रकम प्राप्त गर्ने सम्भावना देखिएको छ ।

- विप्रेषण रकमको आप्रवाहले घरपरिवारको आम्दानी बढ्न जाने हुँदा घरपरिवारको खर्च प्रवृत्तिले Engle's Law अनुसरण गर्ने गरेको पाइएको छ । विप्रेषण आय बढी प्राप्त गर्ने घरपरिवारले दैनिक उपभोग, शिक्षा, व्यापारिक लगानी, स्थिर सम्पतिको खरिद तथा सामाजिक कार्य जस्ता क्षेत्रमा बढी खर्च गर्ने गरेको पाइएको छ । त्यसैगरी, विप्रेषण आयको अतिरिक्त आम्दानीका अन्य स्रोत सबल भएका घरपरिवारले विप्रेषण बाट प्राप्त आयबाट उपभोगमा तुलनात्मक रूपमा कम खर्च हुने देखिएको छ । साथै, रोजगारीमा गएको व्यक्तिको शिक्षाको स्तर तुलनात्मक रूपमा बढी भएमा विप्रेषणबाट प्राप्त हुने रकम दैनिक उपभोगको क्षेत्रमा कम खर्च हुने तथा कम शिक्षित भएमा यस क्षेत्रमा बढी खर्च हुने प्रवृत्ति देखिएको छ ।

- विप्रेषण आयको बचतलाई वैदेशिक रोजगारीमा गएको व्यक्ति तथा घरमुलीको बैंकिङ्ग बानीले प्रभाव पारेको पाइएको छ । बैंक खाता खोली वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूले खाता नभएका व्यक्तिको तुलनामा बढी रकम बचत गर्ने देखिएको छ । साथै, घरमुलीको बैंक खाता भए पनि यस्ता परिवारले बढी रकम बचत गर्ने देखिएको छ ।

- लगानीको सन्दर्भमा घरपरिवारको बसाइ अवस्थिति, रोजगारीमा गएको व्यक्तिको वैवाहिक स्थिति, घरपरिवार संख्या, वर्तमानमा घरपरिवारको ऋण भएको वा नभएको, वार्षिक विप्रेषण आप्रवाहको आवृत्ति (Frequency) तथा विप्रेषण बाहेक परिवारको आम्दानीको अन्य स्रोतको सबलताले घरपरिवारको लगानी स्थितिलाई प्रभाव पार्ने गरेको देखिएको छ । रोजगारीमा गएको व्यक्ति विवाहित भएमा, वार्षिक विप्रेषण आप्रवाह धेरै पटक भएमा तथा विप्रेषण बाहेक परिवारको आम्दानीको अन्य स्रोत सबल भएमा विप्रेषणबाट प्राप्त रकमको लगानी हुने सम्भावना धेरै हुने गरेको देखिएको छ ।

## सुझावहरू

- ***वैदेशिक रोजगारीमा जानेको लागि वित्तीय प्याकेजको व्यवस्था:*** नेपाल राष्ट्र बैंकले विगत देखिनै बैंक तथा वित्तीय संस्थाहरू मार्फत वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई कर्जा प्रदान गर्न कदम चालेको भएतापनि बैंक तथा वित्तीय संस्थाको उक्त क्षेत्रमा कर्जा अपेक्षित रूपमा प्रभावकारी नहुनु वा सरोकारवालाहरूको वित्तीय सेवाहरू माथि आवश्यक पहुँच नहुनु लगायतका कारण घरपरिवारले रोजगारीमा जान लाग्ने खर्चका लागि अनौपचारिक स्रोतमा भर पर्नु पर्ने अवस्था देखिएको छ । यसर्थ, रोजगारीमा जाने व्यक्तिहरूलाई लक्षित गरी विभिन्न वित्तीय प्याकेजका कार्यक्रमहरू ल्याउनु पर्ने देखिन्छ । त्यस्ता प्याकेज कार्यक्रमहरूलाई बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून भएका ग्रामीण क्षेत्रहरूमा लघुवित्त विकास बैंकको माध्यमबाट प्रदान गर्नु पर्ने देखिन्छ ।

- ***औपचारिक वित्तीय प्रणालीबाट विप्रेषण भित्र्याउन थप सुविधाको व्यवस्था:*** औपचारिक स्रोतबाट विप्रेषणलाई भित्र्याउने रणनीति अवलम्बन गर्न बैंक तथा वित्तीय संस्थाहरूले थप वित्तीय औजारको प्रयोग गर्न आवश्यक देखिएको छ । खासगरी, रोजगारीमा गएका व्यक्तिले बैंक खाताको माध्यमबाट एक निश्चित अवधिसम्म पैसा पठाएमा रोजगारीबाट फर्के पछि स्वदेशमानै व्यवसाय गर्न चाहेमा सहज रूपमा कर्जा प्रदान गर्ने व्यवस्था गर्नु पर्ने देखिन्छ । यस्तो परियोजनाको जानकारी रोजगारीमा जानु अघि प्रदान गरिने तालिममा उजागर गर्नु आवश्यक छ । यसले विप्रेषण आयलाई औपचारिक माध्यमबाट भित्र्याउन सहज बनाउनुको साथै हुण्डी लगाायतका अनौपचारिक माध्यमको उपयोगमा ह्रास आउने र रोजगारबाट फर्केका युवा जनशक्ति स्वदेशमानै स्वरोजगार हुन अवसर प्राप्त हुने देखिन्छ ।

- ***वैदेशिक रोजगारीमा रहेका घरपरिवारका सदस्यहरूलाई सीपमूलक तालिमको व्यवस्था:*** विप्रेषण आय प्राप्त गर्ने घरपरिवारको बचत तथा लगानी गर्ने क्षमता अभिवृद्धि गर्न तथा घरपरिवारको आम्दानीका अन्य स्रोतहरू सबल बनाउन रोजगारीमा गएका घरपरिवारका सदस्यहरूलाई व्यावसायिक कृषि तथा पशुपालन लगायत घरेलु उद्यम तथा सेवा व्यवसाय जस्ता व्यावसायिक क्षेत्रहरूमा लगानी गर्न उत्प्रेरित गर्नु पर्ने देखिएको छ ।

- ***लक्षित रोजगारीमा अनिवार्य तालिमको व्यवस्था:*** वैदेशिक रोजगारीमा जानुअघि अनिवार्य रूपमा व्यावसायिक सीप तथा तालिम प्रदान गर्ने अल्पकालीन तथा दीर्घकालीन रणनीति अवलम्बन गर्नु पर्ने आवश्यकता देखिएको छ । तालिम प्राप्त कामदारले बढी कमाउने सन्दर्भमा रोजगारमा जानुअघि अभिमुखीकरण तालिमको अतिरिक्त कम्तिमा १५ दिनको व्यावसायिक सीप तथा तालिम दिने व्यवस्था गर्नु आवश्यक छ । यसका अतिरिक्त गन्तव्य मुलुकको सम्भावित आवश्यकतालाई समेत मध्यनजर राखी सो अनुरूपको जनशक्ति तयार पार्ने नीति अवलम्वन हुन सकेमा वैदेशिक रोजगारीबाट मुलुक बढी लाभान्वित हुने देखिन्छ । यसका लागि गन्तव्य मुलुकहरूसँग समेत सहकार्य गरी आवश्यक कदम चाल्नु पर्ने देखिन्छ ।

- ***व्यवस्थित घर-जग्गा कारोबार:*** विप्रेषण प्राप्त गर्ने घरपरिवारले बचत रकमलाई मूल रूपमा घर-जग्गा जस्ता अनुत्पादनक क्षेत्रहरूमा Speculative लगानी गर्ने प्रवृत्ति बढ्दै गएको सन्दर्भमा यस्तो लगानी निरुत्साहित गर्न तथा घर-जग्गा कारोबारलाई व्यवस्थित गर्न भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

- ***परियोजनामा आधारित वैदेशिक रोजगार बचतपत्रको प्रभावकारी कार्यान्वयन:*** आर्थिक वर्ष २०७२/७३ को बजेट मार्फत परियोजनामा आधारित वैदेशिक रोजगार बचतपत्रको निष्कासन सुरुआत गर्ने सकारात्मक कदम अघि बढाइए तापनि सोको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । तसर्थ, आगामी दिनमा यस्तो बचतपत्रमा आर्कषण बढाउन परियोजनाको प्रभावकारिता तथा प्रचार प्रसार अभिवृद्धि गर्नु आवश्यक छ । साथै, यसरी निर्माण सम्पन्न हुने परियोजनाहरूमा रोजगारीमा गएका व्यक्तिहरूको अपनत्व तथा भूमिका सुनिश्चित गर्न सकेमा यसतर्फ आकर्षण बढ्ने देखिन्छ ।

- ***बिप्रेषण आयको उत्पादनमूलक तथा दीगो परिचालन:*** ठूला तथा मध्यम पूर्वाधार एवम् उर्जा सम्बन्धी परियोजनाहरु पब्लिक कम्पनी अवधारणामा स्थापना गर्न अनुकूल संस्थागत एवम् संरचनागत व्यवस्था गर्दै त्यस्ता परियोजनाहरु सञ्चालन गर्न स्रोत परिचालन गर्ने क्रममा ऋणपत्र निष्काशन गर्ने, ऋणपत्रहरुको निश्चित अंश वैदेशिक रोजगारमा गएका कामदारहरुलाई उपलव्ध गराउने र यस्ता परियोजनाहरु सञ्चालनमा आए पश्चात उक्त ऋणपत्रलाई पूँजी (Equity) मा परिणत गर्न सकिने व्यवस्था हुन वाञ्छनीय देखिन्छ । यसबाट बिप्रेषण आयको उत्पादनमूलक उपयोग हुनुका साथै वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको दीर्घकालीन आयको स्रोत सुनिश्चित हुनेछ ।

- ***रेमिट्यान्स कम्पनीहरूलाई बचत उपकरण परिचालन गर्न क्रियाशील बनाउने:*** नेपालमा विप्रेषण रकम मूल रूपमा रेमिट्यान्स कम्पनीका माध्यमबाट भित्रिने गरेकाले ती कम्पनीहरूको माध्यमबाट समेत वैदेशिक रोजगार बचतपत्रको लगानीका बारेमा जानकारी प्रवाह गर्नु पर्ने देखिन्छ । रोजगारीमा जाने व्यक्तिलाई श्रम विभाग, वैदेशिक रोजगार कम्पनी र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित श्रम डेस्क मार्फत वैदेशिक रोजगार बचतपत्र, यसको कार्य विधि तथा लगानी बापत प्राप्त हुने व्याजदर वा अन्य फाइदाका सम्बन्धमा ब्रोसर वा पुस्तिकाका माध्यमबाट जानकारी गराई प्रचार प्रसार गर्नु पर्ने देखिएको छ ।

- ***वैदेशिक रोजगार बचतपत्रको प्रचार-प्रसार:*** सरकारले निष्कासन गरेको वैदेशिक रोजगार बचतपत्र यथोचित प्रचार-प्रसारको अभावमा अपेक्षानुरूप प्रभावकारी हुन नसकेको सन्दर्भमा रोजगारीमा जानु अघि नै यसका बारेमा प्रचार प्रसार गरी पूर्ण रूपमा जानकारी गराउने व्यवस्था हुनु आवश्यक छ ।

- ***मेनपावर कम्पनीहरूको प्रभावकारी अनुगमन:*** वैदेशिक रोजगार विभागले रोजगारीमा जाँदा लाग्ने अधिकतम खर्च निर्धारण गर्ने गरेको भएतापनि प्रभावकारी कार्यान्वयनको अभावमा मेनपावर कम्पनीहरूले रोजगारीमा जाने व्यक्तिहरूबाट ठूलो रकम असुल्ने प्रवृत्ति देखिएकोले यसको प्रभावकारी कार्यान्वयन हुनु आवश्यक देखिएको छ । हाल नेपाल सरकारले कतिपय देशहरूको लागि फ्रि-भिसा लागू गर्ने तर्फ कदम चालिसकेको सर्न्दभमा रोजगारीमा जाँदा लाग्ने खर्च न्यून हुने देखिए तापनि विगतमा झैं मेनपावर कम्पनीहरूले विभिन्न शिर्षकमा शुल्क असुल्ने गरेको तर्फ सजग हुनु आवश्यक छ ।

- ***दक्ष जनशक्तिको व्यवस्थापन:*** पछिल्ला वर्षहरूमा उच्च शिक्षा हासिल गरेका तथा व्यावसायिक सीप एवम् तालिम लिएका व्यक्तिहरू समेत वैदेशिक रोजगारीमा जाने प्रवृत्तिको विकास हुँदै गएकोले प्रति व्यक्ति विप्रेषण आप्रवाह रकममा समेत उल्लेख्य वृद्धि भएको पाइन्छ । तर, ठूलो संख्यामा दक्ष जनशक्ति विदेशिने प्रवृत्ति तथा विप्रेषण आप्रवाहसँगै घरपरिवारले काम भन्दा फुर्सदलाई छान्ने (More leisure than work) कारण श्रमिक निर्यात गर्ने देशको आर्थिक वृद्धिमा नकारात्मक प्रभाव पर्ने तथ्यलाई मनन गरी वैदेशिक रोजगारीमा रहेको घरपरिवारका सदस्यहरूलाई आय आर्जनका गतिविधिमा संलग्न गराउने तथा विदेशमा सिकेको सीप तथा हासिल गरेको दक्षतालाई स्वदेशमा नै उपयोग गर्ने नीति अवलम्बन गर्नु आवश्यक छ ।

- ***कुटनीतिक क्षमता अभिवृद्धि:*** वैदेशिक रोजगारमा जाने मुलुकहरूमा कुटनीतिक नियोगहरूको उपस्थिति प्रभावकारी बनाउन आवश्यक छ । यथाशीघ्र राहदानी नवीकरण, श्रमिकहरूको गुनासो सुनुवाई एवम् त्यहाँका सरकारी नियोगहरू र रोजगारदाताहरूसँग प्रभावकारी समन्वयात्मक भूमिका निर्वाह गर्न त्यस्ता कुटनीतिक नियोगहरूलाई साधन स्रोत सम्पन्न बनाउन आवश्यक छ ।

## सन्दर्भसूची


Acharya, C.P. and Leon-Gonzalez, R. (2012). "The Impact of Remittance on Poverty and Inequality: A Micro-Simulation Study for Nepal". *National Graduate Institute for Policy Studies (GRIPS) Discussion Paper*: 11-26.

Adams R. Jr. & Page J. (2005)."Do International Migration and Remittances Reduce Poverty in Developing Countries?". *World Development*, Vol. 33, No.10, pp. 1645-1669.

Arif, G.M. (2009). "Economic and Social Impacts of Remittances on Households: The Case of Pakistani Migrants Working in Saudi Arabia”. *International Organization for Migration*, Geneva, Switzerland.

Castalado, A. and Reilly, B. (2007). "Do Migration Affects the Consumption Patterns of Albanian Housholds". *South-Eastern Europe Journal of Economics* 1, pp. 25-54.

Central Bureau of Statistics (2008). "Nepal Labor Force Survey (2008)". CBS, Nepal.

Central Bureau of Statistics (2011). "Nepal Living Standard Survey 2010/11". CBS, Nepal.

Central Bureau of Statistics (2016). "National Accounts of Nepal 2015/16". CBS, Nepal.

Chami, R. (2008). Barajas, A., Cosimano, T., Fullenkamp, C., Gapen, M. and Montiel, P. "Macroeconomic Consequences of Remittances". Occasional Paper 259, International Monetary Fund, Washington, DC.

Coon, M. (2014). "Financial Development and the End-use of Migrants' Remittances". *IZA Journal of Labor & Development 2014*, 3:7.

De Haas, H. (2007). “Remittances, Migration and Social Development: A Conceptual Review of the Literature”. *Programme on Social Policy and Development*, Paper No. 34. UNRISD, Geneva.

Department of Foreign Employment (2014). "Annual Progess Report". Ministry of Labor and Employment, Nepal

Department of Labor (2007). "Foreign Employment Act 2007". Ministry of Labor and Employment, Nepal.

Department of Labor (2008). "Foreign Employment Rules 2008". Ministry of Labor and Employment, Nepal.

Department of Labor. *Yearly Reports (Various).* Ministry of Labor and Employment, Nepal.

Dorantes, C.A. and Pozo, S. (2014). "Remittance Income Uncertainty and Asset Accumulation". *IZA Journal of Labor & Development*, 3:3

Ilahi, N. and Jafarey, S. (1999) “Guestworker Migration, Remittances and the Extended Family: Evidence from Pakistan”. *Journal of Development Economics, 2,* pp. 485-512.

International Organization for Migration (2010) "A Study on Remittances and Investment Opportunities for Egyptian Migrants". IOM, Cairo, Egypt.

Julca, A. (2012). "Can Remittances Support Development Finance in Developing Countries?" World Economic and Social Survey 2012.

Ketker, S. and Ratha, D. (2009). "Innovative Fianance for Development". World Bank, Washington DC.

Kurosaki, T. 2006. "Consumption Vulnerability to Risk in Rural Pakistan". *Journal of Development Studies*. Vol. 42, No. 1, pp. 70–89.

León-Ledesma, M. and Piracha, M. (2004). "International Migration and the Role of Remittances in Eastern Europe". *International Migration*, 42: 65–83. doi:10.1111/j.0020-7985.2004.00295.x

Lueth, E. and Marta R. (2008). "Determinants of Bilateral Remittance Flows". *The B.E Journal of Macroeconomics* 8 (1), Article 26.

Medina.C. and Cardona.L, (2010). "The Effects of Remittances on Household Consumption, Education Attendance and Living Standards: the Case of Colombia". Lecturas de Economía. 72 (Enero-junio 2010), pp. 11-43.

Ministry of Finance (2071). "Economic Survey 2071". Ministry of Finance, Nepal.

Ministry of Finance (2072). "Economic Survey 2072". Ministry of Finance, Nepal.

Mohapatra, S., Joseph G. and Ratha D. (2009). "Remittances and Natural Disasters: Ex-post Response and Contribution to Ex-ante Preparedness". *Policy Research Working Paper Series* 4972, The World Bank.

National Planning Comission. Periodic Plans (Various). National Planning Comission, Nepal.

Nepal Rastra Bank (2007). "Remittances from India". Nepal Rastra Bank, Nepal.

Nepal Rastra Bank. "Remittance Bylaw (2010)". Nepal Rastra Bank, Nepal.

Nepal Rastra Bank, (2012). "Impact Evaluation of Remittances: A Case Study of Dhanusha District". Nepal Rastra Bank, Nepal.

Nepal Rastra Bank. Monetary Policy (Various Fiscal Years). Nepal Rastra Bank, Nepal.

Osili, U.O. (2007). "Remittances and Savings from International Migration: Theory and Evidence Using a Matched Sample". *Journal of Development Economics 83*, pp.446–465.

Raihan, M., Khondker, B., Sugiyarto, G. and Jha, S. (2009). "Remittances and Household Welfare: A case study of Bangladesh". *Working Paper series* No. 189.

Ratha, R. and Mohapatra, S. (2011), "Preliminary Estimates of Diaspora Savings". World Bank, Washington DC.

Roache, Shaun K., and Ewa G. (2007). "Do Remittances to Latin America Depend on the U.S. Business Cycle?" *Working Paper* 07/273, International Monetary Fund, Washington, DC.

Sayan, S. (2006). "Business Cycles and Workers' Remittances: How Do Migrant Workers Respond to Cyclical Movements of GDP at Home?" *Working Paper* 06/52, International Monetary Fund, Washington, DC.

Shrestha, M. B. (2015). "Bittiya Samabeshikaran ra Arthik Sambriddhi". *Nepal Rastra Bank Samachar*, Nepali Version.

Taylor, J. Edward. (1999). "The New Economics of Labour Migration and the Role of Remittances in the Migration Process". *International Migration*, Vol. 37, No. 1, pp. 63–88.

Todaro, M. P. (1976). "Urban Job Expansion, Induced Migration and Rising Unemployment: A formulation and Simplified Empirical Test for LDCs". *Journal of Development Economics, 3*, pp. 211-225.

World Bank (2014). *"*Migration and Remittances Fact Book 2013*"*. World Bank, Washington DC.

World Bank, (2008). "The Impact of Remittances on Rural Poverty and Inequality in China". *Policy Research Working Paper*.

Yang, D. and HwaJung C. (2007). "Are Remittances Insurance? Evidence from Rainfall Shocks in the Philippines". *The World Bank Economic Review* 21 (2): 219–48.

Yu Zhu, Zhongmin Wu, Meiyan Wang, Yang Du, Fang Cai, (2010). "Do Migrants Really Save More? Understanding the Impact of Remittances on Savings in Rural China". *Department of Economics Discussion Papers,* University of Kent.

नेपाल राष्ट्र बैंक, (२०६२), "वैदेशिक रोजगार, रेमिटेन्स अर्थतन्त्र र नेपाल", अनुसन्धान विभागले गरेका अध्ययनहरूको सँगालो ।

# अनुसूचीहरु

## अनुसूची १ः कर्जाको स्रोत अनुसार कर्जाको प्रयोजन (प्रतिशतमा)

| कर्जाको प्रयोजन | कर्जाको स्रोत | | | | | |
|---|---|---|---|---|---|---|
| | आफन्त | साथीभाई | बचत समूह | बैंक तथा वित्तीय संस्था | साहूमहाजन तथा व्यापारी | अन्य |
| घर बनाउन तथा खरिद | ४७.१ | २८.६ | ६.७ | ४३.६ | १९.६ | २२.२ |
| विदेश जान | ८.८ | ४२.९ | ०.० | १८.२ | २६.१ | ३३.३ |
| सामाजिक कार्य | ८.८ | १४.३ | ६.७ | ३.६ | १०.९ | ०.० |
| पुरानो ऋण तिर्न र घरायसी खर्च | २३.५ | १४.३ | ५३.३ | ७.३ | २८.३ | ११.१ |
| जग्गा खरिद | ८.८ | ०.० | ६.७ | १०.९ | ४.४ | ११.१ |
| व्यपार | ०.० | ०.० | ६.७ | १०.९ | ४.४ | ११.१ |
| व्यवसाय सञ्चालन | २.९ | ०.० | २०.० | ५.५ | ६.५ | ११.१ |
| **जम्मा** | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० |

## अनुसूची २ः वार्षिक औसत विप्रेषण रकम तथा तालिम एवम् शिक्षा

| विवरण | नमुना संख्या | घरपरिवारले प्राप्त गरेको वार्षिक औसत विप्रेषण रकम (रु.मा) | न्यूनतम | अधिकतम |
|---|---|---|---|---|
| समग्र | ३२० | ५३१७३७.५ | ३६००० | ३००००० |
| तालिम लिएर गएका | ११९ | ६१२४२८.६ | ९०००० | २४००००० |
| तालिम नलिई गएका | २०१ | ४८३९६५.२ | ३६००० | ३०००००० |
| लेखपढ गर्न नजान्ने | ९ | २०६००० | ११६००० | ३००००० |
| साधारण लेखपढ | ४७ | ३२०४०४.३ | ८०००० | ८००००० |
| एस.एल.सी. भन्दा कम | ९४ | ४३०७०२.१ | ५०००० | २७६०००० |
| एस.एल.सी.भन्दा बढी | १७० | ६६३२७६.५ | ३६००० | ३०००००० |
| अशिक्षित तथा तालिम प्राप्त गर्ने | ० | | | |
| अशिक्षित तथा तालिम प्राप्त नगर्ने | ९ | २०६००० | ११६००० | ३००००० |
| साधारण लेखपढ तथा तालिम प्राप्त | १३ | ४०७३०७.७ | १६२००० | ६८०००० |
| साधारण लेखपढ तथा तालिम प्राप्त नगर्ने | ३४ | २८७१७६.५ | ८०००० | ८००००० |
| एस.एल.सी. भन्दा कम तथा तालिम प्राप्त | २९ | ४६५६२०.७ | १५०००० | १९५०००० |
| एस.एल.सी. भन्दा कम तथा तालिम प्राप्त नगर्ने | ६५ | ४१५१२३.१ | ५०००० | २७६०००० |
| एस.एल.सी भन्दा बढी तथा तालिम प्राप्त | ७७ | ७०२३५०.६ | ९०००० | २४००००० |
| एस.एल.सी. भन्दा बढी तथा तालिम प्राप्त नगर्ने | ९३ | ६३०९२४.७ | ३६००० | ३०००००० |

## अनुसूची ३: नेपाल सरकारबाट संस्थागत रूपमा वैदेशिक रोजगारका लागि खुल्ला गरिएका देशहरू

| S.N. | Country | S.N | Country | S.N. | Country |
|---|---|---|---|---|---|
| 1 | Afghanistan | 38 | Guyana | 75 | Nigeria |
| 2 | Albania | 39 | Holy See | 76 | Norway |
| 3 | Algeria | 40 | Hongkong | 77 | Oman |
| 4 | Argentina | 41 | Hungary | 78 | Pakistan |
| 5 | Armenia | 42 | Iceland | 79 | Panama |
| 6 | Australia | 43 | Indonesia | 80 | Peru |
| 7 | Austria | 44 | Iran | 81 | Poland |
| 8 | Azerbaijan | 45 | Iraq* | 82 | Portugal |
| 9 | Bahrain | 46 | Ireland | 83 | Qatar |
| 10 | Bangladesh | 47 | Israel | 84 | Republic of Korea |
| 11 | Belarus | 48 | Italy | 85 | Republic of Slovak |
| 12 | Belgium | 49 | Japan | 86 | Romania |
| 13 | Bolivia | 50 | Jordan | 87 | Russia |
| 14 | Bosnia Herz | 51 | Kazakastan | 88 | Spain |
| 15 | Brazil | 52 | Kenya | 89 | Saudi Arabia |
| 16 | Brunei | 53 | Kosovo | 90 | Singapore |
| 17 | Bulgaria | 54 | Kuwait | 91 | Slovenia |
| 18 | Canada | 55 | Laos PDR | 92 | South Africa |
| 19 | Chile | 56 | Latvia | 93 | Spain |
| 20 | China | 57 | Lebanon | 94 | Sri Lanka |
| 21 | Colombia | 58 | Libya* | 95 | Sweden |
| 22 | Combodia | 59 | Luxemburg | 96 | Switzerland |
| 23 | Congo | 60 | Macau | 97 | Sychelese |
| 24 | Costa Rica | 61 | Malaysia | 98 | Tanzania |
| 25 | Croatia | 62 | Maldives | 99 | Thailand |
| 26 | Cuba | 63 | Malta | 100 | Philippines |
| 27 | Cyprus | 64 | Mecedonia | 101 | Tunisia |
| 28 | Czech Republic | 65 | Mexico | 102 | Turkey |
| 29 | Denmark | 66 | Moldova | 103 | Uganda |
| 30 | Egypt | 67 | Mongolia | 104 | Ukraine |
| 31 | Estonia | 68 | Mauritius | 105 | UAE |
| 32 | Fiji | 69 | Morocco | 106 | USA |
| 33 | Finland | 70 | Mozambique | 107 | Uzbekistan |
| 34 | France | 71 | Myanmar | 108 | Venezuela |
| 35 | Germany | 72 | Netherlands | 109 | Vietnam |
| 36 | Great Britain | 73 | New Zealand | 110 | Zambia |
| 37 | Greece | 74 | Nicaragua | | |

*स्रोत : वैदेशिक रोजगार विभाग, वार्षिक प्रतिवेदन २०७०/७१*

* हाल रोक्का गरिएको

## अनुसूची ४: रोजगारीमा जांदा लाग्ने अधिकतम खर्च तथा पाउनु पर्ने न्यूनतम पारिश्रमिक

| क.स. | देश | अधिकतम लागत | न्यूनतम पारिश्रमिक |
|---|---|---|---|
| १. | मलेसिया | रु. ८०,००० | ५४६ RM |
| २. | खाडी मुलुक | रु. ७०,००० | ६००+२०० कतार |
| | | | ८००+२०० साउदी अरब |
| | | | ६० KDN कुबेत |
| ३. | कोरिया (इपिएस) | यु.एस. डलर ९७०.२० | |
| ४. | इजरायल (प्लेन भाडावाहेक) | | |
| | कृषि क्षेत्र | यु.एस. डलर ९१५ | |
| | केयर गिभर | रु. ७५,००० | |

*स्रोत : वैदेशिक रोजगार विभाग, वार्षिक प्रतिवेदन २०७०/७१*